सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ भदौ २०८२, शुक्रबार (29 Aug 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १३८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पार्टी सदस्यतामै बन्देज लगाइएकी विद्यासँग ओली किन 'त्रसित' ?



काठमाडौंबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरूलाई बुधबार बालुवाटारमा बोलाएर प्रधानमन्त्री ओलीले भनेका थिए-

"उहाँ (भण्डारी)ले पार्टीमा आएर अध्यक्ष उठ्दा जित्नुहुन्न । नेतृत्व लिने कुरा कसैको आँखामा नबिझने लालगेडी हुनु होइन, क्षमता चाहिन्छ । परिस्थितिअनुसार डटेर सामना गर्नुपर्ने हुन्छ । उहाँ पार्टीमा आएर अध्यक्ष उठेमा हार्नुहुन्छ । हारेपछि पार्टीको विरोधमा लाग्नुहुन्छ । त्यसपछि पार्टी भीम रावललाई भ्रैं स्पष्टीकरण र कारबाहीमा जानुपर्ने हुन्छ । त्यस खालको अपमानजनक अवस्थामा जानुभन्दा त उहाँलाई अहिले नै सम्मानजनक हैसियत छ ।

● बालुवाटारमा सहभागी काठमाडौं एमालेका अध्यक्ष दीपक निरौलाले ओलीको सम्बोधनलाई ४८ बुँदाको नोट बनाएर फेसबुकमा सार्वजनिक गरे । ओलीको सचिवालयले भिडियोको सानो अंशसहित त्यसको खण्डन गऱ्यो । त्यसमाथि निरौलाको प्रतिक्रिया छ-



"सचिवालय (प्रधानमन्त्री)का तर्फबाट भिडियो किन सार्वजनिक गरियो ? दुई घण्टाको भिडियोमा त्यति मात्रै भिडियो किन र के उद्देश्यले सार्वजनिक गरियो ? त्यसमा भएका सन्देश सबैले हेरेर, सुनेर बुझ्न सक्छन् । त्यसैले मैले थप प्रतिक्रिया जनाइरहन आवश्यक छैन जस्तो लाग्छ ।



● राजनीतिशास्त्रका प्राध्यापक कृष्ण पोखरेल भन्छन्-

केपी ओली कहीं न कहीं भयको मनोविज्ञानले त्रसित हुनुहुन्छ भन्ने देखिन्छ

"वक्तव्य हेर्दा केपी ओली कहीं न कहीं भयको मनोविज्ञानले त्रसित हुनुहुन्छ भन्ने देखाउँछ । असन्तोष र विद्रोहको ज्वालालाई अहिल्यै दमन गरिहालौं भन्ने सोचबाट पनि ग्रसित देखिएको हो कि भन्ने लाग्छ । हिजो केन्द्रीय कमिटीबाट सदस्य रोकेपछि सकिन्छ कि भन्नेथ्यो, त्यो स्थिति देखिएन । विधान महाधिवेशनमा छलफल हुने स्थिति बन्दै छ । अहिले उहाँले विद्याबाहेक उहाँलाई समर्थन गर्ने नेता-कार्यकर्तालाई कारबाही गर्ने सन्देश दिएर तर्साउन खोजे पनि विधान महाधिवेशन प्रतिनिधिमाथ्र त्यो नै ब्याक फायर नहोला भन्न सकिन्न ।

शुरोजंग पाण्डे / नयाँ पत्रिका

विधान महाधिवेशनको मिति नजिकिँदै गर्दा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी ओली इतरसमूहप्रति आक्रामक बन्न थालेका छन् । पूर्वाष्ट्रपति विद्या भण्डारीलाई त 'अनुभवहीन' र 'लालगेडी'जस्ता शब्दले होच्याउने मात्रै होइन, 'भीम रावल' बनाउने चेतावनी नै दिएका छन् । सदस्यता नवीकरणमै बन्देज लगाइएकी भण्डारीमाथि यसरी खनिनु ओली त्रसित मनोविज्ञानमा रहेको बुझ्निे विश्लेषकको टिप्पणी छ ।

● ओलीबारे भीम रावलको टिप्पणी

सत्तास्वार्थका लागि जस्तोसुकै मित्रलाई पनि छुरी चलाउँछन् भन्ने यथार्थ छर्लंगै भो

२० देखि २२ भदौका लागि एमालेको विधान महाधिवेशन तय छ । बुधबार राति मात्रै प्रधानमन्त्री ओलीले काठमाडौंबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरूलाई बालुवाटार बोलाएर पार्टीको आन्तरिक राजनीति र पूर्वाष्ट्रपति भण्डारीप्रति आफूले लिएको नीति प्रस्ट् याउँदै ११औं महाधिवेशनमा आफूलाई अध्यक्षमा समर्थन गर्नुपर्ने कारणबारे चर्चा गरेका थिए । त्यही क्रममा उनले पूर्वाष्ट्रपति भण्डारी पछि नहटे उनलाई पूर्वउपाध्यक्ष भीम रावललाई जस्तै कारबाही गरेर पार्टीबाट निकाल्नुपर्ने दिन आउन सक्ने चेतावनी दिएका थिए ।

तर, भण्डारीलाई दिइएको चेतावनीप्रति असहमति राख्दै काठमाडौं एमालेका अध्यक्ष दीपक निरौलाले ओलीको सम्बोधन नोट सामाजिक सञ्जालमार्फत सार्वजनिक गरे । ४८ बुँदे उक्त नोटमा ओलीले भण्डारीलाई मात्रै होइन, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई पनि चेतावनीपूर्ण भाषामा

» पृष्ठ २ मा क्रमशः

मुद्दा, कसुर र आकर्षित कानुन एउटै राज्यको व्यवहार अनुहार हेरेर फरक

■ एउटै कसुर : पाँडे हिरासतमा, महर घरमा

सामाजिक सञ्जालमार्फत चरित्रहत्या भएको भन्दै केन्द्रीय साइबर ब्युरोमा पीडित महिलाको जाहेरी

ऐन महर
(एमाले नेता)



पीडित महिला गत १२ असारमा जाहेरी लिएर साइबर ब्युरो पुगिन् । तर, ब्युरोले जाहेरी नै लिएन । पटक-पटक धाउँदा पनि दर्ता नगरेपछि हुलाकमार्फत पठाइन् । ३ भदौमा बल्ल दर्ता भयो ।



■ उजुरी आएको कार्यालय एउटै, हाकिम पनि उही

डा. अर्निको पाँडे
(रास्वपा नेता)



पीडित महिला जाहेरी लिएर ७ भदौमा साइबर ब्युरोको कार्यालय पुगेकी थिइन् । उनको जाहेरीलाई प्रक्रियामा लैजान भने ब्युरोले कुनै आनाकानी गरेन । तत्कालै दर्ता गऱ्यो ।

महरविरुद्ध पक्राउ अनुमति माग्न ब्युरोले ९ भदौमा फाइल काठमाडौं जिल्ला अदालत पुऱ्यायो । सोही दिन पक्राउ पुर्जी जारी भयो ।	पाँडेविरुद्ध पनि पक्राउ अनुमति माग्न ब्युरोले ९ भदौमै फाइल काठमाडौं जिल्ला अदालत पुऱ्यायो । सोही दिन पक्राउ पुर्जी जारी भयो ।
ब्युरोले सम्मानका साथ महरलाई फोन गरेरै पक्राउ पुर्जी जारी भएको र कार्यालयमा उपस्थित हुन आग्रह गऱ्यो । दुई दिनपछि ११ भदौमा श्रीमतीसहित उनी ब्युरोको कार्यालय पुगे ।	ब्युरोले पाँडेलाई पक्राउ गर्न टोली परिचालन गऱ्यो । १०/११ प्रहरी उनको घरै पुगे । तर, त्यतिखेर उनी घरमा थिएनन्, सूचना पाएपछि पाँडे आफैं ११ भदौमा ब्युरोको कार्यालय पुगेर बयान दिए ।
महरदम्पतीसँग ब्युरोले तत्कालै बयान लियो, किनभने उनलाई सरकारी वकिल कार्यालयमार्फत हाजिरी जमानीमा छाड्ने योजना थियो ।	पाँडेको भने बयान लिन प्रहरीले कुनै हतारो गरेन । किनभने उनलाई हिरासतमै राख्ने 'नियत' थियो । त्यो रात हिरासतमै राखियो ।
प्रहरीले बुधबार बयान लिएलगत्तै महरलाई जिल्ला सरकारी वकिलको कार्यालयमा लग्यो । सरकारी वकिलले उनलाई हाजिरी जमानीमा छाड्ने निर्णय गरिदिए । साँझ ६ बजेतिर महरदम्पती स-सम्मान घर फर्किए ।	प्रहरीले बिहीबार पनि ४ बजेतिर मात्रै पाँडेलाई सरकारी वकिल कार्यालयमा लग्यो । सरकारी वकिलले जिल्ला अदालत उपस्थित गराएर म्याद थपको अनुमति माग्यो । चार दिन म्याद थपेपछि पाँडेलाई हिरासतमै पठाइयो ।

■ **दुवैलाई आकर्षित हुने कानुन** : विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७

टेकराज थामी / नयाँ पत्रिका

जाहेरीको प्रकृति एउटै छ, कसुर र आकर्षित हुने कानुन पनि समान छन् । तर, एमाले केन्द्रीय सदस्य ऐन महर र रास्वपा केन्द्रीय सदस्य डा. अर्निको पाँडेमाथि राज्यले फरक व्यवहार देखाएको छ । बुधबार एकै दिन प्रहरीमा पुगेका उनीहरूमध्ये महर केही घण्टामै हाजिरी जमानीमा छुटेका छन् भने पाँडेलाई हिरासतमा पठाएर चार दिनको म्यादसमेत थपिएको छ । यो घटनाले अख्तियारप्राप्त निकायहरू सत्ताबाट दुरुपयोग भएको थप पुष्टि गरेको छ ।

एमाले नेता महर र रास्वपा नेता पाँडे दुवैविरुद्ध सामाजिक सञ्जालमार्फत चरित्रहत्या तथा गालीगलौज गरेको जाहेरी परेको थियो । समान कसुर भएकाले साइबर ब्युरोले दुवैविरुद्ध विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ अन्तर्गत कारबाही अघि बढाएको थियो । दुवैविरुद्ध ९ भदौमा पक्राउ पुर्जी जारी भएको थियो । तर, बुधबार एकै दिन प्रहरीमा पुगेका उनीहरूमध्ये महरलाई केही घण्टामै हाजिरी जमानीमा साधारण तारेखमा छुटाइयो भने पाँडेलाई हिरासतमा पठाएर चार दिनको म्यादसमेत थपिएको हो ।

यस्तो किन गरियो ? समान कसुरमा व्यक्तिअनुसार फरक निर्णय दिने काठमाडौं सरकारी वकिल कार्यालयका प्रवक्ता गोकुलबहादुर निरौला नै स्पष्ट जवाफ दिन सक्दैनन् । उनले भने, 'महर र पाँडेविरुद्धको कसुर एउटै प्रकृतिको देखिन्छ । महर बुधबार नै हिरासतमुक्त भएका छन् भने पाँडेविरुद्ध अदालतले चार दिनको म्याद थपेको छ । कानुनी प्रक्रियाअन्तर्गत नै यी काम भएका हुन् । पाँडेविरुद्धको अभियोगपत्र सम्भवतः भोलि नै अदालतमा पेस हुन्छ र सोही दिन धरौटीमा छुट्न सक्नुहुन्छ ।'

सरकारी वकिलको कार्यालयले महरलाई हाजिरी जमानीमा र पाँडेलाई हिरासतमा पठाउने निर्णय गरेर पक्षपात गऱ्यो । अनुसन्धान गर्ने प्रहरी त

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



NIMB AUTO LOAN @6.29% p.a.

■ प्रधानमन्त्री ओलीको बेइजिङ भ्रमण विवादमा

नेपालको प्रमुख दातृ देश जापानविरुद्ध चिनियाँ विजयोत्सवमा नजान सुझाव

(विस्तृत पृष्ठ ३)

संघीय निजामती ऐनमा राष्ट्रिय सभाबाट अपेक्षा

अग्रलेख

विष्णुहरि मरासिनी



कर्मचारीको समस्याबारे प्रतिनिधित्व गर्ने आधिकारिक ट्रेड युनियनबाहेक दलैपिच्छेका अन्य ट्रेड युनियनको कुनै आवश्यकता छैन

(पृष्ठ ४)

मोबाइल बैंकिङबाट वर्षमै ५० खर्बमाथिको कारोबार

(विस्तृत पृष्ठ ६)

नदीमा डुबेर दाजुभाइसहित चार किशोरको मृत्यु

धनगढी / कैलालीको गोदावरी नगरपालिका- ९, सेहरीस्थित खुटिया नदीमा बिहीबार नुहाउने क्रममा डुबेर दाजुभाइसहित चार किशोरको मृत्यु भएको छ । झोलंगे पुलमुनि नुहाउने क्रममा डुबेर धनगढी उपमहानगरपालिका- ४, उत्तरबेहडीका १७ वर्षीय जाबेज भण्डारी र जेब भण्डारी, धनगढी- ५, तारानगरका १७ वर्षीय सक्षम

» पृष्ठ २ मा क्रमशः

कच्ची सडकबाट जिप खस्दा डडेल्धुराका एउटै वडाका पाँचको मृत्यु

(समाचार पृष्ठ २)

Nepal's Largest Trade Show focused on
Electrical & Electronics,
Power & Lighting,
Energy and Allied Industries.

4th NEPAL ELECTRIC, POWER AND LIGHTS INTERNATIONAL EXPO 2025

3rd Edition Nepal Consumer Electronics & Home Appliances expo

२०८२,भदौ १३ देखी १५ गते सम्म
29 30 31 AUGUST 2025
BHRIKUTI MANDAP, KATHMANDU

समय: बिहान १० बजे देखी बेलुकी ६ बजे सम्म

VISIT TODAY
नि:शुल्क प्रवेश

Supported By
नेपाल विद्युत प्राधिकरण NEPAL ELECTRICITY AUTHORITY
नेपाल सौर्य विद्युत उत्पादक संघ Solar Electric Manufacturers Association Nepal

Jointly Organized By
media space | Futurex

किसानलाई बाँड्नुपर्ने अनुदानको मल व्यापारीको गोदाममा, दुई सय बोरा जफत

कोक, डिउलगायतका पेयपदार्थ र अन्य उपभोग्य वस्तुले छोपेर लुकाइएको अवस्थामा फेला, गोदाम सिल



● **गीता खड्का**
उपमेयर, कटारी नगरपालिका

यसअघि व्यापारीले धेरै महँगोमा मल बिक्री गरेको थाहा पाएपछि हामीले त्यसो नगर्न सुझाव दिएका थियौं । अहिले त निजी गोदाममा मल फेला पऱ्यो । मल कहाँबाट आयो ? कसरी निजी पसलको गोदाममा पुग्यो खुल्न सकेको छैन । तर, सरकारी अनुदानको मल रहेको पाइएको छ । शुक्रबार छानबिन समिति बनाएर अनुसन्धान गर्छौं ।

उदयपुरमा **विदुर कटुवाल**

किसानलाई बाँड्नुपर्ने अनुदानको रासायनिक युरिया मलमा कालोबजारी भइरहेको पाइएको छ । सरकारी कम्पनी कृषि सामग्री केन्द्र र साल्ट ट्रेडिङले सरकारी अनुदानमा आयात गरेर ल्याउने रासायनिक मल डिपो र सहकारीमार्फत किसानलाई बिक्री गरिन्छ । तर, उदयपुरको कटारी बजारमा भने दुई सय बोरा युरिया मल व्यापारीको गोदाममा फेला परेको हो ।

कटारी नगरपालिकाकी उपमेयर गीता खड्काका अनुसार प्रशासनको नेतृत्वमा भएको बजार अनुगमनका क्रममा दिलीप चौधरीको अशुतोष ट्रेडर्स तथा जनरल स्टोर र जयमाँकाली प्रालिको

» पृष्ठ २ मा क्रमशः



कटारी बजारमा रहेको दिलीप चौधरीको अशुतोष ट्रेडर्स तथा जनल स्टोर र जयमाँकाली प्रालिबाट लुकाइएको अवस्थामा भेटिएको युरिया मल । अनुगमनका क्रममा लुकाएर राखिएको २०० बोरा युरिया मल जफत गरेर गोदाम सिल गरिएको छ ।

८३३ रुपैयाँको अनुदानको मल, प्रतिबोरा २४०० मा बिक्री

कृषि सामग्री लिमिटेड गाईघाट शाखाका प्रमुख नरेशकुमार महतोका अनुसार सरकारी अनुदानको युरिया मलको भाउ प्रतिबोरा ८३३ रुपैयाँ छ । यो ५० किलोको बोरा हो । यसमा सहकारीले ढुवानी खर्च जोडेर नौ सयदेखि एक हजारमा बिक्री गर्ने गरेका छन् । तर, कटारीमा युरिया मल प्रतिबोरा १८ सयदेखि २४ सयसम्ममा खरिद-बिक्री हुने गरेको छ । कटारीकी उपमेयर गीता खड्काले पनि बजारमा महँगोमा मल बिक्री हुने गरेको बताइन् । 'यसअघि व्यापारीले धेरै महँगोमा मल बिक्री गरेको थाहा पाएपछि हामीले त्यसो नगर्न सुझाव दिएका थियौं, अहिले त निजी गोदाममा मल फेला पऱ्यो,' उनले भनिन् ।

उदयपुरगढी गाउँपालिका- १ का कृषक मनोज खत्रीले साहुजीको नाम थाहा नपाएको बताउँदै कटारीबाट १९ सय ५० रुपैयाँ तिरेर ५० किलोको एक बोरा युरिया ल्याएर धान रोपेको बताए । 'उदयपुरगढी गाउँपालिकाका कुनै सहकारीमा पनि युरिया पाइनँ । अनि कटारीमा पाइन्छ भनेर जाँदा गोप्य रूपमा पाएको थिएँ । जरुरी रहेको वेला ल्याउनुपऱ्यो,' उनले भने । कटारी क्षेत्रमा कृषि सामग्रीले सातवटा र साल्ट ट्रेडिङले पाँचवटा सहकारीमार्फत मल वितरण गर्दै आएका छन् । उदयपुरमा किसानको मागअनुसार रासायनिक मल (युरिया, डिएपी र पोटास) नआउँदा अभाव हुने गरेको कृषि सामग्रीको उदयपुर शाखाले जनाएको छ ।

उदयपुरमा वार्षिक युरिया, डिएपी, पोटास झन्डै पाँच हजार टन आवश्यक पर्छ । तर, त्यसको आधा मात्र आउँछ । चालू आर्थिक वर्ष ०८२/८३ का लागि युरिया तीन हजार टन, डिएपी एक हजार पाँच सय टन, पोटास ५० टन र कृषिचुन २१ टन गरी चार हजार ७१ टन माग गरिएको छ । तर, हालसम्म एक सय बोरा डिएपी मात्र आइपुगेको छ ।

जनतासँग माओवादी जागरण अभियान किस्ताबन्दीमा

दोस्रो चरणको अभियान २२ भदौबाट

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल माओवादीले जनतासँग माओवादी जागरण अभियानलाई किस्ताबन्दीमा अगाडि बढाएको छ। २ जेठमा बैतडीबाट सुरु भएको अभियान जेठभित्रै सक्ने तयारी गरे पनि सम्भव भएन। यसपछि पटकपटक अभियान स्थगित हुँदै आएको छ। मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान अब पुनः २२ भदौबाट सुरु हुने भएको हो।

'जनतासँग माओवादी : मध्यपहाडी पुष्पलाल लोकमार्ग जनजागरण अभियान' गत २ जेठमा बैतडीबाट माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुरु गरेका थिए।

दोस्रो चरणको अभियान १० जेठमा पोखरा पुगेर रोकिएको थियो। मध्यपहाडी अभियान दुई चरणमा सम्पन्न गर्ने माओवादीको योजना थियो। यसपछि दोस्रो चरणको अभियान २१ देखि २५ जेठमा गर्ने तयारी थियो। तर, वर्षाका कारण उक्त समयमा अभियान नभएको माओवादीले जनाएको छ। दुवै चरणको अभियान जेठभित्रै सक्ने तयारी थियो।

रोकिएको मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान लमजुङबाट सुरु गरेर ताप्लेजुङमा समापन गर्ने तयारी छ। 'वर्षाका कारण रोकिएको अभियान २२ भदौबाट पुनः सुरु हुँदै छ। दसैँअघि अभियान सकेर दसैँ-तिहारको बिचमा केन्द्रीय समिति बैठक बस्ने माओवादीको तयारी छ।

अभियानका क्रममा जनसभा, संवाद, भेटघाटलगायतका कार्यक्रम हुनेछन्। अभियानमा पर्ने सबै जिल्लामा एक-एक सार्वजनिक संवादको कार्यक्रम र एक-एक आन्तरिक संगठनात्मक र प्रशिक्षणमूलक कार्यक्रम हुनेछन्। सार्वजनिक कार्यक्रम आयोजना गर्दा मौसमलाई ध्यानमा राखेर ठुला हलहरूको प्रबन्ध गर्न भनिएको छ। त्यस्ता कार्यक्रममा सर्वपक्षीय प्रतिनिधिमूलक सहभागितालाई जोड दिन सम्बन्धित कमिटीलाई निर्देश गरिएको छ। यसअघि माओवादीले मध्यपहाडी अभियान जेठभित्र सक्ने तयारी गरेको थियो। तर, बजेट र वर्षाको कारण देखाउँदै पोखरा पुगेर अभियान रोकिएको थियो।

तराई मधेश जागरण अभियान सफल भएको निष्कर्षसहित माओवादीले दोस्रो चरणमा मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान सुरु गरेको थियो। दुई अभियानले जनतामा पार्टीलाई जोड्न महत्त्वपूर्ण भूमिका खेलेको ठहर माओवादीको छ।

अभियानको नेतृत्व पार्टी अध्यक्षबाटै

अभियानको नेतृत्व माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गरेका छन्। अभियानमा वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठसहित उपाध्यक्षहरू, महासचिव, उपमहासचिवसहित शीर्ष नेताहरू खटिँदै आएका थिए। अब भने प्रचण्डको नेतृत्वमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू र महासचिव मात्रै शीर्ष तहमा रहने भएका छन्।

गत जेठमा माओवादीले काठमाडौंकेन्द्रित अभियानसमेत सम्पन्न गरेको छ। गत १६-१९ साउनमा बसेको माओवादी स्थायी समिति बैठकले अभियानका बाँकी कार्यक्रम अघि बढाउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार २१-२५ भदौको कार्यतालिका निर्धारण भएको छ। अभियानमा सहभागी हुन माओवादी शीर्ष नेताहरू २१ भदौमा लमजुङ पुग्नेछन्। २२ भदौमा लमजुङमा कार्यक्रम गरेर बेलुका गोरखा पुग्ने कार्यक्रम छ। २३ भदौमा गोरखामा कार्यक्रम सकेर धादिङ पुग्ने, २४ भदौमा धादिङमा कार्यक्रम सकेर नुवाकोट पुग्ने कार्यक्रम छ। २५ भदौमा नुवाकोटमा कार्यक्रम सकेर काठमाडौं फर्किने तयारी छ। बाँकी जिल्लाको कार्यक्रम छिट्टै तय गरिने माओवादी केन्द्रीय कार्यालयका मुख्यसचिव गणेशमान पुनले जानकारी दिए। 'हाल काठमाडौंसम्मको कार्यक्रम तय भएको छ। असोज पहिलो हप्ताभित्र अभियान सकिने गरी बाँकी कार्यतालिका आउँछ,' उनले भने।

यसअघि १२ फागुनदेखि १७ वैशाखसम्म माओवादीले हुलाकी राजमार्गकेन्द्रित अभियान सञ्चालन गरेको थियो। उक्त अभियान पनि दुई चरणमा सम्पन्न भएको थियो। झापाबाट सुरु भएको अभियान महोत्तरी पुगेर रोकिएको थियो। त्यसपछि १२ चैतमा अभियान समापन गर्ने निर्णय थियो। तर, अभियान समापन गर्न १७ वैशाख लाग्यो। उक्त अभियान सोचेभन्दा बढी उपलब्धिमूलक भएको माओवादी निष्कर्ष छ।

मुद्दा, कसुर...

पृष्ठ १ बाट क्रमशः

झन् जाहेरीको प्रक्रिया चल्दादेखि नै सत्ताको दुरुपयोगमा परेको देखिन्छ।

सामाजिक सञ्जालमार्फत आफ्नो चरित्रहत्या गरेको भन्दै पीडित महिला महरविरुद्ध जाहेरी लिएर १२ असारमै भोटाहिटीस्थित ब्युरो कार्यालय पुगेकी थिइन्। तर, प्रहरीले जाहेरी नै दर्ता गरिदिएन। उनी जाहेरी दर्ताका लागि करिब दुई महिनासम्म निरन्तर ब्युरो धाउन बाध्य भइन्। तर, सत्ताको दबाबमा प्रहरीले जाहेरी नलिएपछि पीडितले हुलाकमार्फत जाहेरी पठाइन्। ३ भदौमा जाहेरी दर्ता भयो। अनि ९ भदौमा बल्ल साइबर ब्युरोले महरविरुद्ध अदालतबाट पत्राउ पुर्जी लियो। तर, प्रहरीले उनलाई पत्राउ गरेन, फोन गरेर कार्यालयमा आफैँ उपस्थित हुन भन्यो। बुधबार दिउँसो ब्युरो कार्यालय पुगेर उनले बयान दिए। प्रहरीले तत्काल काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालयमा पुऱ्यायो। सरकारी वकिलले हाजिरी जामानीमा छाड्न अनुमति दिएपछि उनी ससम्मान घर फर्किए।

उही साइबर ब्युरोले पाँडेविरुद्धको जाहेरी दर्ता र थप कारबाही प्रक्रिया भने फास्ट ट्र्याकमा बढाएको देखिन्छ। सामाजिक सञ्जालमार्फत आफ्नो चरित्रहत्या गरेको भन्दै पाँडेविरुद्ध पीडित महिलाले ७ भदौमा जाहेरी दिएकी थिइन्। सोही दिन तत्कालै जाहेरी दर्ता भयो। ९ भदौमै उनीविरुद्ध पत्राउ पुर्जी जारी भयो। पाँडेलाई पत्राउ गर्न प्रहरी परिचालन पनि भयो। तर, पत्राउ पुर्जीको सूचना पाएपछि पाँडे बुधबार आफैँ ब्युरो कार्यालयमा उपस्थित भएर बयान दिए। पाँडेलाई हिरासतमा राख्ने उद्देश्यले उनको फाइल तत्काल सरकारी वकिल कार्यालयमा लगिएन। २४ घण्टा हिरासतमा राख्न पाउने कानुनी अधिकार प्रयोग गर्दै प्रहरीले हिरासतमै राख्यो। बिहीबार पनि ढिला मात्रै अपराह्न ४ बजेतिर पाँडेलाई सरकारी वकिल कार्यालयमा लगियो। उनको फाइलमा थप अनुसन्धान गर्नुपर्ने भन्दै समय तन्काएर साँझ मात्रै वकिलको कार्यालयले ५ दिनको म्याद मागेर जिल्ला अदालतमा प्रतिवेदन पेस गऱ्यो। आदतलले ४ दिनको म्याद थप गरिदिएपछि प्रहरीले उनलाई हिरासतमै फर्काएको छ।

साइबर ब्युरोका प्रवक्ता एसपी दीपकराज अवस्थी पनि एकै प्रकृतिका जाहेरी तथा कसुरमाथि भएको फरक अनुसन्धानको शैलीलाई 'कानुनअनुसारकै' भन्दै अस्पष्ट जवाफ दिन्छन्। 'दुवैको कसुर एउटै प्रकृतिको हो। तर, अनुसन्धानका आफ्नै प्रक्रिया हुन्छन्,' उनले भने, 'अनुसन्धानपछि दुवैको फाइल एकैदिन सरकारी वकिल कार्यालयमा पेस भएको हो। बाँकी काम उहाँहरू (सरकारी वकिल र अदालत)को आदेशअनुसार भएका हुन्। सबै काम कानुनअनुसार नै भएका छन्।'

किसानलाई...

पृष्ठ १ बाट क्रमशः

गोदाममा लुकाएर राखिएको युरिया मल फेला परेको हो। 'मल कहाँबाट आयो ? कसरी निजी पसलको गोदाममा पुग्यो खुल्न सकेको छैन,' उनले भनिन्, 'तर सरकारी अनुदानको मल रहेको पाइएको छ।' शुक्रबार छानबिन समिति बनाएर अनुसन्धान हुने उनले बताइन्।

उदयपुरका सहायक प्रमुख जिल्ला अधिकारी विक्रमप्रसाद पाण्डेयका अनुसार कोक, डिउलगायतका पेयपदार्थलगायत अन्य उपभोग्य वस्तुले छोपेर लुकाइएको अवस्थामा दुई सय बोरा युरिया मल फेला परेको हो। 'त्यो सबै सरकारी अनुदानको युरिया मल छ। तर, एउटा निजी व्यापारीको गोदाममा भेटिएकाले रहस्यमय छ। अनुसन्धान नगरी थाहा हुँदैन। छानबिन गर्ने गरी नगरपालिकालाई जिम्मा लगाएर गोदाम सिल गरेका छौं।'

कृषि सामग्री लिमिटेड शाखा गाईघाटका प्रमुख नरेशकुमार महतोले युरिया मलको अभाव रहेका बेला कटारीमा निजी गोदाममा फेला परेको बताए। 'मभन्दा अगाडि यस कार्यालयमा सन्तोषकुमार यादव कार्यालय प्रमुख हुनुहुन्थ्यो। उहाँले नै दिनुभएको हो कि ? त्यो मलाई थाहा छैन। तर, कटारीकै किसानले मल नपाउँदा दुई सय बोरा भेटिनु रहस्यमय छ। मबाट गल्ती भएको छैन। म आएको एक महिना हुन लाग्यो।'

अशुतोष ट्रेडर्स तथा जनरल स्टोर र जयमाँकालीका सञ्चालक दिलीप चौधरीले आफ्नो गोदाममा मल कसरी आएको थाहा नभएको जिकिर गरे। 'पहाडतिरका मान्छेले राखेको हो कि, त्यो पनि थाहा छैन। मेरोमा मल आउँदैन। कहाँबाट कसरी आयो ? कसले ल्यायो थाहा छैन। मेरोमा मलको गोदाम फेला परेको छ।'

कच्ची सडकबाट जिप खस्दा एउटै वडाका पाँचजनाको मृत्यु

धनगढी/ डडेल्धुराको नवदुर्गा गाउँपालिका- ५, चौडमा बिहीबार जिप दुर्घटना हुँदा एउटै वडाका पाँचजनाको मृत्यु भएको छ। घाइते पाँचजनामध्ये तीनजनाको धनगढी तथा एक-एकजनाको डडेल्धुरामा भारतमा उपचार भइरहेको छ।

ठाटाबजारबाट डडेल्धुरा सदरमुकाम आउँदै गरेको से.१ज७३८ नम्बरको जिप सडकबाट साढे दुई सय मिटर तल खसेको हो। जिपमा सवार नवदुर्गा- ५ का १८ वर्षीय सुरेश साउद, २३ वर्षीय सुरेश पार्की, ४० वर्षीया तारा अवस्थी र ७२ वर्षीया कलावती साउदको घटनास्थलमै मृत्यु भएको डडेल्धुरा प्रहरीका सूचना अधिकारी, प्रहरी निरीक्षक डम्बर विष्टले बताए। गम्भीर घाइते ४२ वर्षीय गणेशबहादुर साउदको उपचारका क्रममा धनगढीस्थित माया मेट्रो अस्पतालमा मृत्यु भएको हो। 'कच्ची सडक रहेछ। चालक गम्भीर घाइते छन्, दुर्घटनाको कारण खुलेको छैन,' प्रहरी निरीक्षक विष्टले भने, 'मानवीय त्रुटिका कारण दुर्घटना भएजस्तो देखिन्छ।'

Qatar मा रोजगार
Yemek Doha Catering
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/१०/२३ चलानी नं. ६०२३२४९४ LT No.: 318269

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब नेरू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा कोर्स गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	लत्ते सुविधा	करार अवधी
१.	Electrician (General)	4	कामचलाउ दक्ष	1200	४५,३००।-	क.नि. अनुसार	८ घण्टा	५ दिन	क.नि. अनुसार	✓	✓	२ वर्ष

Mama Rosie Restaurant पूर्व स्वीकृती मितिः २०८२/५/१२ चलानी नं. ६०२४३९६५ LT No.: 330059

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब नेरू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा कोर्स गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	लत्ते सुविधा	करार अवधी
१.	Asst. Cooks	1	0	१२ कक्षा उत्तीर्ण	1500	५७,४८०।-	छैन	८	५ दिन	३० दिन	✓	✓	२ वर्ष
२.	Chef or Cook	2	0		2000	७६,६४०।-							

स्वदेशमा गएपछि मेडिकल खर्च फर्काने गर्ने र कति महिने	नियोक्ता गर्ने मेडिकल खर्च फर्काने गर्ने र कति महिने	स्वदेशमा गएपछि बिमा खर्च फर्काने गर्ने र कति महिने	रोजगारदाता बीमा दुवै (भ्याट्स कन्फर्मेसन	हवाई टिकट कसले लिने र कति महिने	बिमा शुल्क कसले तिने रकम कति महिने	सामाजिक सुरक्षा कोष (लाग्ने/नलाग्ने)	कानुनबमोजिम सुरक्षा	भौतिकसुविधासम्पन्न मुलुक
कामदार आफैले	रोजगारदाता कम्पनीले	कम्पनीले	दुवै / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. ५,४९५।- कामदार आफैले	रु. २,२००।- कामदार आफैले	रु. १७,७००।- कामदार आफैले

अन्तरवार्ता ३०८२ भाद्र ३० गते (5 Sept., 2025) यस प्रा. लि. को कार्यालय गौशला काठमाडौंमा हुनेछ।
POWER EMPLOYMENT PVT. LTD.
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com
Lic. No.: 1194/073/074

अन्तरिम लोगोकै भरमा कोशी संसद्

कोशी नामकरणले नयाँ नियमावली पनि अनिश्चित

विराटनगरमा **गणेश लम्साल**



कोशी प्रदेश सभाले आठ वर्षसम्म पनि आफ्नो वैधानिक लोगो बनाउन सकेको छैन। प्रदेश सभाको लेटरप्याड, छाप र सांसदहरूले समेत पुरानो अन्तरिम लोगो प्रयोग गर्दै आएका छन्। प्रदेश सभाले दोस्रो कार्यकालका लागि नयाँ नियमावलीसमेत बनाउन सकेको छैन।

दोस्रो कार्यकालको सुरुवातमै तत्कालीन प्रदेश नम्बर १ बाट प्रदेशको नाम १७ फागुन ०७९ मा कोशी नामाकरण भएको थियो। २२ वैशाख ०७६ मा प्रदेशको राजधानी विराटनगर घोषणा गरिएको थियो। पहिलो कार्यकालका लागि कलाकार विक्रमश्रीले प्रदेश नम्बर १ का लागि हिमालमाथि राष्ट्रिय झन्डा, राष्ट्रिय फूल लालीगुराँस र धानको बालाअंकित अन्तरिम लोगो तयार गरेका थिए।

तत्कालीन सभामुख प्रदीपकुमार भण्डारी र उपसभामुख सरस्वती पोखरेलले पहिलो प्रदेश सभा गठन भएको आठ महिनापछि प्रदेश सांसदहरूलाई दोस्रो अधिवेशनमा प्रदेशले नाम राजधानी पाउने र त्यसपछि नयाँ वैधानिक लोगो पाउने आश्वासन दिँदै अन्तरिम लोगो दिएर घर पठाएका थिए। तर, तत्कालीन प्रदेश सभाको पहिलो वर्ष अधिवेशन अन्त हुनुभन्दा अगावै प्रदेशको नामाकरण र स्थायी राजधानी टुंगो लाग्नेमा ढुक्क भएका सांसदहरू सरकारले प्रस्ताव नै नल्याएपछि अन्तरिम लोगो भिरेर घर फर्किएका थिए। प्रदेशले राजधानी र नाम पाइसक्दा पनि अझै वैधानिक लोगो तयार भइसकेको छैन। नयाँ लोगो तयार नभएकै कारण कोशी प्रदेश सभाको सभामुख बस्ने डायसको भित्ताको पनि सौन्दर्यीकरण हुन पाएको छैन। संसद्भित्र सांसद र मन्त्रीहरू बस्ने टेबल र कुर्सीहरूमा पनि लोगोअंकित भएको छैन।

कोशी प्रदेश सभाको संशोधित नियमावली २०७४ को नियम १९१ अनुसार वैधानिक लोगो र पोसाक कार्यव्यवस्था समितिबाट पारित हुनुपर्छ। तर, अहिलेसम्म प्रदेश सभाको पोसाक कार्यव्यवस्था समितिले पारित गरे पनि लोगो भने अन्तरिम नै प्रयोग गरिरहेको छ।

कोशी प्रदेश सभा सचिवालयका कार्यवाहक सचिव गोपालराज अमात्यले वैधानिक लोगो तयार गर्नेबारे कार्यव्यवस्था समितिमा पटक-पटक छलफल चले पनि प्राथमिकतासाथ छलफल नहुँदा अझै कोशी संसद् लोगोविहीन भइरहेको बताए। 'वेलावेला कुरा पनि उठ्छ, तर खै किन हो कार्यव्यवस्था समितिमा दलहरूको प्राथमिकतामा लोगो पर्दैपर्दैन,' उनले भने, 'म फेरि एकचोटि लोगोको विषयमा सभामुखज्यूसँगै कार्यव्यवस्था समितिको पनि ध्यानाकर्षण गराउँछु।'

> ● कोशी प्रदेश सभा सचिवालयका कार्यवाहक सचिव गोपालराज अमात्य भन्छन्-
> वेलावेला कुरा पनि उठ्छ, तर खै किन हो कार्यव्यवस्था समितिमा दलहरूको प्राथमिकतामा लोगो पर्दैपर्दैन। म फेरि एकचोटि लोगोको विषयमा सभामुखज्यूसँगै कार्यव्यवस्था समितिको पनि ध्यानाकर्षण गराउँछु।

४ मंसिर ०७९ मा प्रदेशको निर्वाचनपछि ११ पुसमा प्रदेश सांसदहरूले शपथ लिएका थिए। २८ पुसमा सभामुख र ३० पुसमा उपसभामुख चयन भए। कोशी प्रदेश सभाको पहिलो पूर्ण बैठक १७ पुसमा बसेको थियो। त्यसपछि १५ साउन ०८२ सम्म प्रदेश सभाको पहिलो कार्यकालमा १० र दोस्रोमा सात गरी १७ वटा अधिवेशन सम्पन्न भइसकेको छ। तर, अझैसम्म नयाँ नियमावली भने निर्माण भइसकेको छैन।

नयाँ नियमावली निर्माण गर्न गठन भएको सांसद लीलाबल्लभ अधिकारी संयोजक रहेको ११ सदस्यीय मस्यौदा समितिले मस्यौदा निर्माण गरेर प्रदेश सभालाई बुझाएको पनि तीन वर्ष बितिसकेको छ। तर, निर्माण भएको नयाँ नियमावली २०७९ पारित भएर कार्यान्वयनमा आउनु त परैजाओस् छलफलका लागि संसद्मा टेबलसम्म भएको छैन।

कोशी प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनमै दुईतिहाइ बहुमतबाट प्रदेश १ को नाम कोशी प्रदेश नामाकरण भएको थियो। त्यसपछि बढेको राजनीतिक खिचातानीले गर्दा प्रदेश सभाको नयाँ नियमावली पनि छलफलमा आउन नसकेकाले कार्यव्यवस्था समितिमै अड्किन पुगेको छ।

सभामुख अम्बरबहादुर विष्ट कोशी नामाकरणबारे दलहरू सबैले सहमति जनाए मात्र नयाँ नियमावली छलफलका लागि संसद्मा पेस भएर पारित हुन सक्ने बताउँछन्। तर, कोशीमा पहिले नामाकरणमा मतदान गरे पनि अहिले पहिचानको पक्षमा उभिएको मुख्य प्रतिपक्षी दल माओवादी, पहिलेदेखि नै पहिचानमा अडिग एकीकृत समाजवादी र जनता समाजवादी पार्टी कोशी नामाकरणको विपक्षमा छन्। यसैले विपक्षी दलहरूले नामाकरणसँगै प्रदेश सभाको नयाँ नियमावलीमा कोशी नाम पनि संशोधन हुनुपर्ने भन्दै प्रस्ताव दर्ता गरेका छन्। तर, सत्तारूढ एमाले र कांग्रेस भने नयाँ नियमावलीबाट कोशी नाम हटाउने पक्षमा छैनन्।

पार्टी सदस्यतामै...

पृष्ठ १ बाट क्रमशः

'अभागीलाई खाने वेलामा रिस उठ्छ' भन्दै व्यंग्य गरेको उल्लेख छ। निरौलाले सार्वजनिक गरेको नोट 'भाइरल' भएपछि अध्यक्ष ओलीले आफूले बोलेको भिडियोको केही अंशसहितको खण्डन वक्तव्य बिहीबार बिहान सचिवालयमार्फत जारी गरे। त्यसमा पनि उनले आफूसँग प्रतिस्पर्धा गरे भण्डारीलाई पूर्वउपाध्यक्ष रावललाई जस्तै पार्टीबाट निकाल्नुपर्ने दिन आउन सक्ने चेतावनी दिएका छन्।

'उहाँ (भण्डारी)ले पार्टीमा आएर अध्यक्ष उठ्दा जित्नुहुन्न। नेतृत्व लिने कुरा कसैको आँखामा नबिझने लालगेडी हुनु होइन। नेतृत्व क्षमता चाहिन्छ। परिस्थितिअनुसार डटेर सामना गर्नुपर्ने हुन्छ। उहाँ पार्टीमा आएर अध्यक्ष उठेमा हार्नुहुन्छ। हारेपछि पार्टीको विरोधमा लाग्नुहुन्छ। त्यसपछि पार्टीले भीम रावललाई झैँ स्पष्टीकरण र कारबाहीमा जानुपर्ने हुन्छ। त्यस खालको अपमानजनक अवस्थामा जानुभन्दा त उहाँलाई अहिले नै सम्मानजनक हैसियत छ। त्यसैले मसँगको भेटमा पनि उहाँलाई पार्टीमा समस्या खडा गर्ने गरी राजनीतिमा नआउन मैले आग्रह गरेको थिएँ,' ओलीले काठमाडौंका प्रतिनिधिसँग भनेका छन्।

अध्यक्ष ओलीले यसअघि विधान महाधिवेशनको छलफलका लागि १३ भदौमा बोलाइएको केन्द्रीय कमिटी बैठक पनि स्थगित गराएका छन्। तल्ला कमिटीबाट सुझाव आइनसकेको र विधान मस्यौदासहितका प्रतिवेदन तयारीका लागि समय अभाव तथा विदेश भ्रमणलाई कारण देखाएर बैठक स्थगित गरिएको थियो। तर, पूर्वराष्ट्रपति भण्डारी समूहको भने अर्कै दाबी छ। वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको नेतृत्वमा केन्द्रीय कमिटी हुँदै विधान महाधिवेशनसम्ममा फरक मत लैजाने तयारी भएपछि बैठक नै सारिएको यो समूहको दाबी छ। १४ भदौमा चीन भ्रमणमा जाने ओली १८ भदौमा स्वदेश फर्किँदै छन्। उनी फर्किएपछि बैठक बस्ने/नबस्ने अझै टुंगो छैन।

काठमाडौं एमालेका अध्यक्ष निरौलाका अनुसार ओलीले विधान महाधिवेशनमा आफूले सही विचार प्रस्तुत गर्ने भन्दै फरक मत कसैले राखिरहन नपर्ने, अन्यथा महाधिवेशनमा हिसाब-किताब गरिने चेतावनी पनि दिएका थिए। 'जबज इतिहास हो। इतिहासको रूपमा आउँछ। यो नीतिको रूपमा आउँछ। एक दिन दस्ताबेज प्रस्तुत हुन्छ, एक दिन छलफल र अर्को दिन समापन,' विधान महाधिवेशन एकताको अधिवेशन हुने ओलीको भनाइ थियो, 'अन्यथा गरे महाधिवेशनमा हिसाब-किताब गरिन्छ।' जबज परिवारको सम्पत्ति नभएको भन्दै उनले जबज फाउन्डेसनले नबचाउने पनि बताएका थिए। ओलीले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र नेता विनोद ढकाललगायतको नामै लिएर भण्डारीलाई कतिपयले उचाल्ने काम गरिरहेको बताएका थिए। 'अभागीलाई खाने वेलामा रिस उठ्छ। उहाँ(ईश्वर पोखरेल) कहाँ पुग्नुहुन्छ र बाटो बिराएर हिँड्नुभएको छ। विनोद ढकाल नवौं महाधिवेशनमा मलाई सहयोग गर्ने प्रमुख पात्र नै हुन्। विधानबारे कर्णले गलत कुरा गरे,' ओलीको भनाइ उद्धृत गर्दै निरौलाले सार्वजनिक गरेको नोटमा भनेका छन्।

पूर्वराष्ट्रपति भण्डारी पार्टीमा आएर अध्यक्ष हुन असम्भव रहेको प्रस्ट्याउँदै ओलीले सबै नेता आ-आफ्नो योग्यताले यहाँसम्म आइपुगेको बताएका थिए। 'तपाईं(भण्डारी)सँग एमाले हाँक्ने, अनुभव छैन भ्रममा नपर्नुस् भनेँ। उहाँले चुनावै लड्ने भन्नुभयो। एमालेमा चुनाव लड्नुपर्दैन भनेर जवाफ दिएँ,' निरौलाका अनुसार ओलीको भनाइ थियो, 'घरिघरि त म सपनामा छु कि जस्तो लाग्छ। मैले जति उहाँलाई कसले साथ दिएको छ। उहाँले छाडे सबै मिल्छ। व्यक्ति ठुलो कुरा होइन, आन्दोलन बचाउनुपर्छ। विद्या भण्डारी हाम्रो सम्पत्ति हो।'

राजनीतिशास्त्रका प्राध्यापक कृष्ण पोखरेलले ओलीको पछिल्लो वक्तव्य त्रासको मनोविज्ञानकै उपज भएको विश्लेषण गरे। 'वक्तव्य हेर्दा केपी ओली कहीं न कहीं भयको मनोविज्ञानले त्रसित हुनुहुन्छ भन्ने देखाउँछ। असन्तोष र विद्रोहको ज्वालालाई अहिल्यै दमन गरिहालौं भन्ने सोचबाट पनि ग्रसित देखिएको हो कि भन्ने लाग्छ,' उनले भने, 'हिजो केन्द्रीय कमिटीबाट सदस्य रोकेपछि सकिन्छ कि भन्नेथ्यो, त्यो स्थिति देखिएन। विधान महाधिवेशनमा छलफल हुने स्थिति बन्दै छ। अहिले उहाँले विद्याबाहेक उहाँलाई समर्थन गर्ने नेता-कार्यकर्तालाई कारबाही गर्ने सन्देश दिएर तर्साउन खोजे पनि विधान महाधिवेशन प्रतिनिधिमाझ त्यो नै ब्याक फायर नहोला भन्न सकिन्न।'

ओलीको सचिवालयले सार्वजनिक गरेको विज्ञप्तिमा भने निरौलाको 'नोट'को खण्डन गरिएको छ। ओलीले आफूमाथि भण्डारीले मिथ्या आरोप लगाइरहेको भन्दै निकट रहेकाहरूलाई सम्झाउन सुझाव दिएको विज्ञप्तिमा उल्लेख छ। 'मसँगको भेटमा पनि उहाँलाई पार्टीमा समस्या खडा गर्ने गरी राजनीतिमा नआउन मैले आग्रह गरेको थिएँ। तर, उहाँ च्यासलले सदस्यता खोस्यो, पार्टीको नेतृत्वले देश चलाउन सकेनजस्ता मिथ्या आरोपपूर्ण सार्वजनिक अभिव्यक्ति दिन थाल्नुभएको छ। उहाँलाई उहाँसँग निकट भएका साथीहरूले त्यसो नगर्न सम्झाउनुपर्छ, उल्क्याउनुहुँदैन,' विज्ञप्तिमा भनिएको छ। बालुवाटारमा प्रशिक्षणमूलक कार्यक्रम नभएर काठमाडौं जिल्लाबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरूसँगको अनौपचारिक छलफल र भेटघाट मात्रै भएको वक्तव्यमा उल्लेख छ।

काठमाडौं एमालेका अध्यक्ष निरौलाले भने ओलीको खण्डनको पनि प्रतिवाद गरेका छन्। दुई घण्टाको कार्यक्रमको एउटा सानो भिडियो अंश सार्वजनिक गरिनुको नियत आफैँ बुझ्न सकिने उनको भनाइ छ। 'सचिवालयका तर्फबाट भिडियो किन सार्वजनिक गरियो ? दुई घण्टाको भिडियोमा त्यति मात्रै भिडियो किन र के उद्देश्यले सार्वजनिक गरियो ? त्यसमा भएका सन्देश सबैले हेरेर, सुनेर बुझ्न सक्छन्। तपाईंहरूले भीम रावल भन्छन्-

सत्तास्वार्थका लागि जस्तोसुकै मित्रलाई पनि छुरी चलाउँछन् भन्ने यथार्थ छर्लंगै भो

भेलामा आफूलाई अपरिहार्य अध्यक्षका रूपमा प्रस्तुत गर्दै विद्या भण्डारीलाई अनुभवहीन र लालगेडीजस्ता होच्याउने विशेषण प्रयोग गरी आलोचना गरिएछ। महाधिवेशनमा प्रतिस्पर्धा गरे पराजित हुने घोषणा गरिनुका साथै पार्टीमा अध्यक्ष हुने प्रयास गरिएमा भीम रावलको जस्तो हालत हुने धम्कीसमेत दिइएछ। यसबाट केपी ओलीको असीमित सत्ता लिप्सा, निरंकुश र तानाशाही चरित्र पुन : छर्लंग हुँदैन र ?

मैले जनताको बहुदलीय जनवादको मान्यताअनुरूप १० औं महाधिवेशनमा विधि र प्रणालीअनुसार काम र सबै प्रतिनिधिहरूलाई चाहेको पदमा प्रतिस्पर्धा गर्न दिनुपर्छ भन्ने मान्यतामा दृढतापूर्वक उभिएर अध्यक्ष पदमा उम्मेदवारी दिएको थिएँ। त्यसरी उम्मेदवारी दिएको तथा धारणा र विचार उक्त मान्यताअनुरूप राखेका कारणले नै मलाई कथित स्पष्टीकरण सोधिएको र मैले पार्टीबाट बाहिरिनुपरेको तथ्य स्वयं केपीबाट नै बालुवाटारमा स्वीकार गरिएको छ।

यसबाट मैले सिद्धान्त, विधि र प्रणालीको पक्षमा उभिएर पार्टी सुमार्गमा जानुपर्छ भन्दा त्यसलाई व्यक्तिगत स्वार्थ र झगडाको रूपमा लिनेहरूले केपी ओलीका उक्त भनाइबाट पार्टी र देशको दीर्घकालीन हितमा केन्द्रित मेरा धारणा, विचार र अडान केपीको असीमित सत्ता लिप्सा र अहमको कारण सह्य र स्वीकार्य नभएको सत्य, तथ्य अब त सबैलाई प्रस्ट भयो होला नि ? सत्तास्वार्थका लागि जस्तोसुकै मित्र र पक्षधरमाथि पनि छुरी चलाउन केपी ओली उद्यत् हुन सक्ने यथार्थ छर्लंग भयो होला नि।

नदीमा डुबेर...

पृष्ठ १ बाट क्रमशः

जोशी र धनगढी- ५, हसनपुरका १७ वर्षीय प्रतीक चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। मृतक जाबेद र जेब जुम्ल्याहा दाजुभाइ हुन्। आफन्तका अनुसार साथीको जन्मदिन मनाउने भनेर उनीहरू निस्किएका थिए। तर, कसको जन्मदिन हो भन्ने नखुलेको प्रहरीले जनाएको छ। मृतकमध्ये तीनजना धनगढीकै वाल्मीकि इन्टरनेसनल स्कुल र एकजना ग्यालेक्सी स्कुलमा ११ कक्षामा अध्ययनरत थिए। सँगै नुहाउन गएका नविल बुडाल, युवराज कुँवर र प्रकाश मल्ल भने सकुशल छन्।

बिहीबार मध्याह्न नदीमा डुबेर बेपत्ता भएका उनीहरूको शव अपराह्न साढे चार बजे फेला परेको बेपत्ताको खोजीमा खटिएका इलाका प्रहरी कार्यालय मालाखेतीका प्रमुख, प्रहरी नायब उपरीक्षक रणबहादुर चन्दले बताए। प्रहरीका अनुसार नुहाउने क्रममा नदीपारि पुगेका उनीहरू एक-अर्काको हात समातेर वारि आउने क्रममा डुबेका थिए। हात छुटेका तीनजना भने सकुशल छन्।

'झोलुंगे पुलमुनि नुहाउने क्रममा उनीहरू नदीपारि गएछन्। पुलमुनि पानी पनि घुँडासम्म मात्र थियो। नदीपारि बालुवामा केहीबेर बसेर उनीहरूले जंगफुड पनि खाएछन्,' प्रहरी नायब उपरीक्षक चन्दले भने, 'पुलको करिब सय मिटर माथि एक-अर्काको हात समात्दै फर्कने वेला चारजना डुबे, गहिरोमा फसेछन्। हात छुटेर तीनजना बाँचे।'

बेपत्ता किशोर खोज्न गोताखोरसहित सशस्त्र प्रहरी तथा नेपाल प्रहरीको टोली परिचालन गरिएको थियो। चारैजनाको शव पोस्टमार्टका लागि सेती प्रादेशिक अस्पतालमा राखिएको छ।



■ प्रधानमन्त्री ओलीको बेइजिङ भ्रमण विवादमा

नेपालको प्रमुख दातृ देश जापानविरुद्ध चिनियाँ विजयोत्सवमा नजान सुझाव

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीको बेइजिङ भ्रमण विवादमा परेको छ। प्रधानमन्त्री ओलीको एउटा देशविरुद्ध अर्को देशको सैन्य परेडमा सहभागी हुने कार्यतालिका सार्वजनिक भएपछि उनको भ्रमण विवादमा तानिएको हो। जापान नेपालको प्रमुख दाता राष्ट्र हो।

चीनले दोस्रो विश्वयुद्धमा (८० वर्षअघि) जापानलाई हराएको अवसरमा १८ भदौमा आयोजित सैन्य परेडमा राष्ट्रपति रामचन्द्र पौडेललाई निम्ता आए पनि उनले अनिच्छा व्यक्त गरेपछि प्रधानमन्त्री ओली सहभागी हुँदै छन्। जापानसँग नेपालको सम्बन्धलाई ध्यानमा राख्दै राष्ट्रपति पौडेलले कार्यक्रमिक भ्रमणमा नभएर राजकीय भ्रमणमा जाने इच्छा जनाएर पन्छिएका थिए। तर, प्रमुख दातृ देश जापानसँगको सम्बन्धलाई प्रधानमन्त्रीले ध्यान नदिएको जानकारहरूले टिप्पणी गरेका छन्।

परराष्ट्र मन्त्रालयले बुधबार जारी गरेको विज्ञप्तिअनुसार प्रधानमन्त्री ओली १५ भदौमा चीनको तियानजिन महानगरमा आयोजना हुने सांघाई को-अपरसेन अर्गनाइजेसन (एससिओ)मा सहभागी हुनेछन्। त्यसपछि १८ भदौमा बेइजिङमा सैन्य परेडमा सहभागी हुँदै छन्।

चीनका सहायक विदेशमन्त्री होङ लेईले बिहीबार पत्रकार सम्मेलनमा जानकारी दिएअनुसार चिनियाँ राष्ट्रपति सी जिनपिङको निमन्त्रणामा २६ विदेशी राष्ट्रप्रमुख/सरकारप्रमुखहरूले बेइजिङमा आयोजना हुने चीनको विजयोत्सवमा सहभागी जनाउनेछन्। सहभागी शीर्ष नेताहरूको सूचीमा दक्षिण एसियाली कार्यकारी प्रमुखहरूमा नेपालका प्रधानमन्त्री ओली, पाकिस्तानका प्रधानमन्त्री साहबाज सरिफ, माल्दिभ्सका राष्ट्रपति मोहम्मद मोइजुको नाम उल्लेख छ। समारोहमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उन, कम्बोडियाका राजा नरोद्दम सिहामोनी, इरानी राष्ट्रपति मासुद पेजेस्कियन, भियतनामी राष्ट्रपति लुओङ कुओङ, लाओसका महासचिव तथा राष्ट्रपति थोङलुन सिसोउलिथ, इन्डोनेसियाका राष्ट्रपति प्रबवो सुबिआन्तो, मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिम, मंगोलियाका राष्ट्रपति उखना खुरेलसुखलगायत सहभागी हुँदै छन्।

चीनका लागि पूर्वराजदूत राजेश्वर आचार्यले प्रधानमन्त्री ओली एससिओ सम्मेलनबाट स्वदेश फर्किनु हितकर हुने बताए। 'प्रधानमन्त्री एससिओ सम्मेलनमा सहभागी भएर स्वदेश फर्किनुभएको भए देशलाई बढी हितकर हुन्थ्यो,' उनले भने। प्रधानमन्त्री शेरबहादुर देउवा हुँदाका परराष्ट्र मामिला सल्लाहकार अरुणकुमार सुवेदीले एउटा देशविरुद्ध अर्को देशको अपरेसनको विजयोत्सव मनाउन जानु जायज नभएको टिप्पणी गरे। 'यो परेडमा सहभागी हुँदाको राजनीतिक र कूटनीतिक परिघटना के-कति सामना गर्नुपर्छ भन्ने प्रधानमन्त्रीले सोच्नुपर्थ्यो। हाम्रा लागि छिमेकी चीनको महत्त्वसँगै मित्रदेश जापानको महत्त्व कति हो भनेर विचार पुऱ्याउन सकिएन जस्तो लाग्यो। यो कार्य सही भएन,' उनले भने।

प्रधानमन्त्री ओलीले कांग्रेस उपसभापति पूर्णबहादुर खड्का र पर्यटनमन्त्री बद्री पाण्डेलाई पनि सैन्य परेडमा सहभागी हुने प्रतिनिधिमण्डलमा सहभागी गराएका छन्। 'प्रधानमन्त्रीले जापानविरुद्ध युद्धस्मृतिको चिनियाँ सैन्य परेडमा कांग्रेस पनि साथमा छ भन्ने सन्देश दिन उहाँहरूलाई लिएर जान लाग्नुभएको छ। यसको कूटनीतिक मूल्य देशले कति चुकाउनुपर्छ भन्ने कुरा कांग्रेसले नसोच्नु दुर्भाग्यपूर्ण छ,' कांग्रेसकै एक केन्द्रीय सदस्यले नयाँ पत्रिकासँग भने। परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा भने चीन भ्रमणमा नजाने भएकी छिन्।




■ प्रधानमन्त्रीको भ्रमण टोलीमा कांग्रेस उपसभापति पूर्णबहादुर खड्का र पर्यटनमन्त्री बद्री पाण्डे पनि समावेश





● **राजेश्वर आचार्य**, पूर्वराजदूत



प्रधानमन्त्री चीनको तियानजिन महानगरमा आयोजना हुने एससिओ सम्मेलनमा सहभागी भएर स्वदेश फर्किनुभएको भए देशलाई बढी हितकर हुन्थ्यो।

● **अरुणकुमार सुवेदी**, परराष्ट्रविद्



सैन्य परेडमा सहभागी हुँदाको राजनीतिक र कूटनीतिक परिघटना के-कति सामना गर्नुपर्छ भन्ने प्रधानमन्त्रीले सोच्नुपर्थ्यो। छिमेकी चीनको महत्त्वसँगै मित्रदेश जापानको महत्त्व कति हो भनेर विचार पुऱ्याउन सकिएनजस्तो लाग्यो।

■ सुरुमा राष्ट्रपतिलाई निम्तो, त्यसपछि ओलीलाई

कूटनीतिक स्रोतहरूका अनुसार चीनले राष्ट्रपति रामचन्द्र पौडेललाई १८ भदौमा बेइजिङमा आयोजना हुने सैन्य परेडमा सहभागी गराउन चाहेको थियो। त्यहीअनुसार नेपालका लागि चिनियाँ राजदूत चेन सोङले राष्ट्रपति पौडेललाई भेटेर यो जानकारी दिएका थिए। पौडेलले सुरुमै चिनियाँ प्रस्ताव स्वीकार गरेका थिए। त्यसपछि चिनियाँ दूतावासमार्फत राष्ट्रपतिलाई ३ सेप्टेम्बर (१८ भदौ)मा जापानी सेनाविरुद्ध चिनियाँ सेनाको विजयोत्सव परेडमा सहभागी हुन चिनियाँ राष्ट्रपतिको निमन्त्रणा परराष्ट्र मन्त्रालयमा पुगेको थियो।

परराष्ट्रका उच्च अधिकारीहरू र राष्ट्रपतिका सल्लाहकारहरूले सैन्य परेडमा सहभागी हुनु उपयुक्त नहुने निष्कर्ष निकालेका थिए। त्यसपछि परराष्ट्र मन्त्रालयले राष्ट्रपति पौडेल सहभागी हुन नसक्ने जानकारी चीनलाई पठाएको थियो। चिनियाँ पक्षले राष्ट्रपति पौडेललाई एससिओको शिखर सम्मेलनमा भ्रमण गराउनेसमेत इच्छा गरेको थियो। तर, परराष्ट्रले राष्ट्रपतिको राजकीय भ्रमण गराउँदा उपयुक्त हुने सुझाव दिँदै त्यसमा पनि सहभागी नहुने जनाउ पठाएको थियो।

त्यसपछि चिनियाँ पक्षले प्रधानमन्त्री केपी ओलीलाई प्रस्ताव गरेको थियो। 'चीनले उपराष्ट्रपति रामसहायप्रसाद यादव वा प्रधानमन्त्री ओलीमध्ये जो गए पनि उपयुक्त हुने प्रस्ताव गरेकोमा प्रधानमन्त्रीले नै जाने इच्छा जनाउनुभयो। त्यहीअनुसार चिनियाँ राष्ट्रपतिको निमन्त्रणापत्र प्राप्त भयो,' जानकार अधिकारीले नयाँ पत्रिकासँग भने। स्रोतलाई उद्धृत गर्दै जापानको क्योदो समाचारपत्रले चिनियाँ सैन्य परेडमा सहभागी नहुन जापान सरकारले सम्बन्धित दूतावासमार्फत एसियाली र युरोपेली देशहरूलाई अनौपचारिक अनुरोध पठाएको छ। नेपाल सरकारले जापानको अनुरोध पाएको पुष्टि हुन सकेन।

'हामीले प्रधानमन्त्रीको सहभागिता जापानको विरुद्धमा होइन भनेका छौँ। ८० वर्षअघिको जापानको चरित्र बेग्लै थियो, त्यसवेला उसले गरेको उपनिवेश र र दमनप्रति जापानकै नेताहरूले माफी माग्दै आएका छन्। त्यो घटनाविशेषको सम्झना मात्रै हो भनेर चीनले पनि हामीलाई भनेको छ र यथार्थ पनि त्यही हो,' परराष्ट्रका एक अधिकारीले भने, 'हामी जापानसँगको सम्बन्धलाई उच्च महत्त्व दिन्छौँ। बेइजिङमा आयोजना हुने कार्यक्रम इतिहासको सम्झनाभन्दा अरू केही पनि होइन।' चिनियाँ सञ्चारमाध्यमहरूका अनुसार जापानविरुद्ध त्यसवेला चिनियाँ जनताले १४ वर्ष लामो युद्ध लडेका थिए भने करोडौँ चिनियाँले ज्यान गुमाएका थिए। अहिले तत्कालीन जापानी सैन्यवाद र उपनिवेशवादको सम्झना हो, वर्तमान जापानविरुद्ध कार्यक्रम होइन।

भूमि, निजामती र शिक्षा विधेयक भदौभित्रै पारित गरिने

प्रधानमन्त्री ओलीले शुक्रबार संसद्मा सम्बोधन गर्ने, चीन भ्रमणबारे जानकारी गराउने

● **श्याम घिमिरे**, प्रमुख सचेतक, कांग्रेस




संवैधानिक परिषद् विधेयकमा कुनै छलफल भएको छैन। प्रधानमन्त्री चीन भ्रमणबाट फर्केपछि छलफल होला। राष्ट्रपतिको चासो सम्बोधन गर्नुपर्छ भन्नेमा छौँ। के गर्ने भन्ने प्रधानमन्त्री आएपछि नै टुंगिन्छ।

● **हितराज पाण्डे**, प्रमुख सचेतक, माओवादी



यो महिनाभरिको कार्यतालिका कसरी लैजाने कुरा भयो। अब पाँचवटा बैठक बस्छन्। भोलि (शुक्रबार) साढे ११ बजे बस्ने कार्य व्यवस्था तथा परामर्श समितिको बैठकले क्यालेन्डर अनुमोदन गर्छ।

उपसभामुखविरुद्ध आचरणको प्रस्ताव नआउने



सत्तारूढ दलहरूले उपसभामुख इन्दिरा रानाविरुद्ध आचरणअनुकूल काम नगरेको प्रस्ताव नल्याउने भएका छन्। यसअघि ३ भदौमा उपसभामुख रानाविरुद्ध प्रस्ताव दर्ता गर्न खाली कागजमा हस्ताक्षर अभियान चलाएका कांग्रेस र एमाले 'ब्याक' भएका हुन्। त्यतिवेला दुवै दलले उपसभामुख वैदेशिक भ्रमणमा रहेकाले प्रस्ताव दर्ता गराउँदा नराम्रो सन्देश जाने भन्दै उनी फर्किएपछि १३ भदौमा दर्ता गर्ने प्रतिक्रिया दिएका थिए। उपसभामुख राना शुक्रबार स्वदेश फर्किँदै छिन्।

कमलराज भट्ट/नयाँ पत्रिका

संघीयतासँग जोडिएका महत्त्वपूर्ण विधेयक चालू अधिवेशनबाटै पारित गर्ने गरी प्रतिनिधिसभाको भदौको क्यालेन्डर तयार भएको छ। सभामुख देवराज घिमिरेले बिहीबार पाँच दलका प्रमुख सचेतकसँग छलफल गरी संघीय निजामती, संघीय शिक्षालगायत विधेयक टुंग्याउने गरी कार्यतालिका पारित गराएका छन्। शुक्रबार बस्ने कार्य व्यवस्था तथा परामर्श समिति बैठकले कार्यतालिका अनुमोदन गर्नेछ।

एमाले मुख्य सचेतक महेश बर्तौलाका अनुसार अब प्रतिनिधिसभा बैठक १३, १८, १९, २५, २६ र २७ भदौमा बस्ने तय भएको छ। शुक्रबार बस्ने बैठकले भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा दफावार छलफल गरी पारित गर्नेछ। बैठकमा प्रधानमन्त्री केपी ओलीले सम्बोधन गरेर आसन्न चीन भ्रमणबारे जानकारी गराउने तय भएको छ।

बर्तौलाका अनुसार १८ भदौको बैठकले आमाको नाममा नागरिकता पाउने प्रावधान रहेको नागरिकतासम्बन्धी विधेयक र संवैधानिक परिषद्सम्बन्धी विधेयक पारित गर्नेछ। संवैधानिक परिषद् विधेयक संविधानको भावना र सन्तुलनको सिद्धान्तविपरीत रहेको भन्दै राष्ट्रपति रामचन्द्र पौडेलले पुनर्विचार गर्न सन्देशसहित ८ साउनमा फिर्ता पठाएका छन्। एक महिना बितिसक्दा पनि विधेयक पुनर्विचारको प्रक्रिया अगाडि बढेको छैन। कांग्रेसले बहुमतका नाममा दुईजनाले पनि निर्णय गर्न सक्ने प्रावधान संविधानविपरीत रहेको भन्ने राष्ट्रपतिको चासोलाई सम्बोधन गर्नुपर्ने अडान लिएको छ। एमालेले विधेयकमा कुनै समस्या नरहेको र राष्ट्रपतिको चासो गलत भन्दै हुबहु पारित गरेर पठाउनुपर्ने पक्षमा छ।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेका अनुसार राष्ट्रपतिबाट फिर्ता आएको विधेयक कसरी अगाडि बढाउने भनेर सत्तागठबन्धनमा छलफल नभएको बताए। 'संवैधानिक परिषद् विधेयकमा कुनै छलफल भएको छैन। प्रधानमन्त्री चीन भ्रमणबाट फर्केपछि छलफल होला। राष्ट्रपतिको चासो सम्बोधन गर्नुपर्छ भन्नेमा छौँ। के गर्ने भन्ने प्रधानमन्त्री आएपछि नै टुंगिन्छ,' उनले भने। एमाले मुख्य सचेतक बर्तौला पनि विधेयक अगाडि बढाउने विषयमा दुई दलबिच छलफल भई नसकेको बताउँछन्। 'राष्ट्रपतिज्यूले छलफल गर्न फिर्ता गरेकाले के उपयुक्त हुन्छ, त्यसलाई हाउसमा छलफल गरेर निष्कर्षमा पुग्छौँ। कुनै अडान वा यही गर्नुपर्छ भन्ने छैन। प्रतिनिधिसभाले पठाएको गणपूरक संख्यासम्बन्धी व्यवस्थामा कुनै समस्या छैन। राष्ट्रिय सभाबाट व्याख्या भएर आएकोमा राष्ट्रपतिबाट अध्ययन गर्न भनेर आयो। त्यस विषयमा हाउसमै छलफल गर्छौँ,' उनले भने।

बर्तौलाका अनुसार १७ भदौमा संघीय निजामती विधेयक राष्ट्रिय सभाबाट पारित भई सन्देशसहित फिर्ता आएपछि १८ गते प्रतिनिधिसभामा सन्देश टेबुल हुनेछ। १९ गते निजामती विधेयक पारित गर्ने कार्यतालिका तय भएको छ। २६ भदौको प्रतिनिधिसभा बैठकले शिक्षा विधेयक पारित गर्ने तय भएको उनले बताए।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले भदौको कार्यतालिका तय भएको र शुक्रबार प्रधानमन्त्रीले सम्बोधन गरेर वैदेशिक भ्रमणबारे जानकारी गराउने निर्णय भएको बताए। 'यो महिनाभरिको कार्यतालिका कसरी लैजाने कुरा भयो। अब पाँचवटा बैठक बस्छन्। भोलि (शुक्रबार) साढे ११ बजे बस्ने कार्य व्यवस्था तथा परामर्श समितिको बैठकले क्यालेन्डर अनुमोदन गर्छ,' उनले भने। एमाले भने अझै पनि प्रस्ताव दर्ता गराउनुपर्ने लबिङमा छ। तर, कांग्रेसभित्र नेता शेखर कोइराला, महामन्त्रीद्वय गगन थापा, विश्वप्रकाश शर्माको सशक्त विरोधले सभापति शेरबहादुर देउवा पछि हटेका हुन्। खासगरी रुपन्देही ३ मा हुन लागेको उपनिर्वाचन, उपसभामुखमाथि कमजोर अभियोग, कांग्रेसभित्र पदाधिकारीकै प्रतिवाद र सरकारप्रतिको चौतर्फी असन्तुष्टिका कारण प्रस्ताव अगाडि नबढ्ने भएको हो। कांग्रेस महामन्त्री शर्माले उपसभामुखविरुद्धको आचरणको प्रस्ताव सम्बन्धमा च्याप्टर क्लोज भएको बताए। शर्माले बालुवाटारमा पाक्ने र बुढानीलकण्ठमा पस्किने कुरा मान्य छैन भनेर सार्वजनिक रूपमै बोलेका थिए। 'यो उपयुक्त समय सन्दर्भ होइन। उपसभामुखको च्याप्टर क्लोज भयो,' उनले भने।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले उपसभामुखविरुद्ध कुनै प्रस्ताव नआउने बताए। 'उपसभामुखविरुद्ध त्यस्तो केही प्रस्ताव छैन। त्यो विषयमा केही भएको छैन। यो विषयमा ठोस निर्णय नै केही भएको होइन। संसद् बन्द हुँदै छ। हस्ताक्षर संकलन कुनै वेला केही पर्न सक्छ भनेर गरेको हो। उपसभामुख हटाउने निर्णय भएको छैन। कुनै प्रस्ताव आउँदैन,' उनले भने।

एमाले मुख्य सचेतक महेश बर्तौलाले पदअनुकूल आचरण नगरेको भनेर उपसभामुखलाई पदबाट बर्खास्त गर्ने भन्नेबारे अहिले कुनै छलफल नभएको बताए। 'उहाँको बारेमा पदअनुकूलको आचरण गर्नुभएन भन्ने सन्दर्भबाट कुनै प्रस्ताव दर्ता गर्न हामी सत्तारूढ दलका बिचमा कुनै छलफल पनि भएको छैन, कुनै निर्णय पनि भएको छैन। कुनै प्रस्ताव दर्ता गर्ने त्यो निष्कर्षमा पनि हामी पुगेका छैनौँ। त्यो ठाउँबाट सोचेका छैनौँ। त्यो बाटोतर्फ हामी जाँदैनौँ। यो प्रस्ट हो,' उनले भने।

एमालेले शुक्रबारको प्रतिनिधिसभा बैठकमा अनिवार्य उपस्थित हुन ह्विप जारी गरेको छ। एमाले मुख्य सतेचक बर्तौलाले प्रधानमन्त्रीको सम्बोधन र भूमि विधेयक पारित गर्नुपर्ने भएकाले अनिवार्य उपस्थित हुन भनेको बताए। 'प्रधानमन्त्रीज्यूले सम्बोधन गर्ने कार्यक्रम छ। बिचमा लामो समय संसद् ग्याप भयो। यसपछि पनि चार दिनपछि बैठक छ। सांसदहरू नआउन सक्छन्। फेरि भोलि भूमि विधेयक पारित गर्नुपर्नेछ,' उनले भने।

■ रास्वपाले संसद्मा अवरोध कायमै राख्ने

सभामुख र प्रमुख सचेतकहरूको बैठकमा रास्वपाले भिजिट भिसा प्रकरणमा आफ्नो अवरोध कायमै राख्ने जानकारी गराएको छ। रास्वपा प्रमुख सचेतक सन्तोष परियारले भिजिट भिसा प्रकरणमा उच्चस्तरीय न्यायिक छानबिन आयोग गठनको माग राख्दै अवरोध कायमै राख्ने जानकारी गराएका हुन्। सत्तापक्षले भने महत्त्वपूर्ण विधेयकहरूमा छलफल भइरहेका वेला नियमित संसदीय प्रक्रियामा सहभागी हुन अनुरोध गरेको थियो।

संक्षेप

झाडापखाला र हैजाका बिरामी डिस्चार्ज हुने संख्या बढ्यो

वीरगन्ज/ वीरगन्ज महानगरपालिकाको विभिन्न अस्पतालमा उपचार गराइरहेका झाडापखाला र हैजाका बिरामी निको हुने संख्या बढेको छ। अस्पतालमा भर्ना भएर उपचाररत धेरै बिरामी निको भएर घर फर्केको स्वास्थ्य कार्यालय पर्साले जनाएको छ। बिहीबार साँझसम्म विभिन्न अस्पतालबाट उपचारपछि निको भएर ४३४ जना घर फर्किसकेका छन्। यसमध्ये हैजाको संक्रमण पुष्टि भएका ७४ जना घर फर्किएको जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले बताए। बिहीबारसम्म नारायणी अस्पतालबाट २२९, वीरगन्ज हेल्थकेयर हस्पिटलबाट ५३, तराई हस्पिटलबाट ४०, नेसनल मेडिकल कलेजबाट ३२, प्रभु हस्पिटलबाट १७, एडभान्स मेडिकेयर हस्पिटल र सर्वोत्तम हस्पिटलबाट १४-१४ जना बिरामी डिस्चार्ज भई घर फर्किएको ठाकुरले बताए। गत शुक्रबारदेखि बिहीबार साँझसम्म झाडापखाला र हैजा संक्रमण पुष्टि भएका गरी ६१२ जना बिरामी अस्पताल भर्ना भएका थिए। तीमध्ये ४३४ जना निको भएर डिस्चार्ज भएको ठाकुरले बताए। हाल वीरगन्जका अस्पतालहरूमा १७८ जना बिरामी उपचाररत रहेकोमा हैजा पुष्टि भएकाको संख्या ६९ रहेको उनको भनाइ छ।

अर्थमन्त्री यादवको राजीनामा माग्दै मधेश सभा बैठक अवरुद्ध

जनकपुरधाम/ प्रतिपक्षी दलहरूको अवरोधका कारण मधेश प्रदेश सभाको छैटौँ अधिवेशनको प्रथम बैठक स्थगित भएको छ। बिहीबार बैठक सुरु हुनासाथ प्रतिपक्षी दलहरूले अर्थमन्त्री सुनील यादवको राजीनामा माग गर्दै उठेर अवरोध गरेपछि सभामुख रामचन्द्र मण्डलले शुक्रबारसम्मका लागि स्थगित गरेका हुन्। आर्थिक वर्ष ०८२/८३ को बजेट पुस्तिकामा असन्तुलित बजेट तथा कमिसन र बिचौलियाको 'इन्ट्रेस्ट'अनुसार बजेट पास भएको जिकिर गर्दै प्रतिपक्षी दलका सांसदहरूले अर्थमन्त्री यादवको राजीनामा मागेका हुन्। जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादवले अर्थमन्त्री यादवले राजीनामा नदिएसम्म आफूहरूले बैठक चल्न नदिने चेतावनी दिए। अर्थमन्त्री यादवको चलखेलमा चालू आर्थिक वर्षको बजेटमा धेरै गडबड गरिएको उनले दाबी गरे। बजेटमा चोर बाटोबाट धेरै योजना राखिएको माओवादी सांसद युवराज भट्टराईले आरोप लगाए।

स्वास्थ्यकर्मीमाथि यौन दुर्व्यवहार आरोपमा तीन कर्मचारी पक्राउ

सुर्खेत/ हुम्लाको ताँजाकोट गाउँपालिकामा कार्यरत एक महिला स्वास्थ्यकर्मीमाथि यौन दुर्व्यवहारको आरोपमा तीनजना पक्राउ परेका छन्। महिला स्वास्थ्यकर्मीमाथि यौन दुर्व्यवहार गरेको आरोपमा ताँजाकोट गाउँपालिका- ३ मैलास्थित स्वास्थ्य चौकी इन्चार्ज लीलाराज शर्मा, एम्बुलेन्सचालक मंगल शाही र कार्यालय सहयोगी रामबहादुर बुढा पक्राउ परेका हुन्। उनीहरूले मदिरा पिएर १० भदौ राति एउटा स्वास्थ्य संस्थामा कार्यरत महिलालाई यौन दुर्व्यवहारको प्रयास गरेका थिए। हुम्लाको ताँजाकोट गाउँपालिकामा स्वास्थ्यसम्बन्धी काम गर्दै आएकी ती महिलाको कोठामा गएर उनीहरूले अपशब्द बोलेका थिए। राति महिलाको कोठाका गएर अपशब्द बोल्दै यौन दुर्व्यवहार गर्न खोजेपछि उनले आफू कार्यरत संस्थाको काठमाडौँ कार्यालयमा फोन गरेकी थिइन्। संस्थाको काठमाडौँ कार्यालयले जिल्ला प्रहरी कार्यालय हुम्लालाई फोन गरेर घटनाका विषयमा जानकारी गराएपछि प्रहरीले यौन दुर्व्यवहार गर्ने खोज्ने तीनैजनालाई पक्राउ गरेको हो।

डलर देखाएर ठगी गर्ने एक व्यक्ति पक्राउ

काठमाडौँ/ अमेरिकी डलर देखाउँदै ठगीधन्दामा संलग्न ३४ वर्षीय विष्णुबहादुर भण्डारी पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमातहतको इलाका प्रहरी कार्यालय बाह्रबिसे र जिल्ला प्रहरी कार्यालय दोलखाको संयुक्त टोलीले उनलाई बिहीबार दिउँसो पक्राउ गरेको हो। बाह्रबिसेको सुनकोशी क्षेत्रबाट पक्राउ परेका भण्डारीको साथबाट प्रहरीले ५० दरको १७ थान र १ दरको ५४८ थान अमेरिकी डलर बरामद गरेको छ। इप्रका बाह्रबिसेका प्रमुख प्रहरी निरीक्षक सुमेश पाण्डेले घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको बताए।

■ छापा हान्दा गोदामबाटै चिनी गायब

एसपीसहित तीन सशस्त्र प्रहरी अधिकृत तानिए

काठमाडौँ/ छापा हान्ने क्रममा गोदामबाटै चिनी गायब बनाएको आरोपमा सशस्त्र प्रहरी बलका एसपीसहित तीन अधिकृत छानबिनमा तानिएका छन्। रौतहटस्थित ११ नम्बर गणका एसपी सन्तोष बस्नेतसहित डिएसपीद्वय अमर लामा र राजेन्द्र बस्नेतलाई सशस्त्र प्रहरी प्रधान कार्यालयले जिम्मेवारीबाट हटाएको हो।

करिब सात सय केजी तस्करीको चिनी रहेको गोदाममा छापा हानेर उनीहरूले १०६ बोरा मात्र भन्सार बुझाएको सूचनाका आधारमा प्रहरी प्रधान कार्यालयले छानबिन अघि बढाएको हो। प्रारम्भिक छानबिनमा चिनी गायब बनाएको आधार देखिएपछि जिल्लाका एसपी नै तानिएका हुन्।

सशस्त्र प्रहरीका सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाले रौतहटमा चिनी गायब बनाइएको आशंकामा केही अधिकारीमाथि छानबिन चलिरहेको बताए।

डिएसपी लामा ११ नम्बर गण तथा डिएसपी बस्नेत सशस्त्र प्रहरी बेस सन्तपुरमा कार्यरत थिए। गणबाट केही दिनका लागि सन्तपुर खटिएकै भोलिपल्ट डिएसपी लामाले छापा हान्ने क्रममा बदमासी गरेका हुन्। छानबिनको केन्द्रमा रहेका डिएसपी लामाले इन्स्पेक्टर हुँदादेखि नै सोही क्षेत्रमा पोस्टिङ मिलाउँदै आएका छन्। इन्स्पेक्टर हुँदा रौतहटकै एक बिओपीमा बसेका थिए। यो घटनामा तल्लो तहका सशस्त्र प्रहरी कर्मचारीमाथि समेत सोधपुछ भइरहेको छ।

गत २९ साउनमा डिएसपी लामा र बस्नेत नेतृत्वको टोलीले चन्द्रपुरस्थित एक गोदाममा छापा हानेको थियो। दुईवटा ट्रकमा चिनी लोड गरिएकोमा एउटा ठुलो ट्रक भने गायब बनाइएको स्रोत बताउँछ। सोही घटनामा एसपी र दुई डिएसपी कारबाहीमा तानिएका हुन्। तराईका अन्य जिल्लाका कमान्डरविरुद्ध पनि उजुरी परेको र छानबिन चलिरहेको सशस्त्र प्रहरी मुख्यालय स्रोत बताउँछ।

१८ भदौदेखि अनिश्चितकालीन विद्यालय बन्दको घोषणा

नयाँ पत्रिका

निजी विद्यालयहरूले १८ भदौदेखि विद्यालय बन्दको घोषणा गरेका छन्। बिहीबार दोस्रो चरणका विरोधका कार्यक्रम घोषणा गर्दै निजी विद्यालयका सञ्चालकहरूले विद्यालय ठप्प पार्ने जनाएका हुन्।

आन्दोलनको नेतृत्व निजी विद्यालयका छाता संगठन प्याब्सन, एन प्याब्सन, हिसानलगायतले गरिरहेका छन्। दोस्रो चरणको आन्दोलनअन्तर्गत निजी विद्यालयहरूले १२ भदौमा देशभरका जिल्ला सदरमुकाममा बृहत् खबरदारी सभा गरेका छन्। त्यस्तै, शुक्रबार माइतीघर मण्डलामा प्रदर्शन गर्ने घोषणा गरेका छन्। १४ र १५ भदौमा आन्दोलनको तयारी बैठक बस्ने, १६ भदौमा देशैभरका स्कुल बसहरूमा कालोझन्डा/ब्यानरसहित नगर परिक्रमा गराउने, १७ भदौमा आन्दोलनका लागि तयारी बैठक बस्ने, १८ भदौदेखि अनिश्चितकालका विद्यालय बन्द गर्ने कार्यक्रम तय गरिएको प्याब्सनका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद अधिकारीले जानकारी दिए।

विद्यालय शिक्षा विधेयकमा निजी विद्यालयलाई गैरनाफामूलक भन्न नहुने, कम्पनीबाट हटाउन नपाइने, पूर्ण छात्रवृत्ति खारेज गर्नुपर्ने लगायत माग राख्दै निजी विद्यालयहरूले आन्दोलन गर्दै आइरहेका छन्। ५ भदौयता निरन्तर प्रदर्शन गर्दै आइरहेका निजी विद्यालयहरूको माग सुनुवाइ नभएपछि विद्यालय नै बन्द गरेर आन्दोलन गर्ने घोषणा गरेका हुन्। संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले ५ भदौमा विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभामा पेस गरेको थियो। तर, उक्त विधेयकमा निजी विद्यालयलाई कडाइ गर्ने गरी व्यवस्था गरेको भन्दै उनीहरू आन्दोलित बन्दै आएका छन्। विशेषगरी पूर्ण छात्रवृत्ति, गैरनाफामूलकजस्ता प्रावधानमा निजी विद्यालयहरूले आपत्ति जनाएका छन्।

यसअघि ४ भदौमा पत्रकार सम्मेलन गर्दै निजी विद्यालय सञ्चालकहरूले पहिलो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेका थिए। तर, पहिलो चरणको आन्दोलनबाट सरकारले सुनुवाइ नगरेको भन्दै अब विद्यालय नै बन्द गरेर आन्दोलन चर्काउने घोषणा गरेका हुन्। विधेयकमा 'पूर्ण छात्रवृत्ति' भन्ने शब्द हटाइनुपर्ने, विद्यालयहरूमा उत्पादन नहुने सामग्रीहरू जस्तै पोसाक, स्टेसनरी, शैक्षिक सामग्री, खाना-खाजा उपलब्ध गराउने प्रावधान खारेज गर्नुपर्ने, कम्पनी ऐनअनुसार दर्ता भई सञ्चालनमा रहेका विद्यालयलाई गैरनाफामूलक बनाउँदै लगिने भन्ने प्रावधान हटाइनुपर्ने, छात्रवृत्ति वितरणको अधिकार सम्बन्धित विद्यालयमा रहनुपर्ने, पालिका प्रतिनिधिको सहभागितामा एक पारदर्शी समिति गठन गरी वितरण गर्न सकिने व्यवस्था गरिनुपर्नेलगायत माग राखेका छन्।

■ शिक्षक महासंघद्वारा एमाले पार्टी कार्यालयमा धर्ना

नेपाल शिक्षक महासंघले बिहीबार एमाले पार्टी कार्यालय च्यासलमा धर्ना दिएको छ। विद्यालय शिक्षा विधेयकमा शिक्षकका माग सम्बोधन नभएको भन्दै महासंघले दबाब दिन पार्टी कार्यालयहरूमा धर्ना दिएको हो।

बिहान ११ बजेदेखि १ बजेसम्म धर्ना दिएको महासंघको टिमले एमाले महासचिव शंकर पोखरेललाई ध्यानाकर्षणपत्रसमेत बुझाएको छ। 'हामी अहिले हरेक पार्टी कार्यालयहरूमा धर्ना दिने र ध्यानाकर्षणपत्र बुझाउने अभियानमा छौँ, हाम्रो माग सम्बोधन नभईकन विधेयक प्रतिनिधिसभामा पेस भयो, तर हाम्रा माग जसरी पनि पूरा हुनैपर्छ भन्ने हाम्रो अडान हो,' महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने।

यसअघि महासंघले बुधबार कांग्रेसको पार्टी कार्यालय सानेपामा धर्ना दिएको थियो। शुक्रबार माओवादीको कार्यालयमा धर्ना दिने सुवेदीले बताए। त्यस्तै, अन्य साना दलका कार्यालयहरूमा पनि धर्ना दिइनेछ। दबाबका पहिलो चरणका कार्यक्रमबाट सरकारले सुनुवाइ नगरे दोस्रो चरणमा महासंघले विद्यालय नै बन्द गरेर आन्दोलन गर्ने चेतावनी दिएको छ। संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले ५ भदौमा प्रतिनिधिसभामा विद्यालय शिक्षा विधेयक पेस गरेको थियो।

डा. गोविन्द केसीले आइतबारदेखि सत्याग्रह थाल्ने



काठमाडौँ/ चिकित्सा शिक्षा सुधारका अभियन्ता डा. गोविन्द केसीले आइतबारदेखि सत्याग्रह थाल्ने भएका छन्। सरकारले निजी मेडिकल कलेजहरूको सिटसंख्या वृद्धि गरेको, प्रतिष्ठानहरूमा राजनीतिक भागबन्डामा उपकुलपति नियुक्ति गरेको र चिकित्सा शिक्षाको मूल्य बढाउने तयारीसमेत गरिरहेको भन्दै केसीले सत्याग्रह घोषणा गरेका हुन्।

यसअघि नै सत्याग्रहको तयारी गरेको केसीले स्वास्थ्यमा समस्या आएपछि मिति सारेका थिए। आइतबार दिउँसोदेखि उनले काठमाडौँमा सत्याग्रह थाल्नेछन्। निजी मेडिकल कलेजको सिटसंख्या बढाउनु सबैभन्दा घातक रहेको केसीको बुझाइ छ। 'यो सरकारले शिक्षा र स्वास्थ्यमा राजनीतिक भागबन्डा गरेको छ, निजी माफियाहरूलाई पोस्ने काम गरिरहेको छ, यो असह्य छ, यसको विरुद्ध अब सत्याग्रह थाल्छु,' उनले भने, 'स्वास्थ्य भन्ने विषयमा सरकारको लापरबाही देख्दा लज्जा भयो, स्वास्थ्य क्षेत्र तहसनहस हुने गरी सरकारले काम गरिरहेको छ, यसको विरुद्ध हो मेरो सत्याग्रह।' सरकारले सरकारी मेडिकल शिक्षण संस्थानको कोटा यथावत् राख्दै २९ साउनमा निजी कलेजहरूमा एमबिबिएस र बिडिएसका लागि ठुलो मात्रामा सिट वृद्धि गरेको थियो। निजी कलेज सञ्चालकहरूको स्वार्थअनुसार प्रधानमन्त्री केपी ओलीको प्रत्यक्ष पहलमा कोटा बढाइएको थियो। निजीतर्फ विभिन्न तहका एक हजार ३५९ सिट थपिएका थिए। तर, सरकारी प्रतिष्ठानतर्फ सिट थपिएन। सरकारको यो निर्णयविरुद्ध चिकित्सा क्षेत्रका अभियन्ता, आवासीय चिकित्सक, शिक्षाविद्लगायतले आपत्ति जनाउँदै आइरहेका छन्। लामो समयदेखि मेडिकल शिक्षा सुधारको माग राख्दै आइरहेका केसीले मुख्यतः सिट वृद्धिको विषयलाई लिएर सत्याग्रह थाल्ने तयारी गरेका हुन्।

संघीय निजामती ऐनमा राष्ट्रिय सभाबाट अपेक्षा

निजामती सेवामा कर्मचारीको समस्याबारे प्रतिनिधित्व गर्ने आधिकारिक ट्रेड युनियनबाहेक दलैपिच्छेका अन्य ट्रेड युनियनको कुनै आवश्यकता छैन



● विष्णुहरि मरासिनी

अग्रलेख

निजामती सेवालाई व्यावसायिक, परिणाममुखी र जनकेन्द्रित बनाई प्रशासनिक संघीयतालाई संस्थागत गर्नु आजको आवश्यकता हो। मुलुकको सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त बनाई सार्वजनिक सेवालाई जनताको घरदैलोमा पुऱ्याउन सकेमा मात्र देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको जग मजबुत हुँदै जान सक्छ। जनताको अधिकाधिक पहुँचलाई सेवाप्रवाहमा बढोत्तरी गर्ने हिसाबले दशकअगाडि नै आउनुपर्ने यो कानुन हाल प्रतिनिधिसभाबाट पारित भई राष्ट्रिय सभाको विधायन समितिमा दफाबार छलफलका क्रममा रहेको छ। 'कुलिङ अफ पिरियड'को गडबडीले गर्दा केही विलम्ब भए पनि छिट्टै संघीय निजामती सेवा ऐन चालू अधिवेशनबाटै पारित हुने र कार्यान्वयनमा जाने विषयमा अब सन्देह रहेन।

प्रस्तुत आलेखमा निजामती सेवाको वृत्तिविकासमा छड्के प्रवेश र माथिल्लो शैक्षिक योग्यतालाई निजामती कर्मचारीले खालि अध्ययनमा समय बिताएर र परीक्षाको समयमा निकै दिन बिदामा बसेर सेवा प्रवाहमा चासो नदिएको भन्ने बहानामा रोक्न खोजेको विषयमा कसरी निजामती सेवामा छड्के प्रवेश र माथिल्लो शैक्षिक योग्यता र दलपिच्छेका ट्रेड युनियनको औचित्यसमेतलाई समावेश गरी यसलाई व्यवस्थित गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित रहेर केही सुझाब प्रस्तुत गर्न खोजिएको छ। जनमुखी प्रशासन, छिटोछरितो सेवा प्रवाह, संविधानको मर्म, भावना तथा सहकारिता, समन्वय र सहअस्तित्वमा आधारित संघीयतालाई बलियो बनाउनुपर्ने कुरालाई समेत मध्यनजर गर्दै निम्न कुरालाई समेत स्पष्ट रूपमा संशोधन गर्दै दीर्घकालसम्म चिरस्थायी हुने गरी निजामती सेवा ऐनलाई शीघ्र जारी गर्न सकेमा मात्र यसले केही आशा सञ्चार गर्न सक्छ।

छड्के प्रवेशमा बन्देज होइन, खुला गरौं : नेपालमा प्रशासनिक सुधार आयोगको प्रतिवेदनपश्चात् निजामती सेवामा 'अस्वीकृत दिमाग'को संलग्नता रहेको भन्ने धारणालाई चिर्न र नयाँ रगत जो निजामती सेवाभित्र वा बाहिर केही वर्ष काम गरेको आधार र निजको शैक्षिक योग्यता, अनुभवसमेतको आधारमा उपसचिव र सहसचिवको परीक्षामा १० प्रतिशत रिक्त तहमा लोकसेवाको परीक्षा प्रणालीबमोजिम भर्ना गर्न सकिने कानुनी व्यवस्था रहेकोमा हाल उक्त व्यवस्था सहसचिवको पदपूर्तिमा हटाउने भनी निजामती सेवाको प्रस्तावित विषयमा प्रतिनिधिसभाको बहुमतले स्वीकृत गरी राष्ट्रिय सभामा छलफलका क्रममा छ।

निजामती सेवामा प्रतिभाशाली जनशक्तिको प्रवेश गराउने उद्देश्यले ल्याइएको यो प्रावधान खालि कर्मचारीले लोकसेवाको तयारीमा लाग्दा सेवा प्रवाहमा जटिलता आएको भनी हटाउन लागेको देखिन्छ। यो वैज्ञानिक तर्क होइन। निजामती कर्मचारीका कानुनले तोकिएका आचारसंहिता र निजको कार्यविवरणमा कडाइ गरी कार्यालय समयमा निजको कार्यसम्पादनलाई वस्तुगत मूल्यांकन गर्ने परिपाटीको व्यवस्था गर्ने तर निजले घरमा अध्ययन गरेर खालि परीक्षामा सहभागी हुने कुरालाई सहजीकरण गर्न सके निजको वृत्तिविकास पनि हुने र सेवा प्रवाहमा समेत असर पर्ने हुँदैन। प्रशासकहरू आफूमा भएको अधिकार प्रयोगमा हिच्किचाउने अनि प्रतिभाशाली व्यक्तिको आगमनलाई निस्तेज गर्ने गरी कानुन निर्माण गर्ने कार्यले नवप्रवर्तनलाई भित्र्याउन सकिँदैन।

संघीय निजामती सेवा ऐनले सूचना प्रविधिले ल्याएको चामत्कारिक परिवर्तन र सार्वजनिक प्रशासनमा आएको व्यापक परिवर्तनलाई आत्मसात् गर्न नसक्ने गरी मानव पुँजी भित्र्याउने गरी सकारात्मक भर्ना प्रणालीलाई समावेश गरी अगाडि बढ्नुपर्ने आजको आवश्यकतामाथि 'जेठाहरूको घर' भनेर चिनिने माथिल्लो सदन राष्ट्रिय सभाले पक्कै पनि विचार पुऱ्याउने नै छ। यसको आवश्यकतालाई महसुस गरेर भारतमा पनि सहसचिवमा छड्के प्रवेश सुरुवात गरेको देखिन्छ। सरकारी सेवामा आकर्षण घट्दै गएको र 'ब्रेन ड्रेन'को खतरा रहेको वर्तमान समयमा सीमित यसलाई निरन्तरता दिँदा निजामती सेवा थप सशक्त नै हुनेछ।

शैक्षिक योग्यताको उपेक्षा होइन, प्रोत्साहन गरौं : निजामती सेवा विशेषज्ञहरूको सेवा पनि हो। जसमा कानुन, राजस्व तथा प्राविधिक पदमा माथिल्लो योग्यताको अधिकतम महत्त्व हुन्छ। तर, प्रस्तावित ऐनको बढुवाको आधारलाई दृष्टिगत गर्दा माथिल्लो शैक्षिक योग्यतालाई अन्त्यमा राखेर कहिल्यै प्रयोगमा नआउने गरी व्यवस्थापन गरिएको छ। जुनचाहिँ अधिल्लो ऐनले व्यवस्था गरेभन्दा निकै प्रतिगामी प्रकृतिको देखिन्छ। माथिल्लो शैक्षिक योग्यतालाई तीन अंक दिने पुरानो व्यवस्थाले कर्मचारीमा विशेषज्ञता हासिल गर्न उत्प्रेरित गरेको थियो। जुन संगठनका लागि अमूल्य मानव पुँजीका रूपमा रहेको हुन्छ। शैक्षिक योग्यता र अनुभवको मिश्रणले नै सैद्धान्तिक र व्यावहारिक ज्ञान प्राप्त हुने र सेवा प्रवाहमा नयाँपन आई समस्या समाधान गरी वर्तमान चुनौतीलाई पार गर्न सकिने हुन्छ।



> शैक्षिक योग्यतालाई तीन अंक दिने पुरानो व्यवस्थाले कर्मचारीमा विशेषज्ञता हासिल गर्न उत्प्रेरित गरेको र यस्तो व्यवस्था निजामती सेवाका लागि अमूल्य मानव पुँजीका रूपमा रहेको हुनाले यसलाई हटाइनुहुँदैन

दलैपिच्छेका ट्रेड युनियन खारेज गरौं : निजामती सेवा विशेष किसिमको सेवा हो। औद्योगिक क्षेत्रमा मालिक र श्रमिकबिच सधैं विवाद भइरहने र श्रमिकको प्रतिनिधित्व ट्रेड युनियनमार्फत गरिने व्यवस्था भए पनि निजामती सेवामा त्यो अवस्था नरहने हुँदा कर्मचारीको समस्याबारे प्रतिनिधित्व गर्ने आधिकारिक ट्रेड युनियनबाहेक अन्य दलैपिच्छेका ट्रेड युनियनको आवश्यकता छैन। केबल सरकार परिवर्तनसँगै दलीय ट्रेड युनियनका सदस्यले आफ्नो शक्तिको प्रदर्शनबाहेक केही गर्दैनन्। नेपालको सन्दर्भमा दलैपिच्छेका संगठनको दादागिरी र तिनको हस्तक्षेपका कारण निजामती सेवाभित्र निकै अराजकता मौलाएको छ। स्पष्ट रूपमा ऐनमा लेखिएका प्रावधानको कार्यान्वयन हुने र आवश्यकताअनुरूप पुलका रूपमा आधिकारिक ट्रेड युनियनले काम गर्ने हुँदा यस ऐनमा दलैपिच्छेका युनियनको प्रावधान किञ्चित रूपमा राखिनुहुँदैन।

> सरुवालाई व्यवस्थित गराउन निश्चित मापदण्ड विकास गरी स्वचालित सरुवा प्रणालीको प्रबन्ध गर्नुपर्छ। कर्मचारीले अबको यति समयमा आफ्नो सरुवा यो भौगोलिक क्षेत्रमा हुन्छ भन्ने अनुमान गर्न सक्ने अवस्था हुनुपर्छ।

दलगत रूपमा विभाजित कर्मचारीले कुनै हालतमा निष्पक्ष र तटस्थ रूपमा सेवा प्रदान गर्न नसक्ने र निजामती सेवालाई जनताको सेवकका रूपमा भन्दा पनि मालिकका रूपमा स्थापित गर्छ। कर्मचारीभित्र विभाजन ल्याई नीति कार्यान्वयनमा समेत व्यवधान पुऱ्याउँछ। तसर्थ, केबल कर्मचारीलाई भोटबैंकका रूपमा लिई तिनको खुसीका लागि यो प्रावधान राख्ने हो भने सुधार कहिले हुन्छ र कसले गर्छ ? दलैपिच्छेका युनियनको औचित्य छैन भन्नेमा सबै राजनीतिक दल सहमत हुनुपर्छ।

वैज्ञानिक र अनुमानयोग्य सरुवा प्रणाली लागू गरौं : निजामती सेवाभित्र सधैं विवादित रूपमा रहने यो विषय सधैंका लागि अन्त्य गर्न निकै ढिला भइसकेको छ। यसका लागि निश्चित मापदण्ड विकास गरी स्वचालित सरुवा प्रणालीको प्रबन्ध गर्नुपर्ने अवस्था देखिन्छ। कर्मचारीले अबको यति समयमा निजको सरुवा यो भौगोलिक क्षेत्रमा हुन्छ भन्ने अनुमान गर्न सक्ने गरी यसलाई व्यवस्थित गर्नु जरुरी छ। साथै सरुवाको समयलाई आर्थिक वर्षको सुरुवातभन्दा पनि शैक्षिक वर्षसँगै सामीप्य गराउन जरुरी छ। निश्चित प्रणालीमा कार्य सञ्चालन गरी आर्थिक वर्षको अन्तिममा सरुवा गर्दा अलिक समस्या पर्छ कि भन्ने हो भने त्यो केबल आर्थिक चलखेल गर्ने माध्यम मात्र हो। वैज्ञानिक एवं अनुमानयोग्य सरुवा प्रणाली लागू गर्न आजको ठुलो आवश्यकता हो, जसले जनशक्तिविहीनताको अवस्थालाई स्वतः अन्त्य गर्न सक्छ।

वृत्तिविकासका यथेष्ट अवसर प्रदान गरौं : उत्प्रेरित कर्मचारी आजको आवश्यकता हो। अवसरको खोजीमा बिदेसिने प्रतिभा र निजी क्षेत्रमा रमाउने प्रतिभाशाली व्यक्तिलाई आकर्षण गर्न, प्रतिभा पलायनको समस्यालाई सम्बोधन गर्न, निजामती सेवामा नयाँ सञ्चार दिन र तिनलाई संरक्षण गरी सेवाभित्र टिकाइराख्नसमेत ऐनमै विशेष व्यवस्था राखिनुपर्छ। विभिन्न मौद्रिक तथा गैरमौद्रिक व्यवस्थाका साथै वृत्तिविकासका प्रावधान, अनुमानयोग्य बढुवा प्रणाली, आन्तरिक तथा छड्के प्रवेशका प्रावधानलाई खुम्च्याउनुभन्दा प्रभावकारी बनाउने गरी ऐनमा व्यवस्था गरिनु वाञ्छनीय हुन्छ। भइरहेका प्रावधानलाई समेत विनासुझबुझ हटाइदिँदा जनशक्तिको 'टर्न ओभर' हुने कुरामा सरकारको ध्यान गएको देखिँदैन। निजामती सेवामा प्रवेश गरेका प्रतिभा केही समयपछि पलायन हुँदै गएको सन्दर्भमा कार्यसम्पादन मूल्यांकनलाई वस्तुनिष्ठ बनाई अवसर प्रदान गर्ने गरी ऐनमै व्यवस्थित गर्नुपर्ने देखिन्छ।

प्रदेश र स्थानीय तहसँगको सम्बन्ध कायम गरौं : हाम्रो संविधानले नै स्पष्ट रूपमा सहकारिता, सहभागिता, समन्वयतात्मक रूपको सहअस्तित्वसहितको संघीयताको परिकल्पना गरेको परिप्रेक्ष्यमा प्रदेश र स्थानीय तहमा समेत केन्द्रको कुनै न कुनै रूपमा प्रतिनिधित्व स्थायी सरकारका रूपमा रहेको निजामती सेवाबाट हुनु जायज देखिन्छ। हुन त कतिपयले यसलाई संघीयताविरोधी व्यवस्थाका रूपमा लिएको देखिए पनि प्रादेशिक र स्थानीय तहमा केन्द्र सरकारको उपस्थिति संविधानको मर्म र भावनाको अनुकूल नै रहेको कुरा बुझ्न जरुरी छ। तसर्थ, यस विषयमा पनि प्रमुख राजनीतिक दलबिच निकै गम्भीर छलफल हुनु जरुरी देखिन्छ। विश्वका कतिपय मुलुकमा समन्वयको अभावमा संघीयताले असफलता व्योहोर्नुपरेको अवस्थासमेत देखिन्छ।

अन्त्यमा, बहुप्रतीक्षित निजामती सेवा ऐन कुनै पनि बहानामा नरोकियोस् र यथाशीघ्र उन्नत रूपमा सार्वजनिक प्रशासन र सेवा प्रवाहमा आमूल सुधार ल्याउने, विद्यमान समस्याको समाधान गर्ने र निजामती कर्मचारीको मनोबल उच्च राख्ने गरी समग्र प्रशासनमा समयानुकूल परिवर्तनको आभास हुने र सार्वजनिक सेवा प्रवाहमा आमूल परिवर्तन ल्याउन सक्ने गरी शीघ्र जारी हुनुपर्छ। यस विषयमा राष्ट्रिय सभामा गहन छलफल भई थप परिष्कृत रूपमा पारित हुन सके यसको महत्ता थप बढ्ने थियो।

(मरासिनी नेपाल सरकारका कानुन अधिकृत हुन्)

---

३ प्रश्न

पूर्वप्रहरी नायब महानिरीक्षक **रमेश खरेल**लाई



एकै प्रकृतिका मुद्दामा पनि कसैलाई हिरासत त कसैमाथि अनुसन्धान नै नहुने अवस्था किन आउँछ ?

यो देशमा सबैका लागि कानुन बराबर छैन। शक्तिमा हुने मान्छेका लागि जस्तोसुकै अपराधमा पनि कानुन नलाग्ने या कानुनले छुन नसक्ने अवस्था सिर्जना गरिएको छ। उनीहरूका लागि अदालतदेखि प्रहरी प्रशासनसम्म सबैतिर सेटिङ हुन्छ। एउटै प्रकृतिका मुद्दामा शक्तिको छत्रछायामा हुनेले सजिलै उन्मुक्ति पाउँछ भने शक्तिमा नहुनेले जताबाट पनि लखेटिनुपर्छ। जुन पछिल्लो समयका कैयौं मुद्दामा हामीले देखिरहेका पनि छौं।

राजनीतिक व्यक्ति जोडिएका घटनामा प्रहरीको अनुसन्धानमा राजनीतिक हस्तक्षेप कति हुन्छ ?

राजनीतिक व्यक्ति जोडिएका प्रहरी अनुसन्धानमा हस्तक्षेपको सीमा नै हुँदैन। तर, कतिपय 'प्रोफेसनल' प्रहरी अधिकृतको 'ब्युटी' के छ भने उनीहरू कुनै पनि हस्तक्षेप या दबाबमा पछि हट्दैनन्। प्राफेसनल अधिकृत बरु आफ्नो करियर नै दाउमा राख्न तयार हुन्छन्। तर, कसैको दबाबसामु झुक्न तयार हुँदैनन्। म यो निर्देशन पालना गर्न सक्दिनँ, मलाई अन्यत्रै सरुवा गरिदिनुस् र तपाईंलाई अनुकूल हुने अधिकृत ल्याउनुस् भन्ने प्रहरी अधिकृत पनि छन् यहाँ। तर, यस्ता प्रोफेसनल अधिकृतको संख्या अत्यन्त कम छ। प्रहरीमा जो अवसरवादी अधिकृत छन्, तिनले माथिको निर्देशन पर्खेरै काम गर्छन्। निर्देशन पाउनासाथ नेतृत्वको ताबेदारी गर्नु उनीहरूका लागि सामान्य हुन्छ। त्यसैले, यस्तो हस्तक्षेपमा नेताहरू मात्र दोषी छैनन्, प्रहरी अधिकृत स्वयं पनि यसका लागि जिम्मेवार छन्।

यस्ता विषयको अनुसन्धानमा प्रहरीले ऐन, कानुनमा टेकेर उभिन कति सम्भव छ ?

अहिलेका राजनीतिक नेतृत्वहरू शक्तिमा रहुन्जेल यस्तो सम्भावना अत्यन्त कम छ। त्यसको छाया हामीले देखिरहेका पनि छौं। अहिले व्यक्तिको राजनीतिक रङ हेरेर मुद्दाको अनुसन्धान र अभियोजन भइरहेको लुकेको छैन। त्यसैले, प्रहरीले स्ट्यान्ड लिन निकै कठिन छ।

प्रेरक प्रसंग

बुद्ध र भक्तको सवाल-जवाफ

एकपटक रातको समयमा महात्मा बुद्धले प्रवचन दिइरहेका थिए। बुद्धको प्रवचन सुन्नका लागि त्यहाँ सयौं मानिस उपस्थित थिए। बुद्धको प्रवचन चलिरहेको थियो। मानिसहरू उनको प्रवचन ध्यानपूर्वक सुनिरहेका थिए। श्रोताहरूको पंक्तिमा बिचमा बसेका एक भक्त बारम्बार निदाइरहेका थिए। उनी निदाएको महात्मा बुद्धले पनि देखे। त्यो देखेपछि महात्मा बुद्धले उनलाई बोलाएर सोधे, 'वत्स के तिमी सुतिरहेका छौ ?'



'छैन महात्मा,' बुद्धको प्रश्न सुनेपछि हतपत्त उठ्दै हड्बडाएर उनले भने। 'ए, त्यसो भए ठिक छ,' मुसुक्क मुस्कुराउँदै बुद्धले आफ्नो प्रवचन सुरु गरे। बुद्धको प्रवचन चलिरह्यो। श्रोताहरू धैर्यपूर्वक उनको प्रवचन सुनिरहेका थिए। तर, आफू नसुतेको बताउने ती व्यक्ति भने पहिलेजसरी नै उँघिरहेका थिए। महात्मा बुद्धले बिचबिचमा त्यही प्रश्न सोध्दै उनलाई जगाउँदै गरे। उनी भने, 'सुतेको छैन महात्मा' भनेर फेरि सुतिहाल्थे।

प्रवचनको अन्त्यतिर पुगेपछि तिनै मानिसलाई बुद्धले मुस्कुराउँदै फेरि सोधे, 'वत्स, के तिमी जीवितै छौ ?' 'छैन महात्मा,' हरेक पटकझैं यसपटक पनि उनले बुद्धलाई जवाफ दिए। उनको जवाफ सुनेर श्रोतामा हाँसोको लहर दौडियो। उनीहरू मुख छोपीछोपी हाँस्न थाले।

उनको जवाफ सुनेपछि महात्मा बुद्ध पनि मुस्कुराए। केही छिनपछि फेरि गम्भीर भएर महात्मा बुद्धले भने, 'वत्स, निद्रामा तिमीले एकदम सही जवाफ दियौ। जो निद्रामा हुन्छ, ऊ मृतकसमान नै हुन्छ।'

टिप्पणी nayapatrikaofficial @naya_patrika

सामाजिक सञ्जाल दर्ता गराऊ

विशेषगरी एमाले र ओली नेतृत्वको सरकारले देशमा जे-जस्तो काण्ड मच्चाए पनि जयजयकार गर्नुपर्ने हो ? राम्रो काम गरे सबैले साथ सपोर्ट गरिहाल्छ नि ! कस्तो सरकार हो यो, भ्रष्टाचार, बेथिति र कुशासनको विरोध गरे सामाजिक सञ्जाल निष्क्रिय पार्ने ! तिमीहरूको यो बेथिति केही थान झोलेबाहेक इमानदार जनताले राम्रोसँग मूल्यांकन गरेका छन्।

● **रोहित रामदाम**

कहिले टिकटक, कहिले फेसबुक, कहिले टेलिग्राम, कहिले केही, बन्द गर्नुभन्दा बरु सिम कार्डमा २ जी, ३ जी या ४ जी सेवा बन्द गरौं।

● **रेयांशजंग कुँवर**

सामाजिक सञ्जाल राज्यको नियमन र नियन्त्रणमा रहनु जरुरी छ। यसका लागि सूचीकृत हुने कुरामा विरोध गर्नु भनेको राज्यलाई बेथिति, अवैधानिकता तथा अराजकतातर्फ धकेल्ने प्रयास गर्नु हो।

● **हरि श्रेष्ठ**

नियमन गर्नु जरुरी छ। राम्रो खोज्ने अनि सिस्टममा ल्याउन खोज्दा विरोध गर्नु राम्रो होइन।

● **डम्मर रोका**

सरकार कुनै पनि कार्ययोजना लागू गर्न गृहकार्य नगरी र संवेदनशील नभई प्रस्तुत हुँदै आएको हुँदा विभिन्न निर्णयमा उपहास सहँदै युटर्न हुँदै आएको देखिन्छ।

● **आरके जोशी**

(नयाँ पत्रिका फेसबुकबाट)

व्यक्तिअनुसार कानुन फरक हुन्छ र ?



कठै मेरो देश, तिम्रा न्याय ! कस्तो न्याय हो यो ? पाप त अवश्य लाग्नेछ। तिम्रा प्रहरी प्रशासन, सम्मानित अदालतसम्म किन्छौ, साधारण जनताले कस्तो न्याय पाउलान् ? कसुर एउटै भए पनि सजाय अलग-अलग गर्छौं छानिछानी। कानुन र न्याय सबैलाई एउटै हुनुपर्ने होइन र ?

● **हरि अधिकारी**

न्यायालय अब न्यायालय रहेन। कानुन र न्यायका पक्षमा बोल्ने इमानदारलाई थुन्ने र भ्रष्टाचारी, अपराधी, माफिया र दलाललाई चोख्याउने 'पवित्र' थलोमा परिणत भयो।

● **बाबुराम शर्मा**

यिनको बदला उता पूर्वरास्वपा केन्द्रीय नेतालाई ह्वाटसएपमा कुरा गरेको भन्दै समायो। यिनलाइ पर्दैन, यिनको खासै 'ठुलो केस' पनि होइन ! मात्र बलात्कारको केस त हो !

● **सागर पौडेल**

ह्या ! सत्ताधारी नेता-कार्यकर्ताको पनि अनुसन्धान र छानबिन हुन्छ त ? कांग्रेस र एमालेको त्यो पनि दुईतिहाइको सरकार भएको वेला सम्झिने पानी छम्किने हो सुशासनको कुरा त !

● **केशव सापकोटा**

कांग्रेस र अझ खासगरी एमालेका आरोपित र अभियुक्त सुपर फास्ट ट्र्याकबाट कथित बयान लिएर पत्काउ परेको केही घण्टामै ससम्मान छुट्काराको पाउने अलग्गै कानुन पो रहेछ है यो देशमा ?

● **डिल्ली फेजोङ**

न्याय, धर्म, कानुनीराज र मानवीयता समाप्त भइसकेको नेपालमा सर्वसाधारण पीडितले कहिल्यै न्याय पाउनेवाला छैनन्। निर्मला पन्तको बलात्कारी र हत्यारा पनि यतैकतै मोजमस्ती गरेर घुमिरहेको होला !

● **खगेन्द्र सापकोटा**

(नयाँ पत्रिका फेसबुकबाट)

साहस गुमाएको संयुक्त राष्ट्र संघ

संयुक्त राष्ट्र संघले साहस गऱ्यो भने यससँग प्यालेस्टाइन, युक्रेन र सुडानमा जीवन बचाउने शक्ति र वैधता छ



देश / विदेश

● मार्टिन ग्रिफिथ्स

अर्को महिना संयुक्त राष्ट्र संघ स्थापना भएको ८० वर्ष पुग्दै छ। तर, यति लामो यात्रा तय गरिसकेको संगठन अहिले संकटमा छ। दशकौंयताकै सबैभन्दा खराब भूराजनीतिक दृश्यमाझ यो महान् संस्था बजेटको चरम अभाव झेलिरहेको छ। युक्रेन, प्यालेस्टाइन, सुडान र अन्य भागमा द्वन्द्व भड्किरहेको समयमा संघको प्रासंगिकतामै प्रश्न उठ्न थालेको छ। मानवीय भूमिका अझै प्रभावकारी देखिए पनि संघ उल्लिखित द्वन्द्व अन्त्य गर्ने तथा शान्ति स्थापना गर्ने आफ्नो प्राथमिक उद्देश्यमा भने किनारामा धकेलिएको छ।

यसमा संयुक्त राष्ट्र संघका संरचनात्मक कमजोरीलाई दोष देखाएर पन्छिन सजिलो हुन्छ। सुरक्षा परिषद्का पाँच स्थायी सदस्य चीन, फ्रान्स, रुस, बेलायत र अमेरिकाले आफूलाई मन नपरेको प्रस्तावलाई भिटो लगाएर निस्तेज बनाउने कुराले सुधारमा बाधा पुऱ्याएकै छ। त्यसबाहेक महासभाको सापेक्षिक कमजोरी र संस्थागत खण्डीकरण अन्य समस्या हुन्। तर, उल्लिखित समस्या संघ स्थापनादेखि नै कायम छन्। विगतमा ती कमजोरीले संघलाई महान् कार्यहरू कार्यान्वयन गर्न रोकेका थिएनन्।

संयुक्त रांष्ट्र संघको प्रासंगिकतामा उठेको पछिल्लो प्रश्न यसको सबैभन्दा बहुमूल्य स्रोतको पतनका कारण उत्पन्न भएको हो। त्यो हो यसको साहस। नेतृत्व गर्ने साहस, युद्धरत पक्षलाई मिलाउने साहस, दण्डहीनताविरुद्ध लड्ने र विधिको शासन लागू गर्ने उपायहरूको खोजी गर्ने साहस, असफल भए पनि विकृति रोक्न प्रयास गर्ने साहस। तर, पछिल्लो समय संगठनमा खतरा नमोल्ने संस्कृति भित्रिएको छ। राजनीतिक गतिरोधका कारण जडता र पन्छिने संस्कृति विकास भएको छ।

बजेट अभावका बाबजुद संयुक्त राष्ट्र संघले आफ्ना राजनीतिक तथा सहायता मिसनमार्फत विश्वभरि महत्त्वपूर्ण काम गरिरहेको छ भन्ने कुरामा कुनै शंका छैन। तर, शान्ति स्थापनामा किनारामा धकेलिएझैं संयुक्त राष्ट्र संघ रोगको कारण सम्बोधन गर्नेभन्दा लक्षणको मात्र उपचार गर्ने डाक्टर बनेको छ। यो संयुक्त राष्ट्र संघको नैतिकतामा आफ्नो जीवन समर्पित गरेका हामीजस्ता पूर्वकर्मचारीका लागि पीडादायी छ भने द्वन्द्व क्षेत्रमा फसेका मानिसका लागि घातक छ।

संयुक्त राष्ट्र संघका महासचिवसँग द्वन्द्वको मध्यस्थता गर्ने वा द्वन्द्व कम गर्ने महत्त्वपूर्ण शक्ति हुन्छ। संयुक्त राष्ट्र संघ र महासचिव मध्यस्थताका लागि अगाडि आए त्यसको ठुलो वैधतासमेत रहन्छ। संयुक्त राष्ट्र संघको नेतृत्वविना अझै पनि द्वन्द्वको अन्तिम सम्झौता सम्भव हुन कठिन छ। यस्तो सम्भावना भएको संगठनको तर्फबाट थप शान्ति स्थापनाका प्रयास भएको देखिँदैन। सम्भवतः संगठनको गति हराएको छ। त्यसैले अबका दिनमा नेतृत्वले साहस, ऊर्जा, दृढता र सम्पूर्ण संगठनलाई विशिष्ट लक्ष्यका लागि परिचालन गर्ने इच्छाशक्तिजस्ता गुण बढाउन ध्यान दिनुपर्छ।

सचिवालयले शान्ति स्थापना क्षमता भएका प्रतिभालाई प्रणालीमा भित्र्याउन ध्यान दिनुपर्छ। त्यस्ता व्यक्तिको द्रुत तैनाथी र तिनले अपेक्षाकृत प्रदर्शन नगरेमा तिनीहरूलाई त्यागसमेत इच्छुक हुनुपर्छ। त्यस्तै, यसले एजेन्डा तय गरेर प्रमुख पक्षलाई एक ठाउँमा ल्याउन सक्ने विशेष दूतहरूको परिचालन बढाउनुपर्छ। आवश्यक परे शान्ति स्थापना गर्न अनौपचारिक रूपमा संस्थासँग साझेदारीको पनि प्रयोग गर्नुपर्छ। यो नयाँ अवधारणा होइन, तथापि



फोटो : एबिसी न्युज

यसको प्रयोग पछिल्लो समय हराएको छ।

शान्ति स्थापना गर्ने टोलीको क्षमतामा बढी ध्यान दिनुपर्छ। प्राविधिक मध्यस्थता सीप र प्रशिक्षणमा अहिलेको भन्दा धेरै बढी लगानी आवश्यक छ। त्यस्तै जटिल, विकसित परिस्थितिमा छिटो प्रतिक्रिया दिन मुख्यालय र फिल्डमा व्यापक समर्थन चाहिन्छ। अहिलेको विश्वमा प्रभावकारी मध्यस्थताका लागि तीन कुरा आवश्यक पर्छ- संयुक्त राष्ट्र संघको वैधानिक शक्ति र विश्वव्यापी अनुभव, मध्यस्थकर्ताको रूपमा संलग्न सरकारको लाभ, र प्रभावित समुदायको आवाज उठाउन सक्ने स्वतन्त्र संस्थाहरूको अनुभव। संयुक्त राष्ट्र संघले यस त्रिकोणमा आफ्नो भूमिका खेल्न ध्यान दिनुपर्छ। यसले आगामी दशकमा द्वन्द्व समाधान गर्ने निकायको रूपमा आफ्नो मौलिक उद्देश्य के हो भनेर स्पष्ट दृष्टिकोण पनि तय गर्नुपर्छ।

वर्तमान महासचिव एन्टोनियो गुटेरसद्वारा सुरु भएको 'युएन ८० पहल'ले संगठनको प्रणालीव्यापी दक्षता र प्रभावकारिता सुधार गर्ने लक्ष्य लिएको छ। यो धेरै स्वागतयोग्य कदम हो। बजेट अभावलाई ध्यानमा राख्दै संघका एजेन्सीको प्रस्तावित 'मर्जर' र कर्मचारी कटौती बुझ्न सकिने परिघटना हो। तर, यसलाई अझै पनि संयुक्त राष्ट्र संघको भावी भूमिकाको सकारात्मक दृष्टिकोणभित्र प्रस्तुत गर्न सकिएको छैन। नयाँ परिस्थितिमा संघका संस्थापकको वाचा गरेअनुरूपको संयुक्त राष्ट्र संघ निर्माण गर्नेबारे सचिवालय र सदस्य राष्ट्रबिच अझै वास्तविक बहस हुन सकेको छैन।

संयुक्त राष्ट्र संघमा धेरै प्रतिभाशाली मानिस छन्। यो अझै पनि विश्वका लागि अपरिहार्य संस्था हो। अहिलेका लागि यसको एक मात्र अक्षम्य अपराध यसको निष्क्रियता हो। यसबाट सबैभन्दा कमजोर मानिसलाई नकारात्मक प्रभाव परिरहेको छ। हामी तिनीहरूलाई निराश बनाइराख्न सक्दैनौं। यो महान् विश्वव्यापी परियोजनाले आफ्नो वार्षिकोत्सव मनाउन योग्य बनाउने हो भने फेरि एकपटक आफूलाई सान्दर्भिक बनाउने साहस गर्नुपर्छ। त्यसका लागि अब ढिलो गर्न हुँदैन।

(मार्टिन 'मानवीय मामिला'का संयुक्त राष्ट्र संघका पूर्वउप-महासचिव तथा आपत्कालीन राहत संयोजक थिए।)

द गार्जियनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकाका निर्वासितलाई अफ्रिका होइन, युरोप पठाउनु उत्तम

ट्रम्पको नीतिले अफ्रिकाप्रतिको 'भिक्टोरियन युगीन' दृष्टिकोणलाई उजागर गर्छ, जहाँ यसलाई एक उजाड, अपूरणीय महाद्वीप मान्दै सम्मान वा समान साझेदारीका लागि अयोग्य मानिन्छ

रुवान्डाले अगस्ट ५ मा ट्रम्प प्रशासनको विस्तारित तेस्रो देश निर्वासन कार्यक्रमअन्तर्गत २५० आप्रवासीलाई स्वीकार गर्न सहमत भएको घोषणा गऱ्यो । तर, राजधानी किगालीबाट बोल्दै सरकारी प्रवक्ता योलान्डे माकोलोले रुवान्डाले कसलाई निर्वासन अन्तरगत 'पुनर्वास'का लागि स्वीकार गर्ने भन्ने अधिकार आफूहरूमा निहित रहेको बताइन् । आफ्नो देशमा स्वीकार गरिएकाहरूले 'जीवन पुनर्निर्माणमा' सहयोग गर्न तालिम, स्वास्थ्य सेवा र आवास प्राप्त गर्ने समेत उनले बताइन् ।



यो कार्यक्रम राष्ट्रपति डोनाल्ड ट्रम्पको 'अमेरिकी इतिहासको सबैभन्दा ठुलो निर्वासन अभियान' संचालन गर्ने विवादास्पद प्रतिज्ञाको एक अंश हो । यसले अफ्रिकी महादेशमा आफ्नै ढाँचाको तेस्रो निर्वासन सम्झौतालाई पनि संकेत गर्छ । जुलाई १६ मा अमेरिकाले भियतनाम, जमैका, लाओस, क्युबा र यमनबाट पाँचजना दोषी ठहरिएका अपराधीलाई पहिले स्वाजिल्यान्ड भनेर चिनिने इस्वातिनी पठायो । उनीहरूलाई 'बर्बर र हिंसात्मक' भनेर वर्णन गरिएको र उनीहरूका मूल देशहरूले अस्वीकार गरेको राजधानीनजिकैको मत्साफा सुधारपरिसरका पृथक् एकाइमा राखिएको छ । अहिले उनीहरू स्वदेश फिर्तीका लागि पर्खिरहेका छन् ।



● तफी म्हाका

सामाजिक तथा राजनीतिक टिप्पणीकार म्हाका अलजजिराका स्तम्भकार हुन् ।

यी सम्झौता अन्यायपूर्ण छन् । अमेरिकाले कमजोरलाई झन् कमजोर बनाएर अरूलाई बलियो बनाइरहेको छ । ट्रम्पको स्थापित क्रूरता भयानक छ । सन् २०१९ मा उनको नीतिले बालबालिकालाई आतंकित र अभिभावकबाट छुट्याएर एक्लो बनाउने काम गरेको थियो । अहिले अमेरिकाले आप्रवासीलाई रुवान्डा, इस्वाटिनी र दक्षिण सुडान (पहिले नै आफ्ना नागरिकको हेरचाह गर्न संघर्ष गरिरहेका देशहरू) मा पठाउँदै छ ।

ट्रम्पको नीतिले अफ्रिकाप्रतिको 'भिक्टोरियन युगिन' दृष्टिकोणलाई उजागर गर्छ, जहाँ यसलाई एक उजाड, अपूरणीय महाद्वीप मान्दै सम्मान वा समान साझेदारीका लागि अयोग्य मानिन्छ । उनको दृष्टिकोणले पश्चिमी परम्परालाई प्रतिध्वनित गर्छ, जुन कोनराडको 'हार्ट अफ डार्कनेस'मा देखिएको थियो, जहाँ अफ्रिकालाई 'अँध्यारो' र 'आदिम' का रूपमा चित्रण गरिएको छ ।

हो, अफ्रिकामा चुनौतीका पहाड छन् । तैपनि, हामी सीमान्तकृतलाई मोहरामा परिणत गर्दैनौं । ह्याम्रो मानवता अटल र निन्दारहित छ । आज युगान्डाले लगभग १७ लाख शरणार्थीलाई आश्रय दिन्छ, जसका कारण यो अफ्रिकाको सबैभन्दा ठुलो शरणार्थीलाई आश्रय दिने देश बनेको छ । यो संख्या आज बेलायत, फ्रान्स र बेल्जियममा रहेका कुल शरणार्थी संख्याभन्दा बढी हो ।

युरोपले शरणार्थीका लागि धेरै ठुलो जिम्मेवारी लिनुपर्छ । तेस्रो देशमा निर्वासन सम्झौता विश्वसनीय नीति होइन । तिनीहरू उपनिवेशवादको रूपमा पुनर्जन्म हुन् । कुनै पनि आत्म-सम्मानित अफ्रिकी नेताले कहिल्यै संगठित अत्याचारमा सहभागी हुन सहमत हुनुहुँदैन । अफ्रिकामा अझै पनि पश्चिमले लगाएको घाउबाट रगत बगिरहेको छ । सुडानको गृहयुद्ध, लोकतान्त्रिक गणतन्त्र कंगोमा नागरिक अशान्ति, नाइजेरियाको डेल्टामा वातावरणीय विनाश र सिएफएमार्फत फ्रान्सेली मौद्रिक साम्राज्यवादको निरन्तर पहुँच केही उदाहरण हुन् ।

'अंकल साम'ले अहिले युद्धपोतको सट्टा दोषी ठहरिएका अपराधी र हतास शरणार्थीलाई अफ्रिका पठाउने योजना कार्यन्वयन गर्दै छन् । अपराधीका लागि व्यापक पुनर्स्थापना र कमजोरका लागि सुरक्षित आश्रय अमेरिकाभित्रै हुनुपर्छ । होइन भने युरोप एक मात्र विकल्प हुन सक्छ ।

वासिंटनका धनी सहयोगी युरोपलाई एकपटकका लागि बोझ बोक्न दिईयोस् । रुवान्डा, इस्वाटिनी र दक्षिण सुडान संसारका सबैभन्दा गरिब राष्ट्रमध्ये एक हुन् । तिनीहरूको प्रतिव्यक्ति आय युरोपका तिनका पूर्व-औपनिवेशिक शासकको तुलनामा अत्यन्त न्यून छ । अमेरिकाले निर्वासितको बोझ बोक्ने यी देशले बोकोस् भनेर अपेक्षा गर्नु अन्यायपूर्ण मात्र होइन, बेतुक पनि छ ।

ग्यास्टन निभास र थोमस पिकेटीले मे २०२५ मा गरेको एक अध्ययनले अनुसार असमान विनिमय र धनी-गरिब देशका सम्बन्धले दुई शताब्दीभन्दा बढी समयदेखि विदेशी सम्पत्ति सञ्चयको विश्लेषण गरेको छ । त्यस अनुसार सन् १९१४ सम्मा युरोपेली शक्तिले जिडिपीको करिब १४० प्रतिशत खुद विदेशी सम्पत्ति राखेका थिए, जसले औपनिवेशिक स्थानान्तरण, कृत्रिम रूपमा कम वस्तुको मूल्य, जबर्जस्ती श्रम र शोषणले युरोपको समृद्धिलाई कसरी बढावा दियो भनेर जोड दिन्छ ।

जुवादेखि किगालीसम्म, औपनिवेशिक लुटपाटले अझै पनि विश्वव्यापी असमानतालाई बढावा दिएको छ । सन् १८८५ को विनाशकारी बर्लिन सम्मेलनपछि जारी गरिएको प्रणालीगत क्रूरतामा फर्कनु (जतिवेला युरोपेली शक्तिले अफ्रिकालाई क्षतविच्छेद गरेर बाँडेका थिए) स्वीकार्य छैन । रुवान्डा, दक्षिण सुडान वा इस्वातिनीका अधिकारीले सार्वजनिक रूपमा जेसुकै दाबी गरे पनि आजका लागि औपनिवेशिक शोषणलाई पुनः प्याकेज गरिएको छ ।

यो कुनै नयाँ रणनीति होइन । १९औँ शताब्दीको सुरुवातदेखि नै धेरै युरोपेली उपनिवेशलाई अपतटीय निकासी केन्द्र र डम्पिङ ग्राउन्डमा सीमित गरिएको थियो । फ्रान्सले दोषी र राजनीतिक निर्वासितलाई हालको गाबोन र जिबुटीजस्ता क्षेत्रमा निर्वासित गऱ्यो । स्पेनले क्युबाबाट निर्वासितका लागि दण्डात्मक बस्तीको रूपमा इक्वेटोरियल गिनीको बायोको टापु प्रयोग गऱ्यो ।

अफ्रिकालाई नयाँ झट्का दिँदै अमेरिकाले त्यही साम्राज्यवादी अधिकारलाई पुनर्जीवित गरेको छ । अमेरिकामा धेरैजसो अनियमित आप्रवासी भेनेजुएला, मेक्सिको, एल साल्भाडोर, ग्वाटेमाला, होन्डुरस, निकारागुआ र हैटीबाट आउँछन् । यी शताब्दीयौँदेखि युरोपेली उपनिवेशवाद र अमेरिकी साम्राज्यवादी हस्तक्षेपबाट पीडित राष्ट्र हुन् । यी देशले औपनिवेशिक विरासत र भूराजनीतिक हस्तक्षेपको निरन्तर प्रभावलाई मूर्त रूप दिन्छन्, जसले बसाइँसराइलाई बढावा दिन्छ ।

तैपनि, पश्चिमा र सबैभन्दा बढि युरोपले विगत र वर्तमानमा आफ्ना अपराधको परिणामलाई अस्वीकार गर्छ । युरोपेली राष्ट्र शताब्दीयौँदेखिको औपनिवेशिक शोषणबाट निश्चित रूपमा समृद्ध भएका छन् । उदाहरणका लागि बेलायत, फ्रान्स, बेल्जियम र नेदरल्यान्ड्सले बलियो कल्याणकारी प्रणाली, जनस्वास्थ्य सञ्जाल र जेल पुनर्स्थापना कार्यक्रमको गर्व गर्छन्, जुन शताब्दीयौँदेखि औपनिवेशिक निकासीमा निर्मित भव्य संरचना हुन् । तिनीहरूसँग निर्वासितलाई आत्मसात् गर्ने साधन र संस्था दुवै छन् ।

तिनीहरूसँग तथ्यांक पनि छ । यिनै शक्तिले अफ्रिकाभरि सार्वभौम राष्ट्रलाई लक्षित र अस्थिर बनाउन अमेरिकासँग उत्सुकतापूर्वक सामेल भएका छन् । प्रत्येक हस्तक्षेपले शरणार्थी, असहाय पुरुष, महिला र बालबालिकाको ताजा लहर जारी गरेको छ, जुन पश्चिमी सेनाले सिर्जना गरेको अराजकताबाट भागेका छन्, शक्तिहीन मानिसलाई पश्चिमले खुलेआम बेवास्ता वा घृणा गर्छ ।

हामीलाई परनिर्भर राख्न डिजाइन गरिएको औपनिवेशिक ऋणले जकडिएको भए पनि हामी सार्वभौमिकता र अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्छौं, शान्तिका लागि प्रयास गर्छौं । युरोपले नियम तोड्छ, अफ्रिकाले त्यसको पालना गर्छ । तैपनि, अफ्रिकालाई बोझ बोक्न भनिएको छ । कपट उदेकलाग्दो छ ।

अलजजिराबाट

इतिहासमा आज

अगस्ट २९



सन् १८४२ : बेलायत र चीनबिच भएको 'नान्किङ सम्झौता'ले तीन वर्षदेखि चलिरहेको पहिलो अफिम युद्ध अन्त्य गऱ्यो । चीनका लागि अत्यन्त अपमानजनक उक्त सम्झौताअनुरूप हङकङ बेलायतलाई हस्तान्तरण भयो । सन् १९९७ मा मात्र चीनले सो टापु फिर्ता पाएको हो ।

सन् ७०८ : जापानले 'वादोकेइचिन' नामको विश्वको पहिलो चाँदीको सिक्का निष्कासन गऱ्यो ।

सन् १६१२ : 'सुभालीको युद्ध'मा इस्ट इन्डिया कम्पनीको फौजले सुरतनजिक पोर्चुगिज फौजलाई पराजित गऱ्यो । यस जितपछि भारतमा ब्रिटिस प्रभाव बढ्न सुरु भयो भने पोर्चुगिज प्रभाव घट्न थाल्यो ।

सन् १७९३ : फ्रान्सले आफ्नो उपनिवेश सेन्ट-डोमिन्गो (हालको हैटी)मा दासप्रथा अन्त्य गऱ्यो ।

सन् १८२५ : ब्राजिलले घोषणा गरेको तीन वर्षपछि अन्ततः औपनिवेशिक शक्ति पोर्चुगलले सो देशको स्वतन्त्रतालाई स्वीकार गऱ्यो ।

सन् १८८३ : अमेरिकी उद्योगी एन्ड्रयु कार्नेगिलले पहिलो 'कार्नेगी पुस्तकालय' स्कटल्यान्डको डनफर्मलिनमा खोले । पछि विश्वभर कुल २५०९ वटा कार्नेगी लाइब्रेरी खोलियो ।

सन् १८८५ : मोटरसाइकल आविष्कारका लागि गोर्टलिप डाइमलरले जर्मनीमा प्याटेन्ट हासिल गरे ।

सन् १९४७ : भारतको संविधानसभाले बिआर अम्बेडकरको संयोजकत्वमा अन्य ६ सदस्यलाई संविधान मस्यौदा तयार पार्ने जिम्मेवारी दियो ।

सन् १९४९ : सोभियत संघले 'फर्स्ट लाइटनिङ' उपनामको आणविक बमको सफल परीक्षण गऱ्यो । योसँगै संघ अमेरिकापछि आणविक बम सफल परीक्षण गर्ने दोस्रो मुलुक बन्यो ।

सन् १९८६ : मोरक्कोका राजा हसन द्वितीय र लिबियाका मुअम्मर गद्दाफीबिच दुई देशको राजनीतिक, आर्थिक एकता बलियो बनाउने सम्झौतामा हस्ताक्षर गरे । तथापि, यो सहमति दुई वर्ष पनि टिकेन ।

सन् १९९५ : बोस्नियन युद्धका क्रममा संयुक्त राष्ट्र संघद्वारा 'सुरक्षित क्षेत्र' घोषित क्षेत्रमा आक्रमण गर्ने तयारीमा रहेका सर्ब फौजलाई निरुत्साहित गर्न नेटोले बमबारी अभियान 'अप्रेसन डेलिबेरेट फोर्स' सुरु गऱ्यो ।

सन् १९९७ : मार्क च्यान्डोल्फ र रिड हास्टिङ्सले अनलाइनमार्फत डिभिडी भाडामा दिने सेवाका रूपमा नेटफ्लिक्सको स्थापना गरे ।

विश्व संक्षेप

रुसी आक्रमणमा युक्रेनमा कम्तीमा १९ को मृत्यु



किभ/ रुसले बिहीबार बिहान किभसहित देशका धेरै भागमा भीषण आक्रमण गरेको छ । रुसले ठुलो संख्यामा मिसाइल र ड्रोन हमला गरेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । आक्रमणमा परी कम्तीमा १९ को मृत्यु भएको बिबिसीले जनाएको छ ।

यसपटकको आक्रमणमा युक्रेनका लागि युरोपेली संघको मिसन कार्यालय र ब्रिटिस काउन्सिल पनि निसाना बनेका छन् । त्यस कदमको युरोपेली संघ र बेलायतले विरोध जनाएका छन् । आक्रमणमा धेरै भवनमा क्षति पुगेको छ । तिनमा धेरै मानिस फसेका हुन सक्ने बताइएको छ । खोजी र उद्धारका लागि ठुलो संख्यामा सुरक्षाकर्मी र उद्धारकर्मी खटाइएको अधिकारीले जनाएका छन् । युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले युद्धविरामको प्रयास चलिरहँदा रुसले जानी-जानी भयानक हत्या गरिरहेको बताएका छन् । १५ अगस्टमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग युक्रेनमा युद्धविरामका लागि छलफल गरेका थिए । अलास्कामा भएको उक्त वार्तापछि ट्रम्पले पुटिन र जेलेन्स्कीबिच चाँडै वार्ता हुने बताएका थिए ।

अमेरिकी विद्यालयमा गोली प्रहारबाट दुई बालबालिकाको हत्या

वासिंटन डिसी/ अमेरिकाको मिनेसोटा राज्यको मिनियापोलिसस्थित एक विद्यालयमा गोली हानी दुई बालबालिकाको हत्या गरिएको छ । २३ वर्षीय आक्रमणकारीको नाम रबिन वेस्टम्यान भएको प्रहरीले बताएको छ । बेस्टम्यानले बुधबार एक धार्मिक (क्याथोलिक) विद्यालयमा गोलीबारी गर्दा दुई बालबालिकाको मृत्यु भएको थियो ।

मृत्यु हुनेमा आठ र १० वर्षका दुई बालबालिका रहेको प्रहरीले मिडियालाई बताएको छ । घटनामा १७ जना घाइते भएका थिए । बन्दुकधारीले पछि आफैँलाई गोली हानी आत्महत्या गरेका थिए । मिनेसोटाका सुटरको बन्दुकमा अंग्रेजी लिपिमा 'मासाल्लाह' र 'न्युक इन्डिया' लेखिएको भारतीय मिडिया 'द हिन्दु'ले जनाएको छ । त्यस्तै सुटरले इजरायल विफल हुनैपर्छ पनि लेखेका थिए ।

चीनमा हुने 'सैन्य परेड'मा सहभागी हुँदै किम र पुटिन

बेइजिङ/ चीनको राजधानी बेइजिङमा सेप्टेम्बर ३ मा हुने सैन्य परेडमा उत्तर कोरियाका नेता किम जोङ उन भाग लिने भएका छन् । उक्त कार्यक्रममा रुसका राष्ट्रपति भ्लादिमिर पुटिन पनि सहभागी हुने यसअघि नै सार्वजनिक भइसकेको छ ।

हरेक वर्ष सेप्टेम्बर ३ मा चीनमा 'विजय दिवस' परेड आयोजना हुने गरेको छ । यो परेड दोस्रो विश्वयुद्धमा जापानले आत्मसमर्पण गरेको सम्झनामा आयोजना गरिन्छ । दोस्रो विश्वयुद्धको अधिकांश समय जापानले चीनको ठुलो हिस्सामा कब्जा जमाएर बसेको थियो । यो वर्ष ८०औँ विजय दिवस वार्षिकोत्सवको अवसरमा चीनले आफ्ना अत्याधुनिक हतियार प्रदर्शन गर्ने बताइएको छ । तिनमा सयौँ विमान, ट्यांक र ड्रोनविरोधी प्रणालीसमेत सामेल हुनेछन् ।

गाजामा दोहोरो मारमा अपांगता भएका मानिस

द्वन्द्वले सधैँ नै अपांगता भएका व्यक्तिका जोखिमलाई जटिल र तीव्र बनाउँछ



● एलेटा मोरियार्टी

मोरियार्टी मेलबर्न विश्वविद्यालयमा अटिजम भएका मानिसका लागि आर्थिक अवसर विषयमा विद्यावारिधिकी विद्यार्थी हुन् ।



हिंसा अन्त्य गर्न, पहुँच पुनर्स्थापित गर्न र अपांगता समावेशीकरण सुनिश्चित गर्न तत्काल कारबाही नगरिएमा बढी जोखिममा परेकाहरूले थप आत्मसम्मान, सुरक्षा र जीवन गुमाउनेछन् ।

गाजाका एक कमजोर बालक मुहम्मद जकारिया अय्युब अल मतोकका हालै तस्बिरले विश्वव्यापी आक्रोश निम्त्यायो । कतिपयले उनमा भएको कमजोरीलाई विभिन्न ढंगले व्याख्या गरे । कसैले यसलाई जन्मजात अपांगता भने । तर, गाजामा भोकमरीबाट हुने मृत्युलाई अन्तर्निहित अपांगता वा रोगको रूपमा चित्रण गर्नु भ्रामक हो । यी अवस्थाले पीडा वा मृत्युलाई औचित्य दिँदैनन् भनेर बुझ्नु आवश्यक छ । बरु, गाजा संकटले निकासी, सहायता र चिकित्सा उपचारमा चरम अवरोधको सामना गरिरहेका अपांगता भएका व्यक्तिका विद्यमान जोखिमलाई तीव्र बनाएको छ । त्यसो भए गाजामा अपांगता भएका व्यक्तिका लागि अहिले कस्तो प्रकारको व्यावहारिक मानवीय प्रतिक्रिया आवश्यक छ ?

द्वन्द्व र मानवीय संकटले अपांगता भएका व्यक्तिले सामना गर्ने जोखिमलाई जटिल र तीव्र बनाउँछन् । सशस्त्र द्वन्द्व र मानवीय संकटमा अपांगता भएका व्यक्ति, विशेषगरी त्यस्ता महिला र बालबालिकाले हिंसा, उपेक्षा र शोषणको बढ्दो जोखिमको सामना गरेका विभिन्न प्रमाणले देखाएका छन् । साथै उनीहरूले कलंक र भेदभावको सामना पनि गर्छन् ।

वियोगमाथि वियोग

यस विषयमा अन्तर्राष्ट्रिय कानुन पनि प्रस्ट छ । इजरायलले २०१२ मा अनुमोदन गरेको अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिले सशस्त्र द्वन्द्वको अवस्थासहित जोखिमको समयमा अपांगता भएका व्यक्तिको सुरक्षा सुनिश्चित गर्न सबै आवश्यक उपाय अपनाउन आवश्यक मानेको छ । संयुक्त राष्ट्र सुरक्षा परिषद्ले पनि अपांगता भएका व्यक्तिमा द्वन्द्वको असमान प्रभावलाई मान्यता दिएको छ । इजरायलले यी दायित्वलाई अंगीकार नगरेको संकेत गर्ने महत्त्वपूर्ण प्रमाण छन् । संयुक्त राष्ट्र संघका विशेष प्रतिवेदकले 'गाजामा फसेका अपांगता भएका प्यालेस्टिनीका लागि भयावह अवस्था' भनेर वर्णन गरेकोमा चिन्ता व्यक्त गरेका छन् ।

गाजामा करिब ९२ प्रतिशत घर ध्वस्त वा क्षतिग्रस्त भएका संयुक्त राष्ट्र संघले आँकलन गरेको छ । त्यस्तै, ९० प्रतिशतभन्दा बढी गाजावासी अहिले विस्थापित भइसकेका छन । अपांगता भएका व्यक्तिहरू विशेष जोखिममा छन् । संयुक्त राष्ट्र संघले इजरायलले स्थान खाली गर्न जारी गरेका आदेशका घटनाको अभिलेख राखेको छ । यस्ता आदेशले थप मानिसको मृत्यु भएको छ । भग्नावशेषको थुप्राले घटनास्थलसम्मको पहुँचलाई जटिल र असम्भव बनाएको छ । ८१ प्रतिशत सडक अहिले क्षतिग्रस्त वा नष्ट भएका छन् । गाजामा ८३ प्रतिशतभन्दा बढी अपांगता भएका व्यक्तिले आफ्ना सहायक उपकरण (जस्तै- ह्विलचेयर वा श्रवण यन्त्र) गुमाएका छन् ।

संयुक्त राष्ट्र संघका प्रतिनिधिले सेरेब्रल पाल्सीबाट पीडित १४ वर्षीया बालिकाको विवरण सुनेर छक्क परेको बताएका छन् । युद्धका क्रममा उनले ह्विलचेयरसहितका सहायक उपकरण गुमाएकी थिइन् र उत्तरबाट दक्षिणी गाजामा भाग्दा उनलाई अभिभावकले बोकेर लैजानुपरेको थियो । अपांगता भएका अधिकांश मानिसका लागि अस्पताल र पुनर्वास सुविधाको आवश्यकता छ । यद्यपि, गाजाका आधा अस्पताल र लगभग ३९ प्रतिशत प्राथमिक स्वास्थ्य सेवा केन्द्र मात्र आंशिक रूपमा सञ्चालित छन् ।

सामूहिक रूपमा अपांगता हुने घटना बढ्दो

गाजामा इजरायलको युद्धले सामूहिक रूपमा अपांगता हुने घटना बढेका छन् । विश्व बैंक, संयुक्त राष्ट्र संघ र युरोपेली संघको संयुक्त मूल्यांकनले फेब्रुअरीमा पत्ता लगाएको थियो कि अक्टोबर २०२३ देखि अपांगताको आवृत्तिमा दोब्बर वृद्धि भएको छ । यस द्वन्द्वमा एक लाख ५१ हजार चार सय ४२ जना घाइते भएका पछिल्लो एउटा तथ्यांकले संकेत गरेको छ । घाइते भएकामध्ये लगभग २५ प्रतिशतलाई तीव्र र निरन्तर पुनर्वासको आवश्यकता हुने सम्भावना रहेको सन् २०२४ मा विश्व स्वास्थ्य संगठनले अनुमान गरेको थियो ।

गाजामा प्रतिव्यक्ति अंगभंग भएका बालबालिकाको दर अहिले विश्वमै सबैभन्दा बढी रहेको गैरसरकारी संस्था ह्युम्यानिटी एन्ड इन्क्लुजन युकेले रिपोर्ट गरेको छ । युनिसेफका अनुसार प्रतिदिन दशजनाभन्दा बढी बालबालिकाले आफ्नो एउटा वा दुवै खुट्टा गुमाएका छन् । अपांगतामा उल्लेखनीय वृद्धि हुनुको अर्थ पुनर्वास सेवा र पहुँचको मागले आपूर्तिलाई द्रुत गतिमा उछिनेको छ । युनिसेफले दश लाखभन्दा बढी बालबालिकालाई मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोगको पनि आवश्यकता रहेको उल्लेख गरेको छ । इजरायली सेनाले जानाजानी अपांगता बनाउने नीति अंगीकार गरेको ऐतिहासिक प्रमाणले देखाएको छ ।

गाजामा तत्काल दिगो युद्धविराम आवश्यक छ । गाजा सहरमा इजरायलको विस्तारित आक्रमणले अपांगता भएका व्यक्तिहरूलाई ठुलो खतरामा पारेको छ र थप मृत्यु र अपांगताको जोखिम बढाएको छ । इजरायलले गाजा मानवीय फाउन्डेसनमार्फत सहायता वितरणको आफ्नो हालको त्रुटिपूर्ण प्रणालीबाट मुक्त हुनुपर्छ । अपांगता भएका व्यक्तिका लागि सुरक्षित पहुँच सुनिश्चित गर्दै सिद्धान्तगत सहायता वितरण पुनर्स्थापित गर्नुपर्छ । अन्तर्राष्ट्रिय कानुनअन्तर्गत आफ्नो दायित्व पूरा गर्न इजरायलले मानवीय र चिकित्सा कर्मचारी र सामानको सुरक्षित मार्गका लागि राहत कोरिडोर खुला राख्नुपर्छ । यसमा सहायक उपकरण र तिनलाई शक्ति दिन आवश्यक ब्याट्रीहरू समावेश छन् । त्यस्तै, जबर्जस्ती विस्थापन बन्द गर्नुपर्छ । विस्थापन पक्रिया अन्तर्राष्ट्रिय कानुनअनुरूप हुनुपर्छ ।

अपांगता भएका मानिसको सुरक्षा गर्नु भनेको आश्रय सुनिश्चित गर्नु हो । पुनर्वास, मानसिक स्वास्थ्यमा सहयोग, सहायक प्रविधिमा पहुँच र अनुकूलित सेवाहरूको विस्तार गर्नु महत्त्वपूर्ण छ । नागरिक पूर्वाधार र चिकित्सा सुविधा सुरक्षित गरिनुपर्छ र पहुँचयोग्य मार्ग सुनिश्चित गर्न भग्नावशेष र हतियार खाली गरिनुपर्छ । अपांगता भएका व्यक्तिको आवाजलाई केन्द्रित गर्दै मानवीय प्रतिक्रिया समावेशी (विशेषगरी जोखिममा परेका महिला र बालबालिका) हुनुपर्छ । हिंसा अन्त्य गर्न, पहुँच पुनर्स्थापित गर्न र अपांगता समावेशीकरण सुनिश्चित गर्न तत्काल कारबाही नगरिएमा बढी जोखिममा परेकाहरूले थप आत्मसम्मान, सुरक्षा र जीवन गुमाउनेछन् ।

द कन्भर्सेसनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १३ भदौ ०८२

नेपालीलाई विदेशमा लगानी खुला गर्ने कानुन बन्दै



विदेशमा लगानी गर्न प्रतिबन्ध गर्ने ऐन, २०२१ लाई खारेज गरी नयाँ विदेशी विनिमय ऐन तर्जुमा गर्दै राष्ट्र बैंक, अवधारणा र प्रारम्भिक मस्यौदा पुग्यो अर्थ मन्त्रालय

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले नेपाली लगानीकर्तालाई विदेशमा लगानी खुला गर्ने कानुन निर्माण अघि बढाएको छ। नेपाल राष्ट्र बैंकले तयार पारेको विदेशमा लगानी खुला गर्ने व्यवस्थासहितको नयाँ विदेशी विनिमय ऐनको अवधारणा र प्रारम्भिक मस्यौदा अर्थ मन्त्रालयमा पुगेको छ।

गत २२ जेठमा ऐन तर्जुमाका लागि मन्त्रिपरिषद्ले सिद्धान्त (अवधारणापत्र) स्वीकृति दिएको थियो। सोहीअनुसार केन्द्रीय बैंकले ऐनको मस्यौदा तयार पारेर अर्थमा पठाएको केन्द्रीय बैंकको विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले जानकारी दिए। उनले भने, 'ऐनको मस्यौदाले विदेशमा नेपालीलाई लगानी गर्ने कानुनी ढोका खोलिदिएको छ। अर्थ मन्त्रालयबाट मन्त्रिपरिषद्मा पेस गरेपछि त्यसलाई संसद्मा लगेर पारित गर्नुपर्ने हुन्छ। यो ऐन लागू भएमा विदेशमा लगानी गर्न प्रतिबन्ध गर्ने ऐन खारेज हुन्छ।'

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशमा लगानी गर्न प्रतिबन्ध गर्ने ऐन, २०२१ लाई खारेज गरी समयानुकूल परिमार्जन गरी नयाँ विदेशी विनिमय (नियमित तथा व्यवस्थित गर्ने) कानुनको निर्माण गर्न लागिएको हो। हाल विदेशमा लगानी गर्न प्रतिबन्ध गर्ने ऐन, २०२१ ले विदेशी धितोपत्र, विदेशी फर्मको साझेदारी, विदेशी बैंक खाता, विदेशस्थित घरजग्गालगायतका कुनै किसिमका क्षेत्रमा लगानी गर्न नपाउने व्यवस्था गरेको छ।

चालू आर्थिक वर्षको बजेटमार्फत अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाली व्यवसायी वा कम्पनीलाई विदेशमा लगानी गर्न अनुमति दिने घोषणा गरेका थिए। बजेट वक्तव्यमा भनिएको छ, 'निर्यातबाट हुने वार्षिक आम्दानीको २५ प्रतिशतसम्म विदेशमा लगानी गर्न पाउने कानुनी व्यवस्था गरिनेछ। यस्तो व्यवसायबाट आर्जन हुने मुनाफाको ५० प्रतिशत देशभित्र फिर्ता गर्नुपर्ने व्यवस्था गरिनेछ। विदेशमा गरिने लगानी स्वीकृतिको जिम्मेवारी लगानी बोर्डमा रहने व्यवस्था गरिनेछ।' त्यसका निम्ति लगानी बोर्डको संस्थागत क्षमता विकास गर्ने बजेट वक्तव्यमा पनि उल्लेख छ।

वित्तीय क्षेत्र विकास रणनीति (०७३/७४-०७७/७८) को कार्ययोजनामा पनि विदेशी विनिमय व्यवस्थापन गर्ने ऐन ल्याउने उल्लेख गरिएको थियो। त्यस्तै, आर्थिक वर्ष ०८१/८२ को बजेटको बुँदा नम्बर १७६ मा पनि वित्तीय क्षेत्रसँग सम्बन्धित कानुनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार संशोधन र निर्माण गर्ने व्यवस्था गरिएको छ। नेपाल राष्ट्र बैंकको रणनीतिक योजना सन् २०२२-२०२६ अन्तर्गत पनि विदेशी विनिमयसम्बन्धी ऐनलाई पुनरावलोकन गरी समयानुकूल संशोधन गर्नुपर्ने उल्लेख छ। यी सबै आधारमा सरकारले नयाँ ऐन ल्याउने तयारी गरेको हो।

■ अपेक्षित उपलब्धि

सरकारले स्वीकृत गरेको अवधारणापत्रअनुसार नयाँ ऐन बनेपछि विदेशी विनिमय सञ्चिति संरक्षण, विदेशी मुद्रा, धितोपत्र, सुनचाँदी र बुलियन कारोबारलाई प्रभावकारी ढंगले व्यवस्थापन, नियमन तथा नियन्त्रण गर्न सकिने बताइएको छ। यसमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढीकरणमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

नयाँ कानुन निर्माण प्रक्रियामा उपप्रधानमन्त्री तथा अर्थमन्त्री, अर्थ सचिव, राजस्व सचिव, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा तथा कानुन तथा फैसला कार्यान्वयन महाशाखा प्रमुख निकायका रूपमा रहने अवधारणापत्रमा उल्लेख छ। साथै, नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६४ बमोजिम सरोकारवाला मन्त्रालय वा निकायसँग आवश्यक राय, परामर्श र सहमति लिइने भनिएको छ।

■ अन्तर्राष्ट्रिय कानुनको सन्दर्भ

विदेशी विनिमय व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय अभ्यासलाई समेत आधार बनाइएको छ। भारतमा विदेशी विनिमय व्यवस्थापन ऐन, १९९९, बंगलादेश र पाकिस्तानमा विदेशी विनिमय नियमन ऐन, १९४७, श्रीलंकामा विनिमय नियन्त्रण ऐन, १९५३, अमेरिकामा वित्तीय सेवा नियमन सहुलियत ऐन, २००६ र कमोडिटी फ्युचर्स मोडर्नाइजेसन एक्ट, २०००, जापानमा विदेशी विनिमय तथा वैदेशिक व्यापार ऐन, १९४९ र फ्रान्समा मौद्रिक तथा वित्तीय संहिता, २००५ लागू छन्। नेपालले पनि यस्ता कानुनी संरचनाबाट सन्दर्भ लिने तयारी गरेको छ।



नेपाल राष्ट्र बैंक सञ्चालक समितिले पनि विदेशी विनिमय ऐन, २०१९ र विदेशमा लगानी प्रतिबन्ध ऐन, २०२१ खारेज गरी नयाँ समसामयिक कानुन ल्याउन सिफारिस गरिसकेको छ। उक्त नीति निर्माण प्रक्रियामा मिश्रित विधि अवलम्बन गरिने अवधारणापत्रमा उल्लेख छ। नयाँ कानुन कार्यान्वयन गर्दा सरकारलाई प्रत्यक्ष आर्थिक व्ययभार नपर्ने बताइएको छ। यसका लागि थप संरचना पनि आवश्यक नपर्ने जनाइएको छ।

■ के-के छन् व्यवस्था ?

अवधारणापत्रमा प्रस्तावित नयाँ ऐनका मुख्य प्रावधान विस्तृत रूपमा समावेश गरिएका छन्। तीमध्ये विदेशी विनिमय व्यवस्थापन गर्ने बैंकको अधिकार, इजाजतपत्र, शुल्क वा जमानतसम्बन्धी व्यवस्था, बैंकले तोकेको दरमै कारोबार गर्नुपर्ने प्रावधान, गैरमुद्रा कारोबारमा प्रतिबन्ध, हुन्डी रोकथाम, नेपालीले प्राप्त गरेको विदेशी विनिमयमा सरकारले गर्ने नियन्त्रण, सुनचाँदी तथा मुद्रा निकासी र आयातमा कडाइजस्ता विषय समेटिनेछन्। विदेशीलाई वस्तु वा सेवा बिक्री गरेबापत भुक्तानीको व्यवस्था, निकासी-पैठारीमा जिम्मेवारी, विदेशी विनिमयमा ऋण नलिन पाउने, तर वैध लगानीका लागि सुविधा उपलब्ध हुने, निरीक्षण तथा अनुगमन, खानतलासी, मुद्दा दायर, दण्ड-सजाय, पुनरावेदनसम्मका प्रक्रिया, खाता खोल्दा बैंक स्वीकृति अनिवार्य, नियमावली बनाउन सक्ने अधिकार, विद्यमान कानुन खारेजी र बचाउसम्बन्धी व्यवस्थाजस्ता विषय समावेश हुने उल्लेख छ।

नयाँ ऐन लागू भएपछि विदेशी विनिमय व्यवस्थापन अधिक प्रभावकारी हुनेछ, अवैध कारोबार नियन्त्रण हुनेछ र वैध लगानी व्यवस्थित भई राष्ट्रिय अर्थतन्त्र सुदृढीकरणमा योगदान पुग्ने राष्ट्र बैंकको विश्वास छ। नयाँ ऐन कार्यान्वयन भएपछि विदेशी विनिमय नियमन समसामयिक र प्रभावकारी हुने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मौद्रिक र वित्तीय विषयवस्तु राष्ट्रिय कानुनद्वारा नियमित हुने, नेपाल सरकारको नीति तथा रणनीति कार्यान्वयनमा सहजता आउने, विदेशमा लगानी प्रतिबन्धसम्बन्धी प्रावधान पुनरावलोकन भई समसामयिक हुने र परिवर्तित परिस्थितिअनुसार विदेशमा हुने लगानी व्यवस्थित हुने केन्द्रीय बैंकको दाबी छ।

मोबाइल बैंकिङबाट वर्षमै ५० खर्बमाथिको कारोबार

मोबाइल बैंकिङमा वालेट र क्युआर भुक्तानीमा उच्च वृद्धि, प्रयोगकर्ता पनि बढ्दै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

मोबाइल बैंकिङ, वालेट र क्विक रेस्पोन्ड कोड (क्युआर)बाट हुने विद्युतीय भुक्तानी उच्च दरमा बढेको छ। विद्युतीय भुक्तानीका अन्य प्रविधि भए पनि मोबाइल बैंकिङ, वालेट तथा क्युआरका प्रयोगकर्ता बढी भएको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको हो।

मोबाइल बैंकिङ कारोबारमा ४५.३४ प्रतिशतको वृद्धि

गत आर्थिक वर्ष ०८१/८२ मा मात्रै मोबाइल बैंकिङ कारोबार ४५.३४ प्रतिशतले बढेको छ। आव ०८०/८१ मा मोबाइल बैंकिङबाट ३४ खर्ब ५२ अर्ब ७८ करोड रुपैयाँ भुक्तानी भएको थियो। गत आव यसबाट ५० खर्ब १८ अर्ब ३३ करोड रुपैयाँबराबरको भुक्तानी भएको छ। दुई वर्षअघि आव ०७९/८० मा यसबाट २१ खर्ब ८५ अर्ब ९९ करोड रुपैयाँ भुक्तानी भएको केन्द्रीय बैंकको तथ्यांक छ।

संख्याका आधारमा यस्तो कारोबार ४५.९ प्रतिशतले बढेको छ। आव ०८०/८१ मा ४२ करोड आठ लाख ९९ हजार आठ सय ७७ वटा मोबाइल बैंकिङ कारोबार भएको थियो। गत आवमा त्यस्तो संख्या ६१ करोड ४१ लाख ३३ हजार नौ सय १० पुगेको छ। आव ०७९/८० मा भने २८ करोड ३४ लाख २० हजार पाँच सय ९७ वटा यस्ता कारोबार भएको तथ्यांक छ।

वालेट कारोबारमा ६७.२६ प्रतिशतको वृद्धि

वालेटबाट हुने भुक्तानी पनि ६७.२६ प्रतिशतले बढेको छ। आव ०८०/८१ मा तीन खर्ब दुई अर्ब ६९ करोडबराबरको वालेट कारोबार भएको थियो। गत आवमा त्यस्तो कारोबार पाँच खर्ब ६ अर्ब ३१ करोड ४७ लाख रुपैयाँ पुगेको छ। आव ०७९/८० मा भने दुई खर्ब १९ अर्ब ८० करोड ६७ लाखको कारोबार भएको थियो। तथ्यांकअनुसार संख्याका आधारमा वालेट कारोबार ३६.११ प्रतिशतले बढेको छ। आव ०८०/८१ मा २९ करोड ४५ लाख ४३ हजार ६ सय ९६ वटा वालेट कारोबार भएको थियो। गत आवमा भने त्यस्तो संख्या ४० करोड नौ लाख २९ हजार ८३ पुगेको छ। दुई वर्षअघि आव ०७९/८० मा यस्तो कारोबार संख्या भने २१ करोड ३३ लाख ६७ हजार एक सय ४४ थियो।

९१ प्रतिशतले बढ्यो क्युआर भुक्तानी

गत आवमा क्युआर भुक्तानीमा भने ९१ प्रतिशतको वृद्धि देखिएको छ। आव ०८०/८१ मा चार खर्ब ९९ अर्ब ७९ करोड रुपैयाँबराबरको क्युआर भुक्तानी भएको थियो। गत आवमा त्यो नौ खर्ब ५८ अर्ब ३८ करोड २६ लाख रुपैयाँ पुगेको तथ्यांकमा उल्लेख छ। आव ०७९/८० मा यस्तो कारोबार दुई खर्ब ४५ अर्ब ४१ करोड रुपैयाँ थियो।



■ कुल डिजिटल भुक्तानीमा ७१.२४ प्रतिशतको वृद्धि

गत आर्थिक वर्ष ०८१/८२ मा नेपालको आन्तरिक डिजिटल भुक्तानी भने ७१.२४ प्रतिशतले बढेको छ। आव ०८०/८१ मा ५७४ खर्ब ७८ अर्ब ३१ करोड रुपैयाँको डिजिटल भुक्तानी भएको थियो। गत आवमा भने ९४८ खर्ब २८ अर्ब ७६ करोडबराबरको डिजिटल भुक्तानी भएको छ। त्यसमा आरटिजिएसबाट मात्रै ७४९ खर्ब एक अर्ब ७५ करोड ६३ लाख रुपैयाँबराबरको डिजिटल भुक्तानी भएको छ।

गत आवमा साउनमा १२६ खर्ब २८ अर्ब ९१ करोड रुपैयाँ, भदौमा ८१ खर्ब ६५ अर्ब ४४ करोड रुपैयाँ, असोजमा ६६ खर्ब आठ अर्ब ३५ करोड रुपैयाँ, कात्तिकमा ९४ खर्ब ८६ अर्ब ३० करोड रुपैयाँ, मंसिरमा ७० खर्ब ५६ अर्ब ९६ करोड रुपैयाँ र पुसमा ७१ खर्ब ९८ अर्ब ९७ लाख रुपैयाबराबरको कुल डिजिटल भुक्तानी भएको छ।

यस्तै, माघमा ५७ खर्ब १२ अर्ब २६ करोड रुपैयाँ, फागुनमा ६३ खर्ब २२ अर्ब ९० करोड रुपैयाँ, चैतमा ६७ खर्ब ९८ करोड ५६ लाख रुपैयाँ, वैशाखमा ८१ खर्ब ७५ अर्ब ७२ करोड रुपैयाँ, जेठमा ८३ खर्ब २३ अर्ब ९४ करोड रुपैयाँ र असारमा ११९ खर्ब ५० अर्ब ३९ करोड रुपैयाँबराबरको डिजिटल भुक्तानी भएको देखिन्छ।

संख्याका आधारमा क्युआर भुक्तानी ८६.४४ प्रतिशतले बढेको छ। आव ०८०/८१ मा १६ करोड ९३ लाख ४६ हजार चार सय ६७ वटा क्युआर भुक्तानी भएको थियो। गत आवमा त्यस्तो संख्या भने ३१ करोड ५७ लाख ४२ हजार २९ वटा पुगेको छ। आव ०७९/८० मा सात करोड ८० लाख २९ हजार दुई सयवटा यस्ता कारोबार भएको तथ्यांक छ।

वालेट प्रयोगकर्ताको संख्यामा उच्च वृद्धि

पछिल्लो तीन आर्थिक वर्षको तथ्यांक हेर्दा वालेट प्रयोगकर्ताको संख्यामा उच्च वृद्धि देखिएको छ। असार ०८० सम्म वालेट प्रयोगकर्ताको संख्या एक करोड ८९ लाख ४१ हजार सात सय ९३ रहेको थियो। आव ०८१ असारसम्म आउँदा त्यो २४ प्रतिशतले बढेर दुई करोड ३४ लाख ६१ हजार एक सय सात पुगेको थियो। असार ०८२ सम्म आउँदा त्यो १४ प्रतिशतले बढेर दुई करोड ६७ लाख ६५ हजार ६ सय ६० पुगेको देखिन्छ।

यस्तै, ०८० असारसम्म मोबाइल बैंकिङ प्रयोगकर्ताको संख्या दुई करोड १३ लाख ६३ हजार नौ सय ८९ रहेको थियो। असार ०८१ सम्म आउँदा त्यो १५ प्रतिशतले बढेर दुई करोड ४६ लाख ४८ हजार आठ सय ४६ र असार ०८२ सम्म आउँदा १२ प्रतितले बढेर दुई करोड ७७ लाख ४१ हजार दुई सय ८४ पुगेको छ।

असार ०८० सम्म वालेट प्रयोगकर्ताभन्दा २४ लाख २२ हजार एक सय ९६ बढी मोबाइल बैंकिङका प्रयोगकर्ता थिए। असार ०८२ सम्म आउँदा यी दुईका प्रयोगकर्ता करिब बराबरको अवस्थामा आएका छन्। अहिले वालेटभन्दा मोबाइल बैंकिङ प्रयोगकर्ताको संख्या नौ लाख ७५ हजार ६ सय २४ ले मात्रै बढी छ। अर्थात्, वालेट प्रयोगकर्ताको संख्या पनि उच्च दरमा बढ्दै आएको छ। यद्यपि, यसमा दोहोरोपना पनि रहेको छ।

अहिले नेपालमा सञ्चालित सबै बैंकले मोबाइल बैंकिङ सेवा दिएका छन्। यीबाहेक २२ भुक्तानी सेवाप्रदायकले वालेट सञ्चालन गर्दै आएका छन्। यस्तै, विभिन्न नौ भुक्तानी प्रणाली सञ्चालक पनि सञ्चालनमा छन्। जसले भुक्तानीको प्रणाली विकास गर्ने, व्यावसायिक ग्राहक (मर्चेन्ट)लाई क्युआर कोड प्रदान गर्नेलगायतका सुविधा दिँदै आएका छन्।

सर्वसाधारण स्वीकार गर्दै छन् 'फिनटेक प्रविधि'

पछिल्लो तीन आवको तथ्यांक हेर्दा मोबाइल बैंकिङ, वालेट र क्युआर भुक्तानी बढ्दै गएको देखिएको छ। अहिले अधिकांश ग्राहकसँग स्मार्ट फोन छ। त्यसमा वालेट र मोबाइल बैंकिङ एपबाट भुक्तानी गर्ने प्रवृत्ति बढ्दै गएको तथ्यांकले पुष्टि गरेको छ। साथै, त्यसबाट क्युआर भुक्तानी पनि बढेको छ। नेपाल राष्ट्र बैंक भुक्तानी प्रणाली विभागका प्रमुख किरण पण्डितले विद्युतीय भुक्तानीमा उत्साहजक वृद्धि देखिएको बताए। 'विद्युतीय भुक्तानीमा उत्साहजनक वृद्धि देखिएको छ। यो तथ्यांकले डिजिटल भुक्तानीसम्बन्धी प्रविधि (फिनटेक)लाई नागरिकले स्वीकार गरेको पुष्टि गरेको छ। जनताले नगदलाई छाडेर विद्युतीय माध्यमबाट भुक्तानी गर्ने बानी पार्दै गएको पनि देखियो,' उनले भने, 'यद्यपि, यसमा अनलाइन ठगीको जोखिम पनि देखिएको छ। तसर्थ, सचेत भएर यस्तो कारोबार गर्न भने आवश्यक छ।'

बिमा प्राधिकरणको अध्यक्ष नियुक्त गर्न समिति गठन



काठमाडौं/ सरकारले नेपाल बिमा प्राधिकरणको अध्यक्ष नियुक्ति प्रक्रियाका लागि तीन सदस्यीय सिफारिस समिति गठन गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले अध्यक्ष नियुक्तिका लागि सिफारिस समिति गठन गरेको हो। समिति संयोजकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी छन् भने सदस्यमा अर्थ सचिव घनश्याम उपाध्याय र विज्ञ सदस्यमा डा. खोमराज खरेल छन्।


यसअघि १२ फागुनमा प्राधिकरणका अध्यक्ष नियुक्ति भएका शरद ओझाको योग्यता र कार्यक्षमता नपुगेको देखिएपछि सरकारले २ भदौमा उनलाई बर्खास्त गरेको थियो। त्यसपछि अध्यक्षको जिम्मेवारी अर्थ मन्त्रालयका सहसचिव सेवन्तक पोखरेललाई दिइएको छ।

त्यसपछि सोमबार मन्त्रिपरिषद्ले सिफारिस समिति बनाएको हो। अब सिफारिस समितिले अध्यक्ष नियुक्तिका लागि प्रस्ताव आह्वान गर्नेछ।

२० मेगावाटको ग्रिन हाइड्रोजन प्लान्ट बनाउन कोरियाली कम्पनीसँग समझदारी

पाँच करोड डलर लागत, हाइड्रोजन उत्पादनमा सरकारको पहिलो लगानी

नयाँ पत्रिका



२० मेगावाटको स्वच्छ ऊर्जा ग्रिन हाइड्रोजन उत्पादन गर्न कोरियाली कम्पनीसँग समझदारी भएको छ। बिहीबार काठमाडौंमा लगानी बोर्ड र कोरियाली कम्पनी जी-फिलोस कम्पनी लिमिटेडबिच ग्रिन हाइड्रोजन प्लान्ट तथा फ्युल सेल निर्माणका लागि समझदारी भएको हो।

समझदारीपत्रमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली र कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गा वु पार्कले हस्ताक्षर गरेका छन्। हाइड्रोजन प्लान्ट स्थापना गर्न सरकारको तर्फबाट भएको यो पहिलो सझदारी हो।

समझदारीअनुसार प्रस्तावक कम्पनी जी-फिलोसले लगानी बोर्डबाट सर्वेक्षण अनुमतिपत्र लिनुपर्नेछ। त्यसको १० महिनामा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरी बोर्डमा पेस गर्नुपर्नेछ। बोर्डले त्यो मूल्यांकन गरेर स्वीकृत गरेपछि परियोजना निर्माणका लागि अनुमति दिनेछ। त्यसपछि परियोजनाको निर्माण हुनेछ।

ग्रिन हाइड्रोजनको इनोभेसनमा विश्वमा कोरिया अग्र स्थानमा देखिन्छ। त्यहाँ यातायातदेखि उद्योग सञ्चालनसम्म हाइड्रोजनको प्रयोग हुने गरेको छ। बोर्डसँग समझदारी गरेको कम्पनी कोरियामा ग्रिन हाइड्रोजन उत्पादन गरिसकेको कम्पनी हो। उक्त कम्पनीले नेपालमा ग्रिन हाइड्रोजन उत्पादनको सम्भावना उच्च भएको भन्दै पहिलो चरणमा २० मेगावाटको प्लान्ट बनाउने प्रस्ताव गरेको थियो। त्यसमा गत १५ वैशाखको बोर्ड बैठकले सार्वजनिक-निजी साझेदारी ढाँचामा ग्रिन हाइड्रोजन तथा फ्युल सेल प्लान्ट स्थापना गर्ने गरी उक्त प्रस्ताव स्वीकार गरेको हो। सोहीअनुसार कम्पनीसँग समझदारीपत्रमा हस्ताक्षर भएको हो।

कम्पनीले २० मेगावाट क्षमताको ग्रिन हाइड्रोजन प्लान्टमा 'फ्युल सेल' प्रविधि पनि हुनेछ। अर्थात्, बढी भएको विद्युत्लाई हाइड्रोजनका रूपमा स्टोरेज गरेर आवश्यक परेका वेलामा पुनः विद्युत्का रूपमा उत्पादन गर्न सकिनेछ।

परियोजना निर्माणमा पाँच करोड डलर खर्च हुने अनुमान गरिएको छ। परियोजनाको क्षेत्र (लोकेसन) भने टुंगो लागिसकेको छैन। कम्पनीले अध्ययनकै चरणमा परियोजना क्षेत्र टुंगो लगाउनुपर्ने बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिए। हाइड्रोजन खपत हुने क्षेत्र निर्क्योल गरेर परियोजनाको लोकेसन टुंगो लगाउने तयारी छ।

'अहिले परियोजना विकासबारे प्रारम्भिक समझदारी मात्रै भएको हो। अब हुने विस्तृत अध्ययनले नै यसको स्पष्ट खाका तथा जानकारी आउनेछ,' उनले भने, 'ग्रिन हाइड्रोजनमा कोरिया धेरै नै अघि रहेछ। समझदारी गरेको कम्पनीसँग पनि ग्रिन हाइड्रोजन उत्पादन गरेको अनुभव रहेछ। तसर्थ, यो परियोजना सफल हुन्छ भन्नेमा आशावादी छौं।'

नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क ताए योङले नेपालमा यस प्रकारका नवीकरणीय स्वच्छ ऊर्जाको प्रचुर सम्भावना रहेको बताए। यस्ता परियोजनाले नेपालले परिलक्षित गरेका दिगो विकास लक्ष्यहरूको प्राप्तिमा कोसेढुंगा साबित हुने उनको भनाइ छ। साथै, नेपाल र दक्षिण कोरियाबिचको द्विपक्षीय सम्बन्धमा नयाँ आयाम थप्ने उनले बताए।

बोर्डका प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले यस्ता परियोजनाले नेपालजस्तो राष्ट्रमा पुँजी तथा प्रविधिको विनिमयमा महत्वपूर्ण भूमिका खेल्ने बताए। ग्रिन हाइड्रोजनको अध्ययन तथा अनुसन्धानमा समेत आबद्ध भएका काठमाडौं विश्वविद्यालयका प्राडा विराजसिंह थापाले यस्ता परियोजनाले नेपालको अर्थतन्त्र विकासमा सहयोग पुग्ने बताए। 'नेपालमा विद्युत् उत्पादन बढ्दै छ। पानी पनि प्रशस्त छ। त्यसबाट हामीले हाइड्रोजन उत्पादन गर्न सकिन्छ,' उनले भने, 'साथै, एमोनियाका रूपमा यो निर्यात गर्न सकिन्छ। विद्युत् नै निर्यात गर्दा हामी नेपाल, भारत र चीनभन्दा अन्यत्र जान सकिन्न। तर, हाइड्रोजनमार्फत हामीले नेपालको बिजुली अन्तर्राष्ट्रिय बजारमा लैजान सक्छौं।'

विश्व बजारमा ग्रिन हाइड्रोजन उदयमान स्वच्छ ऊर्जा हो। बढ्दो जलवायु परिवर्तनका कारण शतप्रतिशत स्वच्छ ऊर्जा मानिने ग्रिन हाइड्रोजनको महत्व र प्रयोग गर्नुपर्ने दबाब बढ्दो छ। नेपालमा भने यो पूर्णत नयाँ प्रविधि नै हो। सरकारले पनि माघ ०८० मा ग्रिन हाइड्रोजन नीति ल्याएको छ। चैत ०८० मा काठमाडौं विश्वविद्यालय (केयू)ले पाँच किलोवाट क्षमताको हाइड्रोजन प्लान्ट अनुसन्धानका लागि सञ्चालन गरिरहेको छ। केयूले अनुसन्धानका लागि आफ्नै आधारभूत डिजाइनको हाइड्रोजन कार पनि मंसिर ०८० मा कोरियाबाट ल्याएको थियो।

निजी क्षेत्रबाट अपि पावरले पाँच मेगावाटको ग्रिन हाइड्रोजन बनाउन असार ०७९ मा ग्रिनजो इनर्जी प्रालिसँग समझदारी गरेको थियो। यसैगरी बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनीले पनि काठमाडौं विश्वविद्यालय (केयू)सँग ग्रिन हाइड्रोजन उत्पादनबारे अध्ययन गर्न वैशाख ०८१ मा समझदारी गरेको थियो।

उखु किसानको धर्ना र वार्ता सँगसँगै

प्रधानमन्त्रीले निर्देशन दिएपछि मात्रै समस्या सुल्झने निष्कर्ष

नयाँ पत्रिका

प्रतिक्विन्टल ७० रुपैयाँका दरले अनुदान पाउनुपर्ने माग राखेर आन्दोलनरत उखु किसानले धर्ना र वार्तालाई सँगसँगै अघि बढाएका छन्। किसानले बिहीबार पनि माइतीघरमा धर्ना दिनुका साथै वार्ताटोलीसँग छलफल पनि गरेका छन्। वार्ता सकारात्मकउन्मुख भए पनि अझै सहमति जुट्न नसकेको उनीहरूको भनाइ छ।

सरकारले उखु किसानलाई दिँदै आएको अनुदान ३५ रुपैयाँ प्रतिक्विन्टलमा झारेपछि किसान आन्दोलित भएका हुन्। उनीहरूले ७० रुपैयाँ सरकारी अनुदान सुनिश्चित नभएसम्म आन्दोलन नरोकिने बताएका छन्।

किसानको मागअनुसार अनुदान दिने विषयमा वार्ताटोली सकारात्मक देखिएको उखु उत्पादक संघ कञ्चनपुरका अध्यक्ष हरिशचन्द ठकुरीले बताए। 'साबिककै दरमा अनुदान दिने विषयमा वार्तामा सहभागीहरू सकारात्मक देखिएका छन्, तर प्रधानमन्त्रीको तहबाट निर्देशन नआएसम्म औपचारिक सहमति गर्न उनीहरू तयार छैनन्,' उनले भने, 'मन्त्रीहरूसँगको अनौपचारिक छलफल र वार्ताटोलीसँगको छलफलबाट के निष्कर्ष निस्कन्छ भने प्रधानमन्त्रीले चाहनुभएको अवस्थामा मात्रै



यो समस्या समाधान हुन्छ।'

कृषि मन्त्रालयले भने गत आवमा क्रसिङ भएको उखुको परिमाणअनुसार प्रतिक्विन्टल ३५ रुपैयाँका दरले ७५ करोड ४९ लाख ३८ हजार दुई सय ४० रुपैयाँ अनुदानबापतको रकम मंगलबार निकासा गरिसकेको जनाएको छ। उक्त रकम जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत किसानको बैंक खातामा पुग्ने व्यवस्था मिलाइएको छ। चालू आर्थिक वर्षका लागि उखुमा अनुदान दिन दुई अर्ब रुपैयाँ विनियोजन गरिएकोमा ७५ करोड रुपैयाँ खर्च भएको तथ्यांक कृषि मन्त्रालयबाट प्राप्त गरिएको उनले बताए। 'मन्त्रालयसँग अझै एक अर्ब २५ करोड बजेट रहेछ, जबकि हामीलाई अनुदान दिन ७५ करोड मात्रै चाहिने हो,' उनले भने, 'प्रधानमन्त्रीले विभागीय मन्त्रीलाई मन्त्रिपरिषद्मा प्रस्ताव ल्याउन निर्देशन दिए भोलि नै समस्या समाधान हुन्छ, आन्दोलन रोकिन्छ।'

मोरङ, सुनसरी सिराहा, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी र कञ्चनपुरका करिब ६ सय किसान आन्दोलनका लागि काठमाडौंमा भेला भएका उखु उत्पादक किसान महासंघले जनाएको छ। माइतीघरमा आएर धर्ना दिइरहेका किसानलाई राजनीतिक दलहरूले पनि समर्थन जनाएका छन्।

किसानलाई घर फर्कने वातावरण बनाउन प्रधानमन्त्रीलाई कांग्रेस महामन्त्री थापाको आग्रह

काठमाडौं/ नेपाली कांग्रेसका महामन्त्री एवं सांसद गगन थापाले उखु किसानलाई प्रतिक्विन्टल ७० रुपैयाँकै दरले अनुदान दिने व्यवस्था गर्न सरकारलाई आग्रह गरेका छन्। सांसद थापाले बिहीबार सामाजिक सञ्जाल फेसबुकमा लेख्दै उखु किसानलाई साबिककै बराबर अनुदान दिएर घरखेतमा फर्काउन सरकारलाई आग्रह गरेका हुन्। सांसद थापाले बुधबार कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीसँग यस विषयमा छलफल गरेका थिए।

चालू आर्थिक वर्ष ०८२/८३ को बजेटमा कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गत 'उखु कृषकलाई अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७५ (संशोधनसहित) उखु उत्पादक कृषकलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने (गत आव ०८१/८२ को समेत)' शीर्षकमा दुई अर्ब रुपैयाँ छुट्याइएको उनले उल्लेख गरेका छन्। किसानलाई पटक-पटक सडकमा आउने अवस्था सिर्जना गर्न नहुने उल्लेख गर्दै उनले न्यूनतम मूल्यदेखि अनुदानसम्मलाई व्यवस्थित गर्दै दीर्घकालीन समाधान निकाल्नका लागि विभिन्न सरोकारवालासँग बसेर बहुआयामिक ढंगले काम गर्नुपर्ने उल्लेख गरेका छन्।

‘इलेक्ट्रिक एन्ड इलेक्ट्रोनिक्स’ अन्तर्राष्ट्रिय प्रदर्शनी आजदेखि

विद्युतीय सामग्रीको व्यवसाय विकासका साथै आन्तरिक र अन्तर्राष्ट्रिय व्यापार सहजीकरण एवं प्रवर्द्धन प्रदर्शनीको मुख्य उद्देश्य

काठमाडौं/ शुक्रबारदेखि भृकुटीमण्डपमा ‘इलेक्ट्रिक एन्ड इलेक्ट्रोनिक्स’ अन्तर्राष्ट्रिय प्रदर्शनी आयोजना हुँदै छ। मिडिया स्पेस सोलुसन्स, फ्युचरेक्स ट्रेड फेर एन्ड इभेन्ट्स तथा एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रालिको संयुक्त आयोजनामा प्रदर्शनी हुन लागेको हो। विद्युतीय उपकरणलाई प्रवर्द्धन तथा प्रोत्साहन, विद्युत् तथा गुणस्तरीय विद्युतीय सामग्रीको व्यवसाय विकासका साथै आन्तरिक र अन्तर्राष्ट्रिय व्यापारको सहजीकरण एवं प्रवर्द्धन गर्ने उद्देश्यसहित प्रदर्शनी आयोजना गर्न लागिएको हो। प्रदर्शनी १३ देखि १५ भदौसम्म चल्नेछ।

नेपालीको महान् पर्व बडादसैंको सेरोफेरोमा आयोजना हुन लागेको यस प्रदर्शनीमा उच्च गुणस्तरका अत्याधुनिक एवं नवीनतम प्रविधिका ट्रान्समिसन तथा डिस्ट्रिब्युसन सामग्री, ऊर्जा आपूर्ति तथा कन्ट्रोल डिभाइस, हाउस वायरिङका सामग्री, तार, केबुल एवं कन्डक्टर प्रदर्शन गरिनेछ। त्यस्तै, अत्याधुनिक प्रकारका स्विचहरू, एलइडी लाइटिङ, इलेक्ट्रोनिक्स उपकरण, घरेलु विद्युतीय उपकरणहरू, चार्जिङ स्टेसन, ब्याट्री, कार्यालयमा प्रयोग हुने विद्युतीय प्रविधि तथा अन्य विद्युतीय सामग्रीका कम्पनीहरूको सहभागिता रहने आयोजकले जनाएको छ।

नेपाल कन्जुमर इलेक्ट्रोनिक्स एन्ड होम अप्लायनसेस अन्तर्राष्ट्रिय प्रदर्शनीअन्तर्गत दसैंको अवसर पारेर ग्राहकले विभिन्न कम्पनीका विद्युतीय सामग्री एकै ठाउँमा हेर्न तथा खरिद गर्न पाउनेछन्। विभिन्न विद्युतीय माध्यमको प्रयोगमा वृद्धि गरी मुलुकमा बढ्दो जलविद्युत्को उत्पादनको खपतमा वृद्धि गर्दै देशलाई आर्थिक रूपमा सबलीकरण गर्ने एवं ऊर्जा तथा विद्युतीय व्यवसायीको समग्र विकास तथा व्यापार प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यका साथ प्रदर्शनीको आयोजना हुँदै छ।

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय इलेक्ट्रिक, इलेक्ट्रोनिक्स, सञ्चार एवं सूचना प्रविधि तथा विद्युतीय एवं वैकल्पिक ऊर्जा उद्यमीलाई एकै स्थानमा जमघट गराई व्यावसायिक प्रवर्द्धन गर्नुका साथै यी उद्योगमा भएका नवीनतम उपलब्धिबारे सूचना आदानप्रदान गर्ने तथा उपभोक्ता वर्गमा ऊर्जाको व्यवस्थित खपतको महत्त्वबारे सन्देश फैलाउन सहयोग पुऱ्याउने लक्ष्य यस संस्करणको रहेको छ।

नेपाल बैंक र कोटबारी होटेलबिच छुट सम्झौता



काठमाडौं/ नेपाल बैंक र नुवाकोटको दुप्चेश्वर गाउँपालिका- ७ स्थित कोटबारी होटेलबिच छुट सम्झौता भएको छ। बैंकमा कार्यरत कर्मचारी, कर्मचारीका परिवार र खातावाल ग्राहकलाई उक्त होटेलका सेवामा लाग्ने शुल्कमा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको हो। सम्झौतापत्रमा बैंकका तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र कोटबारी होटेलका महाप्रबन्धक आनन्दसिंह ठकुरीले हस्ताक्षर गरे।

यससँगै बैंकका कर्मचारी, तिनका परिवार र खातावालले होटेलका विभिन्न सेवाबापतको शुल्कमा १० प्रतिशतदेखि १५ प्रतिशतसम्म छुट पाउने भएका हुन्।

कृषि विकास बैंकको सञ्चालक समिति अध्यक्षमा पौडेल नियुक्त



काठमाडौं/ कृषि विकास बैंकको सञ्चालक समिति अध्यक्षमा डिमप्रसाद पौडेल नियुक्त भएका छन्। पौडेललाई सञ्चालक समितिको अध्यक्ष बन्ने गरी अर्थ मन्त्रालयले सञ्चालक सदस्यमा नियुक्त गरेको थियो। बुधबार बसेको बैंक सञ्चालक समिति बैठकले उनलाई अध्यक्ष चयन गरेको हो। व्यवस्थापकीय क्षमताका आधारमा बैंकको सञ्चालकमा पठाइएको मन्त्रालयले जनाएको छ। नवनियुक्त अध्यक्ष पौडेल नेपाल वायुसेवा निगमका पूर्वमहाप्रबन्धकसमेत रहिसकेका छन्। उनीसँग निजी क्षेत्रका राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनीहरूको नेतृत्वमा रही २५ वर्षभन्दा लामो व्यावसायिक कार्यानुभव छ।

आइएमई लाइफमा आबद्धलाई ग्रान्डी हस्पिटलमा छुट



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनी र ग्रान्डी हस्पिटलबिच छुटसम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार इन्स्योरेन्सका बिमित, अभिकर्ता तथा कर्मचारीले ग्रान्डी हस्पिटलमा उपचार सेवा लिँदा १० प्रतिशत छुट पाउनेछन्। साथै, वेलनेस प्याकेजमा विशेष सहुलियत हुने पनि कम्पनीले जनाएको छ।

उक्त छुट सुविधा प्राप्त गर्न कम्पनीका बिमितले कम्पनीको मोबाइल एपमा रहेको प्रिभिलेज कार्ड देखाउनुपर्नेछ। त्यस्तै, अभिकर्ता तथा कर्मचारीले भने कम्पनीले जारी गरेको आधिकारिक परिचयपत्र पेस गरी छुट सुविधा उपभोग गर्न सक्ने बताइएको छ।

स्मार्ट च्वाइस पिसिआइएसएससीको बोर्ड सदस्य चयन

काठमाडौं/ स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेड (एससिटी) पेमेन्ट कार्ड इन्डस्ट्री सेक्युरिटी स्ट्यान्डर्डस् काउन्सिल (पिसिआइएसएससी)को दक्षिण एसिया क्षेत्रीय बोर्ड सदस्यमा चयन भएको छ। बोर्डमा नेपालबाट चयन हुने एससिटी एक मात्र संस्था हो। एससिटीबाहेक गुगल इंक, नेसनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डिया, युरोनेट युएसए एलएलसीजस्ता भुक्तानी क्षेत्रका संस्थाहरूको समेत बोर्डमा प्रतिनिधित्व रहेको छ।

पिसिआइएसएससी विश्वव्यापी मञ्च हो, जसले अन्तर्राष्ट्रिय भुक्तानी सुरक्षाका मापदण्ड विकास र प्रवर्द्धन गर्दै भुक्तानी कारोबारमा हुने साइबर जोखिम र सुरक्षा जोखिम न्यूनीकरणमा सहयोग पुऱ्याउँदै आइरहेको छ।दक्षिण एसियामा पहिलोपटक गठन भएको यस क्षेत्रीय बोर्डमार्फत पिसिआइएसएससीले भुक्तानी क्षेत्रमा यस क्षेत्रको बढ्दो महत्त्वलाई प्रतिबिम्बित गर्दै विश्वव्यापी सहकार्यलाई थप विस्तार गरेको बताइएको छ।

स्काइलाइनको आइपिओ निष्कासक हिमालय सेक्युरिटिज

काठमाडौं/ हिमालय सेक्युरिटिज बैंकर लिमिटेड र चारतारे होटेल स्काइलाइन इन्फ्रा लिमिटेडबिच प्राथमिक सेयर सार्वजनिक निष्कासन (आइपिओ) तथा बिक्री प्रबन्धक सम्झौता भएको छ। सम्झौतापत्रमा हस्ताक्षर कार्यक्रममा हिमालय सेक्युरिटिजका प्रमुख कार्यकारी अधिकृत सुभाषबहादुर श्रेष्ठ, नायब महाप्रबन्धक शंकर राजवाहकका साथै स्काइलाइनका संस्थापकहरू राजेश अग्रवाल, सत्यनारायण केयल, सुभाष अग्रवाल उपस्थित थिए। त्यसैगरी, हिमालयकै तर्फबाट अध्यक्ष प्रतीक अग्रवाल, संस्थापक विनोद श्रेष्ठ, सञ्चालकहरू आकृति अग्रवाल, अंकुर भंगर अग्रवाल र प्रमुख वित्त अधिकृत सञ्जय रौनियारलगायतको पनि उपस्थिति रहेको थियो।

यस सम्झौताले स्काइलाइनलाई नयाँ व्यावसायिक यात्रा तथा कम्पनीको विस्तारमा थप सहयोग पुऱ्याउने बताइएको छ। यो होटेल सरोवर पोर्टीको ब्रान्डअन्तर्गत चारतारे होटेल हो। त्यसैगरी, हिमालय सेक्युरिटिज मर्चेन्ट बैंकर संस्था हो। यसले मर्चेन्ट तथा इन्भेस्टमेन्ट्स बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०५/१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.सं. शाखा कार्यालय : सिन्धुली

ऋणीको नाम, ठेगाना

१. **नाम : रिता टयाङ्ले**
ना.प्र.नं. १९३०९८/६३२, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/११/२७
पतिको नाम : कर्ण बहादुर, ससुराको नाम : कृष्ण बहादुर टयाङ्ले
ठेगाना : सर्लाही जिल्ला, कालिन्जोर गा.वि.स. वडा नं. ४, हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६

जमानतकर्ताको विवरण

१. नाम : कर्ण बहादुर ना.प्र.नं. ४६४७२२४८, जि.प्र.का. सर्लाही जारी मिति : २०४५/०१/२२ बाबुको नाम : कृष्ण बहादुर टयाङ्ले बाजेको नाम : फौद सिं टयाङ्ले ठेगाना : सर्लाही जिल्ला, कालिन्जोर गा.वि.स. वडा नं. ४ हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६	**२. नाम : मनोज कुमार टयाङ्ले** ना.प्र.नं. २०-०१-७६-०५१४५, जि.प्र.का. सिन्धुली जारी मिति : २०७६/०७/१४ बाबुको नाम : कर्ण बहादुर बाजेको नाम : कृष्ण बहादुर टयाङ्ले ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६
३. नाम : सुरज टयाङ्ले ना.प्र.नं. २०-०१-७५-०५२७३, जि.प्र.का. सिन्धुली जारी मिति : २०७५/०८/११ बाबुको नाम : कर्ण बहादुर बाजेको नाम : कृष्ण बहादुर टयाङ्ले ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६	**४. नाम : धिरज कुमार टयाङ्ले** ना.प्र.नं. २०-०१-७६-०५१४४, जि.प्र.का. सिन्धुली जारी मिति : २०७६/०७/१४ बाबुको नाम : कर्ण बहादुर बाजेको नाम : कृष्ण बहादुर टयाङ्ले ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६

धितोको विवरण

रिता टयाङ्लेको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ छ स्थित कित्ता नं. ३५३ को क्षेत्रफल ०-०-१४ (बिगाह) भएको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

क्र.सं. शाखा कार्यालय : परवानीपुर, बारा

ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१. **नाम : भन्नु प्रसाद यादव** ना.प्र.नं. ४५९३/४५८५, जि.प्र.का. बारा जारी मिति : २०६१/०३/०१ बाबुको नाम : लक्ष्मन राउत बाजेको नाम : सुरत राउत अहिर ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. १३, हाल : बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. २४	**नाम : सुनिता देवी यादव** ना.प्र.नं. ३३-०१-७४-०७४४६, जि.प्र.का. बारा जारी मिति : २०७४/०७/३० पतिको नाम : भन्नु प्रसाद यादव ससुराको नाम : लक्ष्मन राउत ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ३ हाल : बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. २४

धितोको विवरण

भन्नु प्रसाद यादवको नाममा मालपोत कार्यालय बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, ईनर्वासिरा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १०८३ को क्षेत्रफल ०-९-१५-० (बिघा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम, ठेगाना

२. **नाम : विजय कुमार कुर्मी**
ना.प्र.नं. ३४१०७८/७०८, जि.प्र.का. पर्सा, जारी मिति : २०६९/०३/२७
बाबुको नाम : मुक्ती प्रसाद कुर्मी, बाजेको नाम : ब्रहमदेव प्रसाद कुर्मी
ठेगाना : पर्सा जिल्ला, सुगौलीविर्ता वडा नं. ७, हाल : पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं. २६

जमानतकर्ताको विवरण

१. नाम : मुक्ती प्रसाद कुर्मी ना.प्र.नं. ९०६३१०२४, जि.प्र.का. पर्सा जारी मिति : २०३५/०७/०६ बाबुको नाम : ब्रहमदेव प्रसाद कुर्मी बाजेको नाम : नरसिह राउत ठेगाना : पर्सा जिल्ला, सुगौलीविर्ता वडा नं. ७ हाल : पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं. २६	**२. नाम : धनजय प्रसाद कुर्मी** ना.प्र.नं. ३४-०१-७२-०७०१५, जि.प्र.का. पर्सा जारी मिति : २०७२/११/३० बाबुको नाम : मुक्ती प्रसाद कुर्मी बाजेको नाम : ब्रहमदेव प्रसाद कुर्मी ठेगाना : पर्सा जिल्ला, बीरगंज उ.म.न.पा. वडा नं. २९ हाल : पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं. २६

धितोको विवरण

मुक्ती प्रसाद कुमीको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.पु. गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ४२० को क्षेत्रफल ०-०-१७-० (बिघा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

क्र.सं. शाखा कार्यालय : रूपनी, सप्तरी

ऋणीको नाम, ठेगाना

१. **नाम : अलउदिन मिया**
ना.प्र.नं. ८०१६१७६२, जि.प्र.का. सप्तरी, जारी मिति २०४५/०१/०५
बाबुको नाम : स्माइल मिया, बाजेको नाम : पुरन मिया
ठेगाना : सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं. ४, हाल : सप्तरी जिल्ला, कन्चनरुप न.पा. वडा नं. १२

जमानतकर्ताको विवरण

१. नाम : फुलो वि.वि. ना.प्र.नं. १७८, जि.प्र.का. सप्तरी जारी मिति : २०५८/०९/०८ पतिको नाम : अलउदिन मिया, ससुराको नाम : स्माइल मिया ठेगाना : सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं. ४ हाल : सप्तरी जिल्ला, कन्चनरुप न.पा. वडा नं. १२	**२. नाम : मो. मनाङग** ना.प्र.नं. १६-०२-७४-००१७९, जि.प्र.का. सप्तरी जारी मिति : २०७४/०१/२४ बाबुको नाम : अलउदिन मिया बाजेको नाम : स्माइल मिया ठेगाना : सप्तरी जिल्ला, कन्चनरुप न.पा. वडा नं. १२

धितोको विवरण

फुलो वि.वि. को नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं.४ घ स्थित कित्ता नं. ३४५, ३४३ र २४५ को क्षेत्रफल क्रमशः ०-०-२, ०-०-११.७५ र ०-०-१० (बिगाह) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिन्धुली, फोन नं. ०४७-५२१०९३
रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२, परवानीपुर, बारा, फोन नं. ०५१-४१००३१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

Lumbini Province Government
Ministry of Urban Development and Water Supply

Water Supply and Sanitation Office

Nepalgunj, Banke

Invitation for Bid (IFB)

(First date of publication: Bharda 13, 2082 (August 29, 2025)

Water Supply and Sanitation office, Banke invites open competitive bidding from eligible bidders for the Supply and delivery of pipes and fittings under National Competitive Bidding (NCB). Bidder can only apply bid electronically through e-procurement section of PPMO's Website.

S. N.	Contract Identification No.	Description	Estimate Amount NRs. (Without VAT & PS)	Price of Bid Document	Bid Security / Bid Bond
1	wssobanke/NCB/ Goods/2082-83/08	Supply and Delivery of PE-100(SDR) HDPE Pipe in Various WS Projects in Banke Package-4	25,81,952.22	3000	85000
2	wssobanke/NCB/ Goods/2082-83/09	Supply and delivery of Fittings in Various projects in Banke Package-1	37,06,370.17	3000	120000
3	wssobanke/NCB/ Goods/2082-83/10	Supply and delivery of Fittings in Various projects in Banke Package-2	49,10,742.80	3000	170000

For further information Please visit Water supply and Sanitation Office Banke (Tel:081-415202 email: wsso.banke@gmail.com) or PPMO web portal www.bolpatra.gov.np/egp

Office Chief

Badigad Rural Municipality
Office of the Rural Municipal Executive

Gwalichaur, Baglung, Gandaki Province

Invitation for Bids

Date of publication: 29-08-2025 AD. /2082/05/13 B.S

1. Badigad Rural Municipality, Baglung invites electronic bids from eligible bidders for the construction of following Works under National Competitive Bidding Procedures.

S. N	Contract No./ID	Name of Contract	Bid Document Fee (NRs.)	Bid Security (NRs)	Specific Key experience with average annual Construction Turnover (NRs)	Remarks
1.	BRM/NCB/ BW/02/ 2082/83	Construction of Shree Bhanu Secondary School (3rd stage)	5000/-	1500000/- (120 days)	1) Min. AACT : NRs. 78.00 millions (Best 3 yrs) 2)Min. experience of similar size and nature : NRs. 45.millions (1 no) 3)Key activities:- i.M25 concrete – 138 cum ii.Reinforcement – 30 MT iii.Brick Masonry-425 cum iv. Formworks – 2460 sq.m	1S2E
Deadline for Bid Submission : 28/09/2025				till 12.00 hrs		
Date/Time/Place of Bid Opening	28/09/2025 till 13.00 hrs, at Badigad Rural Municipality, Gwalichaur					
Account No. for Bid documents purchase	Name of Bank: Prabhu Bank Ltd. Name of Office : Badigad Rural Municipality, Gwalichaur Account Number : - 1420115804700071 (Rajaswa Khata)					
Account No. for Bid security deposit	Name of Bank: Prabhu Bank Ltd. Name of Office : Badigad Rural Municipality, Gwalichaur Account Number : - 1420115804700041 (Dharauti Khata)					

2. Eligible bidders may obtain further information and inspect the bidding document at Badigad Rural Municipality, Baglung or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remin the same as specified for the original last date of bid submission.
4. The office reserves the right to accept or reject any or all bids without assigning reasons, whatsoever.

Chief Administrative Officer
Badigad Rural Municipality

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०५/१३)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाण्डौं नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं. ५३२८२२९, ५३२४५३०
इमेल info@nimb.com.np
वेबसाइट www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साविक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय(समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : रामवती देवी साहु (लघु अधिविकर्ष कर्जा) -शाखा कार्यालय विराटनगर,** (ना.प्र.नं.९३१०२/९३१०३, मिति २०६१/०८/०८ मा जि.प्र.का.सुनसरीबाट जारी भएको), ठेगाना : छिटाहा ०५, सुनसरी बाबु : भटन साह, पति : विद्यानन्द साहु, ससुरा : धनराज साहु **व्यक्तिगत जमानीकर्ता :** **विद्यानन्द साहु** (ना.प्र.नं.५९४/८७७, मिति २०४६/०२/०४ मा जि.प्र.का.सुनसरीबाट जारी भएको), बाबु : धनराज साहु, बाजे : कारी साहु	५.	**ऋणी : रानी होटल (आवधिक कर्जा) -शाखा कार्यालय विराटनगर,** प्रा.फ.न.घ.उ.मो : १७३७९/०७७/०७८, ठेगाना : विराटनगर १६, मोरङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. कमला श्रेष्ठ -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.५६४२६, मिति २०५७/१२/०८ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) पति : रमेश कुमार श्रेष्ठ, ससुरा : श्याम कृष्ण श्रेष्ठ **२. रमेश कुमार श्रेष्ठ -जमानीकर्ता** (ना.प्र.नं.२/१४९१, मिति २०४५/०१/३१ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : श्याम कृष्ण श्रेष्ठ, बाजे : जित बहादुर श्रेष्ठ **३. सुष्मी श्रेष्ठ -जमानीकर्ता** (ना.प्र.नं.०५-०१-७५-०४०८४, मिति २०७५/०३/३१ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु: रमेश कुमार श्रेष्ठ, बाजे: श्याम कृष्ण श्रेष्ठ
२.	**ऋणी : रञ्जु जेनरल स्टोर (लघु आवधिक कर्जा) -शाखा कार्यालय विराटनगर,** प्रा.फ.र.नं : ३४५०३/०७७/७८, ठेगाना : विराटनगर म.न.पा. १०, मोरङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. रन्जु झा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.०५१०६६/२९७१, मिति २०६७/०५/३१ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), पति : ललन झा, ससुरा : भिम शंकर झा **२. ललन झा -जमानीकर्ता** (ना.प्र.नं. ज ०५३०७८/५, मिति २०६३/११/०३ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), बाबु : भिम शंकर झा, बाजे : कैलाश झा **३. रोहित कुमार झा -जमानीकर्ता** (ना.प्र.नं.०५-०१-७६-००९१८, मिति २०७६/०१/१० मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : ललन झा, बाजे : भिम शंकर झा	६.	**ऋणी : सेल्फी मोवाईल एण्ड ईलेक्ट्रोनिक्स (आवधिक कर्जा) -शाखा कार्यालय विराटनगर,** प्रा.फ.र.न.: ३२२६२/०७५/७६, ठेगाना: विराटनगर म.न.पा. ०९, मोरङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. उमेश कुमार भगत -जमानीकर्ता** (ना.प्र.नं.१४८८, मिति २०४२/०२/०८ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : गणेश कलवार भगत, बाजे : फकिरचन्द भगत **२. विनिता भगत -जमानीकर्ता** (ना.प्र.नं. ०५-०१-७४-०५४९६, मिति २०७४/०४/२५ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : उमेश कुमार भगत, बाजे : गणेश कलवार भगत **३. नंदिता देवी भगत -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.३०५०, मिति २०५५/०१/२९ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) पति : उमेश कुमार भगत, बाजे : गणेश कलवार भगत
३.	**ऋणी : एस.के.म : म हाउस (आवधिक कर्जा) -शाखा कार्यालय विराटनगर,** दर्ता नं. : ९/१४३०, ठेगाना : विराटनगर ०९, मोरङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. निलु केशरी -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. १४८७९, मिति २०६७/०६/१४ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) पति : सुरज कुमार केशरी, ससुरा : बिहारी लाल केशरी **२. सुरज कुमार केशरी -जमानीकर्ता** (ना.प्र.नं.८३८६८, मिति २०६१/०८/२९ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : बिहारी लाल केशरी, बाजे : गंगा केशरी	७.	**ऋणी : शुभ श्री होजियारी (आवधिक कर्जा) -शाखा कार्यालय विराटनगर,** प्रा.फ.न.घ.उ.मो. : १७१०७/०७७/०७८,ठेगाना : विराटनगर म.न.पा.११, मोरङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. मिना कुमारी साह -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३६२५०, मिति २०५५/०३/१६ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) पति : जामुन प्रसाद रौनिया, ससुरा : हरी हर प्रसाद गुप्ता **२. भरत प्रसाद रौनियार -जमानीकर्ता** (ना.प्र.नं.५३००८/१८३, मिति २०६३/१०/११ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : जामुन प्रसाद रौनियार, बाजे : हरी हर प्रसाद गुप्ता **३. मेघा रौनियार -जमानीकर्ता** (ना.प्र.नं.०५-०१-७६-००७९४, मिति २०७६/०१/०९ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : भरत प्रसाद रौनियार, बाजे : जामुन प्रसाद रौनियार
४.	**ऋणी : श्री बालाजी ट्रेडिङ्ग एण्ड सप्लायर्स (आवधिक कर्जा) -शाखा कार्यालय विराटनगर,** प्रा.फ.र.न.: ३४७३०/०७७/७८, ठेगाना: विराटनगर म.न.पा.०७, मोरङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. रिनादेवी शर्मा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.९१०१, मिति २०६४/०८/२० मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु: महाविर प्रसाद शर्मा, पति: कमलेश कुमार शर्मा, ससुरा: जगदिश प्रसाद शर्मा **२. कमलेश कुमार शर्मा -जमानीकर्ता** (ना.प्र.नं.११९२, मिति २०६४/०७/२७ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : जगदिश प्रसाद शर्मा, बाजे : मगनी राम शर्मा		

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०
शुक्रबार १३ भदौ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

गण्डकीका ११ खेलकुद विकास समितिका कार्यालय प्रमुखविहीन

कास्कीमा रोहितराज पराजुली

गण्डकी प्रदेशमा रहेको ११ जिल्लाका खेलकुद विकास समितिका कार्यालय प्रमुखहरूको जिम्मेवारी खोसिएको छ । प्रदेश खेलकुद परिषद्का सदस्यसचिव श्रीधर शर्माले कार्यालय प्रमुखको जिम्मेवारी नरहने गरी मंगलबार सबै खेलकुद विकास समितिका कार्यालय प्रमुखलाई पत्र पठाएका थिए । अहिले गोरखा, स्याङ्जा, कास्की, पर्वत, नवलपुर र बागलुङ, मनाङ, म्याग्दी, तनहुँ, लमजुङ र मुस्ताङका कार्यालय प्रमुखविहीन भएका हुन् ।

प्रदेश सरकारले ०७८ मा बनाएको नियमावलीअनुसार समितिको कार्यालय प्रमुख र लेखा हेर्ने अधिकारी प्रदेशको खेल हेर्ने मन्त्रालयले तोक्ने व्यवस्था छ । तर, पाँच वर्ष समय बित्दा पनि नियमावलीअनुसार कार्यालय प्रमुख र लेखा हेर्ने अधिकारी नतोकिएकाले सोही नियमावली कार्यान्वयन गर्न हाल कार्यरत प्रमुखहरूको जिम्मेवारी खोसिएको सदस्यसचिव शर्माले जानकारी दिएका छन् ।

मन्त्रालयले नै कार्यालय प्रमुख र लेखा हेर्ने अधिकारी पठाउने उनले बताए । नियमावली कार्यान्वयनमा नआउँदा खेलका प्रशिक्षकले नै कार्यालय प्रमुखका रूपमा काम गर्दै आइरहेका थिए । कार्यालय प्रमुख र प्रशिक्षणको दोहोरो भूमिका निर्वाह गर्दा खेलाडीको प्रशिक्षणमा यसको असर परेको शर्माले बताए । 'प्रशिक्षकहरूले पाँच वर्षदेखि जिल्ला खेलकुद विकास समिति कार्यालय प्रमुखका रूपमा काम गर्दै आइरहेका छन् । दोहोरो भूमिमा निर्वाह गर्दा यसको प्रत्यक्ष असर खेलाडीको प्रशिक्षणमा देखिएको छ । खेलाडीहरूको प्रशिक्षण प्रभावकारी बनाउन नै प्रशिक्षकलाई प्रशिक्षणमै फिर्ता बोलाउँदा कार्यालय प्रमुखविहीन भएको हो,' उनले भने ।

उनले नियमावली लागू गर्न पनि यस्तो कदम चालिएको बताए । 'नियमावली कार्यान्वयनका लागि खेलकुद विकास समितिका कार्यालय प्रमुखहरूको जिम्मेवारी मुक्त गरेका हौं । यसको जानकारी मन्त्रालयलाई पत्रमार्फत दिएका छौं,' उनले भने । गत ३१ साउन र २ भदौमा समितिका कार्यालय प्रमुखहरूलाई हटाउन परिषद्ले समितिकै पदाधिकारी र खेल संघसँग छलफल गरेको थियो ।

'यी दुवै छलफलमा नियमावलीअनुसार समितिको प्रमुख र लेखा हेर्ने अधिकारी तोक्दा राम्रो हुने निष्कर्ष आयो । प्रशिक्षकलाई प्रशिक्षणमै फर्काउँदा राम्रो भन्ने निचोड रह्यो,' शर्माले भने, 'यसकारण हाल प्रशिक्षकलाई फिर्ता बोलाइँदा कार्यालय प्रमुखविहीन भएको हो ।' प्रशिक्षक नै कार्यालय प्रमुख हुँदा प्रशिक्षणमा असर परेकाले प्रशिक्षणलाई सहज बनाउन पनि प्रमुखहरूलाई फिर्ता गरेको उनको भनाइ छ ।

परिषद्का सदस्यसचिव शर्माले ०७७ को प्रदेश खेलकुद विकास ऐन र ०७८ को खेलकुद विकास नियमावली छिट्टै लागू हुने बताए । 'हामी जिल्ला खेलकुद समितिलाई बलियो, व्यवस्थित बनाउन र सेवा प्रवाहलाई अझै प्रभावकारी बनाउन चाहन्छौं । अब प्रदेश खेलकुद विकास



नियमावली कार्यान्वयनमा नआउँदा खेलका प्रशिक्षकहरूले नै कार्यालय प्रमुखका रूपमा काम गर्दै आइरहेका थिए । प्रशिक्षकले दोहोरो भूमिका निर्वाह गर्दा यसको प्रत्यक्ष असर खेलाडीमाथि परेको छन्

ऐन, २०७७ र प्रदेश खेलकुद विकास नियमावली, २०७८ अनुसार कार्यालय कोडसमेतको व्यवस्था गर्छौं,' उनले भने, 'ऐनले नै सबै कुरा स्पष्ट गरेको छ । अब मन्त्रालय यसतर्फ अघि बढ्नेमा विश्वस्त छु ।' जिल्ला खेलकुद समितिको आर्थिक अवस्था दुरुस्त राख्न अर्थ मन्त्रालयसँग कार्यालय कोड माग गरिएको उनले बताए । उनका अनुसार लमजुङ र मुस्ताङमा पहिलेदेखि नै कर्मचारी रिक्त छन् ।

यसैबिच दसौं राष्ट्रिय खेलकुदको तयारी भइरहँदा कार्यालय प्रमुखलाई फिर्ता बोलाउने काम राम्रो नभएको सम्बन्धित खेलका पदाधिकारीले गरेका छन् । 'प्रमुखहरूलाई हटाइँदा अर्को व्यवस्था गरेको भए राम्रो हुने थियो । सबैलाई हटाएपछि समितिका अध्यक्षहरूले समेत आफूअनुकूलको व्यक्ति ल्याउन सक्छन्, कर्मचारीहरू सबै पार्टीका छन् । भाग लगाएर नयाँ मान्छे ल्याउने होला नि !' उनीहरूको भनाइ छ ।

मन्त्रालयमा नियमावली लागू गर्न छलफल

प्रदेश खेलकुद विकास नियमावली, २०७८ को नियम ११ (१)(ज) र १४ (३) मा जिल्ला खेलकुद समितिको कार्यालय प्रमुख सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले पठाउने व्यवस्था छ । प्रदेश सरकारअन्तर्गत जिल्लाका खेलकुद कार्यालयको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुने व्यवस्था नियमावलीले गरेको छ । मन्त्रालयका महाशाखा प्रमुख प्रकाश देवकोटाले जिल्ला खेलकुद समितिको संरचना व्यवस्थित गर्ने विषयमा मन्त्रालयमा लामो समयदेखि छलफल भइरहेको बताए । 'जिल्ला खेलकुदलाई व्यवस्थित बनाउने विषयमा खेलकुद मन्त्रालयमा विषय उठेको छ । ती कार्यालयलाई कार्यालय कोड र स्रोत-साधनसहित प्रमुखहरू पठाउने विषयमा गम्भीर छौं,' देवकोटाले भने ।

कार्यालय प्रमुखका विषयमा जानकारी छैन

● **विन्दुकुमार थापा**, मन्त्री, सामाजिक विकास, खेलकुद



नियमावलीअनुसार काम भएको रहेछ । तर, कार्यालय प्रमुखहरूको जिम्मेवारी खोसिएको विषयमा केही जानकारी छैन । कसैले यसबारे जानकारी गराएको पनि छैन । मसँग जिम्मेवारी खोस्ने निर्णयबारे सल्लाह भएकै छैन । हाल काठमाडौमा छु । के भएको रै'छ बुझ्दै छु ।

प्रशिक्षकहरूको नै दोहोरो भूमिका देखियो

● **श्रीधर शर्मा**, सदस्यसचिव, प्रखेप



प्रशिक्षकले नै जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको भूमिका निर्वाह गर्दै आइरहेका छन् । प्रशिक्षकहरूको दोहोरो भूमिका रहँदा यसको असर खेलाडीको प्रशिक्षणमा देखिएको छ । प्रशिक्षण प्रभावकारी बनाउन प्रशिक्षकलाई फिर्ता बोलाउँदा कार्यालय प्रमुखविहीन भएको हो । प्रदेश सरकारले ०७८ मा बनाएको नियमावलीअनुसार समितिको कार्यालय प्रमुख र लेखा हेर्ने अधिकारी युवा तथा खेलकुद मन्त्रालयले तोक्ने व्यवस्था छ । तर, पाँच वर्ष हुन लाग्दासमेत नियमावलीअनुसार कार्यालय प्रमुख र लेखा हेर्ने अधिकारी तोकिएको छैन । नियमावलीलाई कार्यान्वयन गर्न हाल कार्यरत रहेका प्रमुखहरूको जिम्मेवारी खोसिएको हो ।

■ एएफसी महिला च्याम्पियन्स लिग छनोट

खराब प्रदर्शनपछि एपिएफको सकियो सम्भावना



छनोट प्रतियोगितामा लगातार दुई हार सामना गरेको नेपालबाट प्रतिनिधित्व गरेको एपिएफ क्लब समूह 'बी'मा अंकविहीन

नयाँ पत्रिका

लगातार दोस्रो हार व्यहोरेपछि नेपालबाट प्रतिनिधित्व गरेको विभागीय टोली नेपाल एपिएफ क्लब एएफसी महिला च्याम्पियन्स लिगको छनोट चरणबाटै बाहिरिएको छ । लगातार दोस्रोपटक एएफसी महिला च्याम्पियन्स लिगको पहिलो चरणमा स्थान बनाएको एपिएफ दोस्रो प्रयासमा पनि समूह चरणभन्दा माथि पुगेन । छनोट चरणअन्तर्गत बिहीबार उज्वेकिस्तानको मार्काजी रंगशालामा थाइल्यान्डको कलेज अफ एसियन स्कलर्स फुटबल क्लबले एपिएफलाई ४-० ले पराजित गऱ्यो ।

स्कलर्सका लागि चारै गोल कानियानाथले गरेकी हुन् । उनले पहिलो तथा दोस्रो हाफमा समान दुई गोल गरिन् । लगातार दोस्रो जितसँगै स्कलर्स ६ अंकका साथ समूह 'बी'को शीर्ष स्थानमा छ । एपिएफ अंकविहीन छ । यसअघि एपिएफ पहिलो खेलमा उज्वेकिस्तानको एफसी नासाफसँग ३-० ले पराजित भएको थियो । स्कलर्सले साउदी अरेबियाको अल नासर क्लबलाई २-० ले हराएको थियो ।

अब, एपिएफले समूह चरणको अन्तिम खेलमा अगामी आइतबार अल नासरको सामना गर्नेछ । समूहको एक टोलीले मात्रै च्याम्पियन्स लिगमा स्थान बनाउनेछ । चेतन घिमिरेको प्रशिक्षणमा रहेको एपिएफ नेपालको लिग च्याम्पियनका रूपमा प्रारम्भिक छनोटमा सहभागी भएको हो । यसपटक एपिएफ महत्त्वपूर्ण दुई खेलाडी सावित्रा भण्डारी र प्रीति राईविना नै प्रतियोगितामा सहभागी भएको हो ।

सावित्रा र प्रीति विदेशी क्लबमा आबद्ध हुँदा एपिएफको अट्याकिङ थर्ड निकै कमजोर बन्यो । एपिएफले पहिलो तथा दोस्रो खेलमा गतिलो अवसर नै बनाउन सकेन । मिडफिल्डर

सोचेजस्तो खेल्न सकेनौं

● **चेतन घिमिरे**, प्रशिक्षक, एपिएफ



पहिलो हाफमा निकै राम्रो खेल भयो । तर, डिफेन्समा कमजोर हुँदा विपक्षीले दुई गोल गऱ्यो । यद्यपि, हामीले गोलका लागि राम्रो प्रयास नगरेका होइनौं । दोस्रो हाफमा सोचेजस्तो खेल्न सकेनौं । तर, केही अवसर पनि बनायौं । हामीले बारम्बार गल्ती गरिरह्यौं । पहिलो खेलको तुलनामा दोस्रो खेल राम्रो भयो ।

र डिफेन्सले पनि सोचेजस्तो प्रदर्शन गर्न नसक्दा एपिएफले लगातार दुई खेलमा हारको सामना गरेको हो ।

एपिएफका प्रशिक्षक घिमिरेले सोचेजस्तो खेल्न नसकेको प्रतिक्रिया दिए । 'पहिलो हाफमा राम्रो खेले । तर, अन्तिममा गोल खायौं,' घिमिरेले भने, 'दोस्रो हाफमा पनि राम्रो हुन सकेन । अब, अन्तिम खेल जित्न खेल्छौं ।'

प्रीतिआबद्ध इत्तिहादको जित

नेपाली राष्ट्रिय टोलीकी मिडफिल्डर प्रीति राईआबद्ध इत्तिहाद क्लबले एएफसी च्याम्पियन्स लिगको प्रारम्भिक चरणमा सङ्युसोर एसआई-एसियालाई ३-१ ले पराजित गरेको छ । हाङ जेबात रंगशालामा इत्तिहादलाई जित दिलाउन युजेनियाले दुई गोल गरेकी थिइन् । सिडालियाको नाममा एक गोल रह्यो । पहिलो जितसँगै समूह 'सी'को इत्तिहादले दुई खेलमा ३ अंक जोडेको छ । पहिलो खेलमा इत्तिहाद लायन सिटी साइलर्ससँग २-१ ले पराजित भएको थियो ।

दुवै अभ्यास खेलमा हाऱ्यो नेपाल

नयाँ पत्रिका

अस्ट्रेलिया भ्रमणमा रहेको नेपाली राष्ट्रिय क्रिकेट टोलीले बिहीबार खेलेका दुई टी-२० प्रतिस्पर्धामा हारको सामना गरेको छ । साउथ अस्ट्रेलियाले नेपालको राष्ट्रिय टोलीलाई दुईवटै खेलमा हराएको हो । पहिलो खेलमा ब्याटिङ गर्दै नेपालले २० ओभर नौ विकेटको क्षतिमा १४६ रन बनाएको थियो । प्रत्युत्तरमा साउथ अस्ट्रेलियाले २० ओभरमा सात विकेट गुमाएर १४७ रन बनाउँदै तीन विकेटको जित निकाल्यो ।

नेपालको ब्याटिङमा भीम सार्कीले सर्वाधिक ३२ रनको योगदान दिए । यसैगरी, दीपेन्द्रसिंह ऐरीले २६, आसिफ शेखले २२ र आरिफ शेखले २१ रन बनाए । बलिङमा साउथ अस्ट्रेलियाका चामबेल थमसन, थोमस ब्राउन र ह्यारी मनेन्टीले समान दुई विकेट लिए । साउथ अस्ट्रेलियाको ब्याटिङमा जेक विन्टरले ३६ रन जोडे । बलिङमा नेपालका सोमपाल कामीले तीन विकेट लिए । नन्दन यादवले २ विकेट हात पारे ।

दोस्रो खेलमा ३ रनले चुक्यो

साउथ अस्ट्रेलियाविरुद्ध दोस्रो अभ्यास खेलमा नेपाल ३ रनले पराजित भयो । पहिले ब्याटिङ गरेको साउथ अस्ट्रेलियाले १६० रन जोड्यो । प्रत्युत्तरमा नेपालले १५७ रन मात्र बनायो । साउथ अस्ट्रेलियाको ब्याटिङमा रायन किंगले सर्वाधिक ३४ रन बनाए । ड्यानियल ड्यु र ह्यारी मनेन्टीले समान २९ रनको योगदान दिए । बलिङमा नेपालका करण केसीले तीन विकेट लिए । शाहब अलामको नाममा दुई विकेट रह्यो ।

लक्ष्य पछ्याएको इनिङ्समा नेपालका लागि रूपेश सिंहले सर्वाधिक ३७ रन जोडे । उनले १९ बलमा तीन चौका र दुई छक्का प्रहार गरेका थिए । भीम सार्कीले २९ रनको योगदान गरे । साउथ अस्ट्रेलियाका थमसनले चार विकेट लिए । यसअघि मंगलबार नेपालले एसिटी अस्ट्रेलियाविरुद्धको दुवै अभ्यास खेल थियो । नेपालले अस्ट्रेलियामै भएको टप एन्ड सिरिजमा खराब नतिजा निकालेको थियो ।

■ महिला लिग छनोटमा रिएलेको चौथो हार



काठमाडौं/ एन्फा राष्ट्रिय महिला लिग छनोटअन्तर्गत बिहीबार भएको पहिलो खेलमा राप्ती फुटबल क्लबले च्यासल मैदानमा एफसी रिएलेलाई ४-० ले पराजित गरेको छ । राप्तीलाई जित दिलाउन डिना नेपालीले दुई गोल गरिन् । डिनाले खेलको ५४औं र ५९औं मिनेटमा व्यक्तिगत दुई गोल गरेकी हुन् । जितसँगै राप्तीले चार खेलबाट ७ अंक जोडेको छ । रिएले भने लगातार चौथो खेलमा पराजित हुँदै अंकविहिन छ ।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

चौथो डिभिजनको टाउनसँग म्यानचेस्टर स्तब्ध

एजेन्सी

म्यानचेस्टर युनाइटेडले नयाँ सिजन २०२५/२६ का लागि खेलाडी भित्र्याउन राम्रो लगानी गरेको छ । तर, लगानीअनुसार नतिजा निकाल्न चुकेको छ । इंग्लिस प्रिमियर लिगको पहिलो खेलमा पराजित हुँदै म्यानचेस्टरले खराब सुरुवात गऱ्यो । बुधबार राति म्यानचेस्टरले लिग कपको दोस्रो चरणमा चौथो डिभिजनको क्लब ग्रिम्सबी टाउनविरुद्ध प्रतिस्पर्धा गरेको थियो । आफूभन्दा निकै कमजोर प्रतिद्वन्द्वीसँग म्यानचेस्टर पेनाल्टी सुटआउटमा १२-११ ले स्तब्ध भयो । यससँगै म्यानचेस्टर लिग कपबाट बाहिरिएको छ ।

खेलको पहिलो हाफमै टाउनले घरेलु मैदानको फाइदा लिँदै २-० को अग्रता लिएको थियो । खेलमा उत्कृष्ट पुनरागनम गर्दै म्यानचेस्टरले दोस्रो हाफमा दुई गोल फर्काएको थियो, तर पेनाल्टी सुटमा हारको सामना गऱ्यो । हारसँगै म्यानचेस्टरका प्रशिक्षक रुबेन अमोरिमले चर्को आलोचना सामना गरेका छन् । उनले खराब प्रदर्शनका कारण क्लबले लज्जास्पद हारको सामना गरेको स्विकारेका छन् । 'चौथो डिभिजन क्लबविरुद्ध उत्कृष्ट प्रदर्शन गर्न सकेनौं ।

हारको सबै जिम्मेवारी लिन्छु,' उनले भने, 'वास्तवमै विपक्षी टोली तुलनात्मक रूपमा कमजोर थियो, तर हामीले क्षमताअनुसार प्रतिस्पर्धा गरेनौं ।' निर्धारित ९० मिनेट र थप गरिएको समयमा म्यानचेस्टर र टाउनले २-२ को बराबरी खेलेका थिए ।

खेलको नतिजा टाइब्रेकरबाट भयो । यसमा टाउनले शीर्ष डिभिजनको म्यानचेस्टरमाथि सनसनी जित निकाल्दै तेस्रो चरणको स्थान पक्का गऱ्यो । प्रतिस्पर्धामा म्यानचेस्टरले टाउनमाथि एकपक्षीय दबाब राखेको थियो ।



टाउनले प्राप्त दुई अवसरमा गोल गरेको थियो । म्यानचेस्टरले विपक्षीको पोस्टमा २८ वटा शक्तिशाली प्रहार गऱ्यो । यसविरुद्ध टाउनले म्यानचेस्टरको पोस्टमा १० पटक मात्र पोस्ट चार्ज गरेको थियो । प्रतिस्पर्धामा म्यानचेस्टरले ७१ प्रतिशत बल पोसेसन राखेको थियो । टाउनले खेल अवधिभर २ ९ प्रतिशत मात्र बलमाथि नियन्त्रण राखेको थियो । सबै पक्षमा बलियो हुँदाहुँदै म्यानचेस्टर दोस्रो चरणबाटै बाहिरिएपछि समर्थक दुःखी भएका छन् । समर्थक र क्लबका पूर्वखेलाडीले प्रशिक्षक रुबेनको आलोचना गरेका छन् ।

सिजन २०२५/२६ का लागि खेलाडी भित्र्याउन राम्रो लगानी गरेको म्यानचेस्टर युनाइटेड लिग कपको दोस्रो चरणमा ग्रिम्सबी टाउनसँग टाइब्रेकरमा १२-११ ले पराजित

खेलमा धेरै कमजोरी

प्रशिक्षक रुबेलले प्रतिस्पर्धामा आफूहरूले निर्धारित र अतिरिक्त समयमा धेरै गल्ती गरेको बताएका छन् । उनले खेलाडीहरूले आशा गरेअनुसार प्रतिस्पर्धा गर्न नसकेको बताए । 'नसोचेको नतिजा निकाल्यौं । हार स्विकार्नुको विकल्प छैन,' उनले भने, 'हामीले समर्थकसँग माफी माग्नैपर्छ । आगामी दिनमा राम्रो नतिजा निकाल्न परिवर्तनको खाँचो देखिन्छ ।' तुलनात्मक रूपमा म्यानचेस्टर सबै पक्षमा बलियो भए पनि फिनिसिङमा अत्यन्तै कमजोर भएको प्रशिक्षक रुबेलले बताए । 'हाम्रा खेलाडी राम्रो खेले पनि फिनिसिङमा चुकेका देखिन्छन् ।

हामीभन्दा पनि स्तरीय प्रदर्शन टाउनका खेलाडीले गरे,' उनले भने, 'राम्रो प्रदर्शन र फिनिसिङ गोल गर्न सक्ने टोली नै जितको हकदार हो । सुरुदेखि उनीहरू दबाबमुक्त थिए ।' अब टाउनले सेफिल्ड वेडनसडेको सामना गर्नेछ । यसैगरी, आर्सनल, चेल्सी, म्यानचेस्टर सिटी, टोटनहयाम पनि तेस्रो चरणमा पुगेका छन् ।

खेल संक्षेप

नेपालले स्क्रेबल विश्व युथ खेल्ने

काठमाडौं/ नेपालले मलेसियाको क्वालालम्पुरमा आयोजना हुने विश्व युथ स्क्रेबल च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने भएको छ । प्रतियोगितामा सहभागिता जनाउन बिहीबार १४ खेलाडीसहित १८ सदस्यीय नेपाली टोली त्यसतर्फ प्रस्थान गरेको छ । नेपाली टोलीमा अर्नव पाण्डे, प्रसिद्ध तिमल्सिना, नीराजन पौडेल, प्रियन दाहाल, नित्यन्त चौलागाईं, त्रिसंगी श्रेष्ठ, सम्यम केसी र जेशिका श्रेष्ठ छन् । यसैगरी, खुसी श्रेष्ठ, युव श्रेष्ठ, तुसान खतिवडा, आयाम सापकोटा, आदित्यजंग मल्ल र सम्यम शर्माले नेपालको चुनौती प्रस्तुत गर्नेछन् । यू-१६ उमेर समूहको प्रतियोगितामा २४ चरणका खेल हुनेछन् ।



विश्व इंग्लिस स्क्रेबल प्लेयर एसोसिएसन (वेस्पा)को आयोजनामा हुने प्रतियोगितामा नेपाली टोलीका प्रशिक्षकमा अर्जुन पाण्डे, प्रशान्त दाहाल र विनय श्रेष्ठ छन् । राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले टोलीको बिदाइ गरेका छन् । स्क्रेबल क्लब प्रदेश खेलकुद परिषद्, गण्डकीमा दर्ता रहेको क्लबका अध्यक्ष केशवप्रसाद पराजुलीले जनाएका छन् । स्क्रेबल अक्षरबाट शब्द बनाएर खेलिने खेल हो ।

लिटिल एन्जल्सको जित

काठमाडौं/ लिटिल एन्जल्सले ३१औं ज्ञान कार्निभलअन्तर्गत पुरुष फुटबलमा मल्पीलाई ६-१ ले पराजित गरेको छ । लिटिल एन्जल्सका लागि स्मिथ रावतले तीन गोल गरे । बिहीबार भएको अर्को खेलमा आयोजक ज्ञानोदय र द एक्सेल्सियर स्कुलले १-१ को बराबरी खेले । महिला बास्केटबलमा आयोजक ज्ञानोदय, दीक्षालय, केएमसी, रिब्स र बौद्ध इन्टरनेसनल क्वार्टरफाइनलमा पुगेका छन् । पुरुष बास्केटबलमा ज्ञानोदय, जेम्स, ज्ञान निकेतन, पुष्पसदन र बाल दीक्षा सदनले प्रिक्वार्टरफाइनल स्थान पक्का गरेका छन् ।

बागमती सेमिफाइनलमा

काठमाडौं/ बागमती बोर्डिङ स्कुल दोस्रो टाइमलाइन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ । बिहीबार भएको खेलमा बागमतीले लर्डस् लाइट एकेडेमीलाई १४-८ ले पराजित गऱ्यो । प्रतियोगितामा नेमोनिक मोर्डन एकेडेमी, बाल संसार र काठमाडौं जेभियर्स पब्लिक स्कुल पनि अन्तिम चारमा पुगेका छन् । नेमोनिकले भेनस पब्लिक स्कुललाई १९-१५ ले हरायो । बाल संसारले विट्स एकेडेमीलाई १४-१२ ले पाखा लगायो । काठमाडौं जेभियर्स पब्लिक स्कुलले यङ हार्टस्माथि १३-६ ले जित निकाल्यो ।

ग्रिनल्यान्ड र न्युटन अन्तिम चारमा

काठमाडौं/ ग्रिनल्यान्ड र न्युटन १९औं ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन् । घरेलु कोर्टमा ग्रिनल्यान्डले इडेन ब्रिज एकेडेमी (इबिए)लाई २४-१६ ले पराजित गऱ्यो । ग्रिनल्यान्डको जितमा आहाना खड्काले ७ स्कोर योगदान गरिन् । आइरिन राणाको ६ स्कोरको सहयोगमा न्युटनले फेरिल्यान्डलाई १७-१६ को साँघुरो अन्तरले हरायो । सिनियर पुरुषमा किङडमले जिनियस वर्ल्डलाई ४६-३५ तथा न्युटनले भ्याली पब्लिकलाई ५८-४५ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे । किङडमका मिड्मा लामाले २० तथा न्युटनका उज्ज्वल श्रेष्ठले २१ स्कोर गरे । जुनियर पुरुषमा जेबी स्कुल सेमिफाइनलमा पुगेको छ । जेबीले लालीगुराँस नेसनल एकेडेमीलाई १९-१३ ले पन्छायो ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com